# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना
# Local Disaster and Climate Resilience Plan (LDCRP)

**२०८१/८२ देखि २०८५/२०८६ सम्म**

**भैरबी गाउँपालिका**
**भैरीकालिकाथुम, दैलेख, कर्णाली प्रदेश, नेपाल**

**सहयोग**

unicef

# भैरवी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## भैरीकालिकाथुम, कर्णाली प्रदेश, नेपाल

### अध्यक्षको भनाइ

नेपालमा भुकम्प,वाढी,पहिरो ,चट्याङ, असिनाआगलागी ,महामारी आदी प्रकोपहरु र जलवायु परिवर्ततनको असर ले ठुलो क्षति पुऱ्याउदै आएको छ । दैलेख जिल्लाको भैरवी गाउँपालिका पनि वहु प्रकोप को जोखिमयुक्त गाउँपालिका हो । यस गाउँपालिकाका ७ वटै वडाहरुमा गरिएको नक्साङ्कन का आधारमा वाढी,पहिरोको प्रकोप का साथै आगलागी,हावाहुरी, बन्यजन्तु,रोगकिरा,चट्याङ,असिनापानी ,खडेरी र महामारी लगायतका प्रकोपहरु पहिचान गरीएको छ । यी प्रकोपहरु वाट सिर्जित विपदले वर्षेनी जनधनको क्षति गर्ने गरेको छ । यसका अलावा विपदका घटनाले महिला,वालवालिका,अपाङ्गता भएका व्यक्तिहरु,वृद्धवृद्धा तथा विपन्न वर्गलाइ अझ वढि प्रभावित गरेको छ ।

यसै कुरालाइ मध्यनजर गरी गाउँपालिकाले विपद जोखिमलाइ न्युनीकरण गर्न यो ***"स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना" तयार गरिएको छ ।*** यो योजना तयार गर्दा स्थानिय सरकार सञ्चालन ऐन २०७४,विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ ले निर्दिष्ट गरेका विधि तथा प्रक्रिया लाइ अवलम्वन गरिएको छ । यसका अतिरिक्त योजना तयारीको क्रममा गाउँपालिकाका ११ वटै वडामा सूचना संकलन तथा वडागत जोखिम नक्साङ्कन गरी प्राप्त सुचनाको आधारमा पार्श्वचित्रको तयार गरिएको थियो । जोखिम पार्श्वचित्रको आधारमा जनप्रतिनिधि तथा सरोकारवाला विच छलफल गरी विपद जोखिम न्युनिकरण र व्यवस्थापनका क्रियाकलाप निर्धारण गरी मस्यौदा निर्माण र योजनालाइ अन्तिम रुप दिइएको थियो । आशा छ यो योजनामा उल्लेख गरिएका क्रियाकलापहरुको कार्यान्वयन वाट गाउँपालिकामा विपदवाट हुने क्षति न्युनिकरण भइ विपद उत्थानशिल गाउँपालिका निर्माण मा सहयोग पुग्ने छ ।

योजनामा उल्लेख गरिएका योजना तथा क्रियाकलापहरुलाइ गाउँपालिकाको आवधिक तथा वार्षिक योजनमा समावेश गरी वजेट विनियोजन सहित प्राथमिकताका साथ कार्यान्यन गरिने छ । साथै थप सहयोगका लागी संघ,प्रदेश सरकार तथा अन्य निकायसंग समन्वय र सहकार्य गरिने छ ।

अन्तमा योजना निर्माणमा उल्लेख योगदान गर्नुहुने गाउपालिका उपाध्यक्ष, कार्यपालिका सदस्यहरु,वडाध्यक्ष लगायत सम्पुर्ण जनप्रतिधिहरु, गाउँपालिकाका कर्मचारीहरु,सुरक्षा निकायलगायत सम्पुर्ण लाइ धन्यवाद दिन चाहन्छु । यी योजना तयार गर्न प्राविधिक सहयोग गर्नुहुने परामर्शदाता श्री विकिरण गौतम तथा आर्थिक तथा प्राविधिक सहयोग गर्ने युनिसेफ नेपाललाइ पनि विशेष धन्यवाद दिन चाहन्छु ।

रीता कुमारी शाही

गाउँपालिका अध्यक्ष तथा अध्यक्ष स्थानिय विपद तथा जलवायु उत्थानशिल समिति

भैरवी गाउँपालिका दैलेख

# **खण्ड क :** स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

योजनाको नाम : **स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना Local Disaster and Climate Resilience Plan (LDCRP)**

तयार गरिएको वर्ष : २०८०

योजनाको अवधि : **२०८१/८२ देखि २०८५/२०८६ सम्म**

तयार गर्ने : **भैरवी गाउँपालिका दैलेख**

सहयोग : **युनिसेफ नेपाल**

## विपद् व्यवस्थापनमा प्रयोग हुने केही महत्वपूर्ण शब्दावली

| नेपाली शब्द | अंग्रजी शब्द |
|---|---|
| भवन निर्माण संहिता | Building Code |
| क्षमता | Capacity |
| क्षमता विकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| आपत्कालीन व्यवस्थापन | Emergency Management |
| सामना क्षमता | Coping Capacity |
| विपद | Disaster |
| विपद्जोखिम | Disaster Risk |
| विपद व्यवस्थापन | Disaster Management |
| विपद जोखिम व्यवस्थापन | Disaster Risk Management |
| पूर्व चेतावनी प्रणाली | Early Warning System |
| बातावरणिय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पुर्वानुमान | Forecast |
| प्रकोप | Hazard |
| पुर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |
| पुर्नलाभ | Recovery |
| उत्थानशील | Resilience |
| प्रतिकाय | Response |
| प्रबलीकरण | Retrofiting |
| जोखिम | Risk |
| जोखिम विश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| सङ्कटासन्न ⁄ सङ्कटासन्नता | Vulnerable/Vulnerability |

# भैरवी गाउँपालिकाको श्रोत नक्सा



## विषय सूची


**परिच्छेद १ : गाउँपालिकाको परिचय**

१.१ परिचय

१.२ भौगोलिक अवस्था

१.३ भौगोलिक सीमाना

१.४ भू-उपयोगको अवस्था

१.५ जलवायुको अवस्था

१.६ प्राकृतिक स्रोत साधन

१.७ पेसा तथा रोजगारीको अवस्था

१.८ यातायात तथा सञ्चारको अवस्था

१.९ जनसङ्ख्याको विवरण

१.१० अपाङगताका आधारमा जनसंख्या

**परिच्छेद २ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको परिचय**

२.१ पृष्ठभुमी

२.२ योजनाको आवश्यकता तथा महत्व

२.३ योजना तर्जुमा प्रक्रिया विधि

२.४ योजनाको सिमा

२.५ योजना कार्यान्वयन रणनीति

**परिच्छेद - ३ : प्रकोप, संङ्कटासन्नता, सम्मुखता र क्षमता विश्लेषण**

३.१ वडागत प्रकोप पहिचान तथा स्तरीकरण

३.२ जोखिम नक्साङ्कन

३.३ विपदको ऐतिहासिक समय रेखा

३.४ वडाको संकटासन्न विश्लेषण

३.५ पात्रोहरु (प्रकोपपात्रो, मौसम पात्रो र वाली र पात्रो)

३.६ प्रकोपको कारण र असर विश्लेषण

३.७ संस्थागत विश्लेषण रोटी चित्र (भेन डायग्राम)

३.८ संस्थागत विश्लेषण

३.९ श्रोत सामाग्रीको विश्लेषण

३.१० परम्परागत ज्ञान र सीप विश्लेषण

३.११ जलवायू परिवर्तनको प्रभाव विश्लेषण
३.१२ जिविकोपार्जन विश्लेषण

## परिच्छेद ४ : प्रकोप जोखिमविश्लेषण :

४.१ भूकम्पको जोखिमविश्लेषण
४.२ बाढी /पहिरोको जोखिमविश्लेषण
४.३ आगलागीको जोखिमविश्लेषण
४.४ हावाहुरीको जोखिम विश्लेषण
४.५ बन्यजन्तुको जोखिमविश्लेषण
४.६ रोगकिराको जोखिमविश्लेषण
४.७ चट्याङ को जोखिमविश्लेषण
४.८ असिनापानीको जोखिम विश्लेषण
४.९ खडेरीको जोखिम विश्लेषण
४.१० महामारीको जोखिम विश्लेषण
४.११ गाउँपालिकाको मूख्य प्रकोप र जोखिम वस्ति हरु

## परिच्छेद ५ : दिर्घकालिन सोंच, लक्ष्य, उद्देश्य, तथा रणनीति र योजना

५.१ दिर्घकालिन सोंच
५.२ परिकल्पना
५.३ ध्येय
५.४ लक्ष्य
५.५ उद्देश्य
५.६ रणनीति
५.७ कार्यान्वयन कार्यनीति
५.८ स्थानीयविपद् तथाजलवायु उत्थानशील कार्यक्रमहरु (क्रियाकलापहरू)
५.८.१ नीतिगत, जनचेतनातथा समुदायको क्षमताअभिवृद्धि सम्वन्धि क्रियाकलापहरु
५.८.२ जोखिमन्यूनीकरण : रोकथाम, अल्पीकरण र अनुकूलनका कार्यहरु
५.८.२.१ भुकम्पको जोखिम न्यूनिकरण सर्न्दभमा
५.८.२.२ बाढी /पहिरोको जोखिम न्यूनिकरण सर्न्दभमा
५.८.२.३ आगलागीको जोखिम न्यूनिकरण सर्न्दभमा
५.८.२.४ हावाहुरीको जोखिम न्यूनिकरण सर्न्दभमा

५.८.२.५ वन्यजन्तुको जोखिम न्यूनिकरण सर्न्दभमा

५.८.२.६ रोगकिराको जोखिम न्यूनिकरण सर्न्दभमा

५.८.२.७ चट्याङको जोखिम न्यूनिकरण सर्न्दभमा

५.८.२.८ असिनापानीको  जोखिम न्यूनिकरण सर्न्दभमा

५.८.२.९ खडेरीको जोखिम न्यूनिकरण सर्न्दभमा

५.८.२.१० महामारीको जोखिम न्यूनिकरण सर्न्दभमा

५.८.३ जलवायु परिवर्तन तथा अनुकुलनका कार्यहरु

५.८.४ पुर्नलाभ अन्तरगतका अर्न्तगत पुर्नस्थापना र पुनर्निर्माणका कार्यहरु

५.८.४.१ भुकम्पको संदर्भमा पुर्नलाभ अन्तरगतका कार्यहरु

५.८.४.२ पहिरोको संदर्भमा पुर्नलाभ अन्तरगतका कार्यहरु

५.८.४.३ बाढीको संदर्भमा पुर्नलाभ अन्तरगतका कार्यहरु

५.५ आवश्यक पर्ने श्रोत सामाग्री आंकलन

**परिच्छेद ६ : लागत अनुमान तथा श्रोत ब्यवस्थापन,समन्वय,अनुगमन,समिक्षा र मुलप्रवाहिकरण :**

६.१ लागत अनुमान

६.२ समन्वय र सहकार्य

६.३ लैंगिक समानता र सामाजिक समावेशीकरण

६.४ आवधिक विकास योजनामा मूलप्रवाहीकरण

६.५ स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रियामा मूलप्रवाहीकरण

६.६ योजनाको अनुगमन, मूल्याङ्कन, प्रतिवेदन,अद्यावधिक  र सिकाइ

## तालिका सुची

तालिका १ : गाउँपालिकाको वडागत क्षेत्रफल विवरण

तालिका २ : भुउपयोगको विवरण

तालिका ३ : वडागत जनसंख्या विवरण

तालिका ४ : अपाङ्गताको विवरण

तालिका ५ : प्रकोप स्तरिकरण

तालिका ६ : वडाहररुमा गरिएको प्रकोप अनुसारको कुल अंक

तालिका ७ : विपदको ऐतिहासिक समय रेखा (Historical Time Line)

तालिका ८ : वडा अनुसार संकटासन्नता स्तरिकरण

तालिका ९  : प्रकोप पात्रो

तालिका १० : मौषम पात्रो

तालिका ११ : वाली पात्रो

तालिका १२ : प्रकोपको कारण र असर विश्लेषण

तालिका १३ : संस्थागत विवरण

तालिका १४ : श्रोत सामाग्री

तालिका १५ : जोखिम न्यूनीकरणकालागि गरिएका स्थानिय प्रयासहरु

तालिका १६ : जलवायू परिवर्तनेल गर्दा ल्याएका प्रभावहरु

तालिका १७ : जिविकोपार्जन सिपहरु

तालिका १८ : गाउँपालिकाको मूख्य प्रकोप र जोखिम वस्ति हरु

तालिका १९ : प्रतिकार्यकालागी आवस्यक सामाग्री

**अनुसुचीहरु**

अनुसुची १ : जोखिम नक्साङकन

अनुसूची २ : प्रकोपको आधारमा वडागत जोखिमको सुचना संकलन

अनुसुची ३ : स्थानिय विपद व्यवस्थापन समिति

अनुसुची ४ : निकायगत स्रोत सामाग्री

## परिच्छेद १ : गाउँपालिकाको परिचय

### १.१ परिचय :

नेपालको कर्णाली प्रदेश अन्तर्गत पर्ने दैलेख जिल्लामा अवस्थित भैरवी गाँउपालिका नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम कायम भएका गाउँपालिका, गाउँपालिका मध्ये एक हो । यस क्षेत्रको प्रसिद्ध धार्मिक स्थलको रुपमा रहेको भैरबी मन्दिरको नामवाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । जैविक विविधता र पहाडहरुले घेरेको भैरबी गाँउपालिकामा साविक रावतकोट, भैरीकालिकाथुम,कुसापानी,कांशीकाध गा.वि.स. को वडा नं ८ र दुल्लु गाउँपालिकाको १० नं वडाको भु-भाग ओगेटेर बनेको छ । यस गाँउपालिकाको कुल क्षेत्रफल ११०.४६ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिको केन्द्र साविकको भैरिकालिकाथुम मा रहेको छ । जम्मा ७ वडाहरुमा विभाजन गरिएको यो गाउँपालिका  स्थानिय तहको पुर्नसंरचना भइ २०७३ फागुन २७ गते गठन भएको हो । विविधतापूर्ण जातीय पहिचान रहेको  यस गाँउपालिकाका स्थानीय बासिन्दाको आम्दानीको मुख्य श्रोतहरूमा कृषि,व्यापार, व्यवसाय, नोकरी, साना तथा मझौला उद्योगहरू र विकल्पको रूपमा वैदेशिक रोजगारी पनि एक हो । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस गाउँपालिकामा आधारभूतदेखि माध्यमिक तहसम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूरहेका छन् । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा मगर, बाहुन, क्षेत्री, ठकुरी, दलित, जनजाती, दलित तथा मुस्लिम समुदायको बसोवास रहेको छ र विभिन्न चाडपर्व मनाउने गरिन्छ । भैरवी गाउँपालिका दैलेख जिल्लाको पंचकोशी क्षेत्रमा अवस्थित एक सुन्दर र प्राकृतिक श्रोतले सम्पन्न गाउँपालिका हो ।

**तालिका : १ गाउँपालिकाको वडागत क्षेत्रफल विवरण**

| वडा नं. | साविक गा.वि.स | साविक वडा | क्षेत्रफल वर्ग कि.मि. |
|---|---|---|---|
| १ | रावतकोट | ५,६,७,८,९ | 13.75 |
| २ | रावतकोट | १,२,३,४ | 7.37 |
| ३ | दुल्लु | १० | 14.11 |
| ४ | भैरीकालिकाथुम | १,२,४,५,६, | 8.95 |
| ५ | भैरीकालिकाथुम | ३,७,८,९ | 11.48 |
| ६ | कुशापानी र काशीकाध | १,२,३,४ र ८ | 9.05 |
| ७ | कुसापानी | ५,६,७,८,९ | 45.75 |
| | **जम्मा** | | **110.46** |

*श्रोत :संघियमामला तथा सामान्य प्रशासन मन्त्रालय*

### १.२ भौगोलिक अवस्था :

यो गाउँपालिको नेपालको कर्णाली प्रदेश अन्तरगत दैलेख जिल्लामा पर्दछ । यो गाउँपालिका विश्व मानचित्रमा यस गाउँपालिकाको भौगोलिक अवस्थिति देशान्तरः ८१° ३४' ५१" देखि ८१° ४२' १२.८२" अक्षाशं २८° ५०' २४.२६" देखि २९° ३' ०.२५" सम्म फैलिएको छ (GIS Calculation) । उचाईको हिसावले यो गाउँपालिका समुद्र सतहबाट ७६० मिटर देखि ३४०० मिटर सम्मको उचाइमा अवस्थित छ । यो गाउँपालिकाको जम्मा क्षेत्रफल ११०.४३ वर्ग किलोमिटर रहेको छ भने जनघनत्व २२६.८७ प्रति वर्गकिलोमिटर रहेको छ ।

### १.३ भौगोलिक सीमाना :

यस गाँउपालिकाको पूर्वमा महाबु गाउँपालिका र नारायण गाउँपालिका, पश्चिममा ठाँटीकाध गाउँपालिका र चामुण्डा विन्द्राशैनी गाउँपालिका, उत्तरमा कालिकोट जिल्ला र दक्षिणमा दुल्लु गाउँपालिका रहेका छन ।

### १.४ भू-उपयोगको अवस्था :

दैलेख जिल्लामा पर्ने यो गाउँपालिकाको भू-क्षेत्र विवधतायुक्त छ । यस गाउँपालिकामा झन्डै ३३.७४ व.किमि. ( २०.५५ प्रतिशत )खेति योग्य जमिन रहेको छ भने वन क्षेत्र ५५.५७ ब.कि.मि.( ५०.३२ प्रतिशत), झाडी,बुट्यान ११.६९ ब.कि.मी.(१५.७० प्रतिशत),घाँसे तथा खर क्षेत्र ७.३९ व.कि.मी.(६.६९ प्रतिशत) र नदी खोला,बगर र अन्य १.७४ ब.कि.मी.(३.३० प्रतिशत ) रहेको छ । यस गाउँपालिकाले भु उपयोगको निति निमार्ण गरि अगाडी बढ्न सके विकासमा फड्को मार्ने सम्भावना प्रसस्तै छ । गाउँपालिकाको भूउपयोगको अवस्था यस प्रकार रहेको छ ।

**तालिका २ : भुउपयोगको विवरण**

| क्र.स. | विवरण | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ३३.७४ | ३०.५५ |
| २ | बनजंगल | ५५.५७ | ५०.३२ |
| ३ | झाडी,बुट्यान | ११.६९ | १०.५८ |
| ४ | घाँसे तथा खर क्षेत्र | ७.३९ | ६.६९ |
| ४ | नदी ,खोला,बगर र अन्य | १.७४ | १.१३ |
| **जम्मा** | | **११०.४३** | **१००** |

*स्रोत : भैरवी गाउँपालिकाको पार्श्वचित्र २०७६*

### १.५ जलवायुको अवस्था :

जलवायुको दृष्टिले भैरवी गाउँपालिकामा उष्ण तथा समशितोष्ण प्रकारको हावापानी पाइन्छ । प्रदेशीय हावापानी पाईयता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विन को सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हन्छ । जेष्ठको अन्त्यदेखि आश्विनकोसुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । दैलेख जिल्लाको औषत अधिकतम तापक्रम ४० डिग्री र न्यनतम तापक्रम ६ डिग्री सम्म रहन्छ भने बार्षिक औषत बर्षा १७०० मिलिमिटर सम्म रहन्छ । यस गाउँपालिको हावापानीलाइ यसकै आधार मानिएको छ ।

### १.६ प्राकृतिक स्रोत साधन :

गाउपालिकाको क्षेत्रमा साल, सल्ला,धुपीसल्ला,तेलपहारो,उत्तिस,सिसौ, मसला, लहरे पिपल,जामुन, अमला,बाँस, र्‍याज,बाँज,गुराँस,श्रीखण्ड,रक्तचन्दन,आदी मुख्य वनस्पतिहरु पाइन्छन । यहा विभिन्न प्रजातिका स्तनधारी जीवहरु जस्तै बदेल, चितुवा, बन बिरालो,मृग,सेतोबादर,लंगुर जस्ता जनावरहरु र घस्रने जातका प्राणीमा सर्प, छेपारो,साल्घारे,मौसुली,रातो टाउको छेपारो सवभन्दा वढी पाइन्छन् । यस क्षेत्रमा भ्यागुता जस्ता उभयचर हरु पनि पाइन्छन्त्यस्तैलांचे, जुरेली, काग, भगेरो, कालिज,ढाफे, सुगा, ढुकुर, चिवे, रानीचरा,वन कुखूरा लगायत प्रजातिका पंक्षीहरुको वासोवास रहेको छ । माछा हरुमा असला, धामी र बाम पाइन्छन । साथै यी क्षेत्रहरु कुनै पनि राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष तथा संरक्षित क्षेत्रहरु भित्र पर्दैनन् ।

यस गाउँपालिकाको छमागाड खोला मुख्य खोला हो भने कुरे खोला,गणजुला, लम्जेल खोला लगायतका खोलानाला रहेका छन । खोलानालाहरुले यस क्षेत्रको सिंचाई तथा आवस्यक पिउने तथा अन्य प्रयोजन को पानीको आवस्यकतालाइ पुर्ति गरेका छन भने खोलामा बाढी आउदा विपद्को जोखिम पनि हुने गरेको पाइन्छ । गाउँपालिकामा रहेको वन जंगलले घांसपात तथा दाउराको आपुर्तिमा सहयोग पुगेको छ । बन क्षेत्र फडानी हुदै गएकाले वन्यजन्तुबाट अन्नवालीको नष्ट र मानिस माथि आक्रमण हुने गरेको छ भने वन क्षेत्रमा आगलागीको जोखिम पनि उत्तिकै रहेको छ । यसका साथै शिरिस्थान, भैरवी, बाणगंगा,पञ्चदेवल लगायतका पर्यटकिय क्षेत्र रहेका छन ।

**१.७ पेसा तथा रोजगारीको अवस्था :**

गाउँपालिका वासिन्दाहरुको मुख्य पेसा कृषि तथा पशुपालन हो । यसका अतिरिक्त वैदेशिक रोजगार, जागिर, व्यापार आदि रहेको छ । यहाँका किसानहरुले अन्न, तरकारी ,दलहन तथा मासु, दुध, दही, अण्डाको आदिका लागि गाइगोरु, भैंसी, बङ्गुर, माछा,बाखा, कुखरा आदि पशुपंक्षि पालन गरिन्छ तर कृषि तथा पशुपालन पेशा अझै पुर्ण व्यावसायीक हुन सकिरहेको छैन ।

**१.८ यातायात तथा सञ्चारको अवस्था :**

गाउँपालिकाको सडक यातायात को स्थिति हेर्दा ९ कि.मी पुष्पलाल मध्यपहाडी लोकमार्गले छोएर गएको छ । यसका साथै गाउँपालिकाबाट सवै वडाका केन्द्रहरुसम्म स्थानिय सडकहरु पुगेका छन । तर अधिकांस सडकहरु कच्ची रहेका छन । यस गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ । गाउँपालिकामा बस,ट्रक टेक्टर, जिप , मोटरसाइकल,अटो रिक्सा, वसहरु को समेत उपयोग गरिएको देखिन्छ । यस गाउपालिकामा संचारको सुविधा केही ठाउमा टावरको समस्या बाहेक राम्रो रहेको छ ।

**१.९ जनसङ्ख्याको विवरण :**

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कूल घरपरिवार ४२६९ र जनसंख्या १८७६७ रहेको छ । गाउँपालिकामा महिलाको जनसंख्या १०१८३ अर्थात ५४.२६ प्रतिशत र पुरुषको संख्या ८५८४ अर्थात ४५.७४ प्रतिशत रहेको छ । वडाअनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ३ मा ३९७१ रहेको छ भने सबै भन्दा कम वडा नं. २ मा २०२० रहेको देखिन्छ । विवरण अनुसार औषत घरपरिवारको आकार ४.४० रहेको छ । त्यसैगरी यस गाउँपालिकामा जनघनत्व २२६.८७ र लैगींक अनुपात ९४.३० रहेको छ । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका ३ : वडागत जनसंख्या विवरण**

| वडा नं | घरधुरी | महिला | पुरुष | जम्मा जनसंख्या | औषत परिवारको आकार | जनघनत्व | लैंगीक अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | 634 | 1554 | 1401 | 2955 | 4=66 | 214=91 | 90=15 |
| २ | 517 | 1192 | 828 | 2020 | 3=91 | 274=08 | 69=46 |
| ३ | 963 | 2294 | 1677 | 3971 | 4=12 | 281=43 | 73=10 |
| ४ | 612 | 1467 | 1258 | 2725 | 4=45 | 304=47 | 85=75 |
| ५ | 564 | 1424 | 1300 | 2724 | 4=83 | 237=28 | 91=29 |
| ६ | 456 | 1082 | 953 | 2035 | 4=46 | 224=86 | 88=08 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **७** | 523 | 1170 | 1167 | 2337 | 4=47 | 51=08 | 99=74 |
| **जम्मा** | **4269** | **10183** | **8584** | **18767** | **4=40** | **226=87** | **84=30** |

*श्रोतः राष्ट्रिय जनगणना २०७८*

### १.१० अपाङगताका आधारमा जनसंख्या :

यस गाउँपालिकामा कुल जनसंख्याको झण्डै ४.३९% विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । गाउँपालिकामा  शारिरिक अपाङ्गता भएका व्यक्तिहरुको संख्या धेरै रहेको छ । शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको संख्या ४०३ जना रहेको छ । यस्तै न्युन दृष्टिसम्वन्धि अपाङ्गता १३७  रहेका छन् । अन्य विवरण तल दिइएको छ ।

**तालिका ४ : अपाङ्गताको विवरण**

| क्र.स. | अपाङ्गताको प्रकार | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | **शारिरीक अपाङ्ग** | 215 | 188 | 403 |
| २ | **न्युन दृष्टि युक्त** | 67 | 70 | 137 |
| ३ | **दृष्टिविहिन** | 15 | 20 | 35 |
| ४ | **बहिरोपन** | 31 | 34 | 65 |
| ५ | **मनोसामाजिक अपाङ्ग** | 4 | 9 | 13 |
| ६ | **न्युन श्रवणशक्ति** | 29 | 32 | 61 |
| ७ | **बहिरोपन एवं दृष्टि विहिन** | 5 | 4 | 9 |
| ८ | **मानसिक वा मनोसामाजिक** | 34 | 15 | 49 |
| ९ | **बौद्धिक अपाङ्गता** | 2 | 3 | 5 |
| १० | **अनुवंशीय रक्तश्राव (हेमोफेलिया)** | 0 | 0 | 0 |
| ११ | **अटिजम** | 0 | 0 | 0 |
| १२ | **बहु अपाङ्गता** | 28 | 15 | 43 |
| | **जम्मा** | **430** | **390** | **820** |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

## परिच्छेद २ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको परिचय

### २.१ पृष्ठभुमी :

नेपाल भुकम्पिय जोखिममा विश्वमा ११ औ स्थानमा पर्दछ भने जलवायु परिवर्तन को हिसावले चौथो स्थानमा पर्दछ । त्यसैगरि पानि जन्य प्रकोपको दृष्टिले ३० औ स्थानमा पर्दछ । यस अर्थमा नेपाल विपद को उच्च जोखिम भित्र पर्ने मुलुक हो । जलवायू परिवर्तन,कमजोर भुवनौट, अव्यवस्थित वसोवास, विकास निर्माणमा विपदको जोखिम पक्ष लाइ ख्याल नगर्दा प्रकोपका घटना बढदो अवस्थामा त रहेका छन नै यसले गर्ने मानविय तथा भौतिक क्षति पनि बढदो अवस्था रहेको छ । विभिन्न अनुसंधान र अध्ययन का अनुसार नेपालको कुल जनसंख्या को झण्डै ८० प्रतिशत जनसंख्या विपद्को जोखिममा रहेका छन । यसरि नेपालको जनसंख्याको ठूलो हिस्सा विपद जोखिममा पर्दछन ।
दैलेख जिल्ला पनि विपद् जोखिमको दृष्टिले जोखिमयुक्त जिल्ला हो । भौगोलिक हिसावले कमजोर तथा भु बनोटका कारण विपदबाट बर्षेनी ठुलो धनजनको क्षति गरेको छ । भैरवी गाउँपालिका पनि विपद् जोखिमको हिसावले जोखिमपूर्ण स्थानमा पर्दछ ।

भैरवी गाउँपालिका वहु प्रकोप प्रभावित गाउँपालिका पनि हो । कमजोर बनौट,संकटासन्न अवस्था, अव्यवस्थित वसोवास र भौतिक संरचनाले गर्दा वर्षातको समयमा पहिरो, वाढीले विपद्को अवस्था सृजना गर्ने गरेको छ । यहा वाढी,पहिरो को प्रकोप का साथै हावाहुरी,आगलागी,महामारी,बन्यजन्तु,बालीनालीमा रोगकिरा,चट्याङ,खडेरी,असिनापानीले धनजनको क्षति हुने गरेको छ । ७ वटै वडामा गरिएको छलफलका आधारमा गाउपालिकामा जम्मा १० वटा प्रकोपहरु पहिचान गरीएको छ । गाउँपालिकाको लागि भूकम्प पछि दोश्रो ठुलो प्रकोपको रुपमा बाढी/पहिरो रहेको छ । भूकम्प नेपालकोलागि पहिलो प्रकोप भएको कारण यस गाउँपालिकामा पनि पहिलो प्रकोपको रुपमा राखिएको छ ।

### २.२ योजनाको आवश्यकता तथा महत्व :

नेपाल वहुप्रकोप जोखिम भएको मूलुक हो । जलवायु परिवतर्नका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव नेपालमा पनि खासगरी जीविकोपार्जन, कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत तथा उर्जा, जलवायु उत्पन्न प्रकोप, मानव स्वास्थ्य र ग्रामीण बसोबास तथा भौतिक पूर्वाधारको क्षेत्रमा देखा पर्न थाली सकेको छ । जलवायु परिवर्तन संगै प्रकोप तथा विपद्का घटनाहरु बढी मात्रामा दोहोरिइ रहेका छन् । यसको असरबाट विशेषगरी गरीब, विपन्न, महिला, बालबालिका, वृद्धवृद्धाहरु, साधन स्रोत मा कम पहूँच भएका घरधुरी का साथै प्राकृतिक स्रोत मा आश्रित समुदायहरु बढी प्रभावित हुन्छन् भन्ने तथ्य विभिन्न अध्ययनहरुले प्रष्ट पारिसकेका छन् । नेपालमा प्रत्येक वर्ष विभिन्न प्रकोपबाट वर्षेनी हजारौ मानिसहरुको मृत्यु हुने गरेको, हजारौ मानिसहरु घाइते हुने गरेको र अरवौको आर्थिक क्षति हुने गरेको गृह मन्त्रालयको तथ्यांक अनुसार पाइन्छ । यसै कुरालाइ मध्यनजर गर्दै नेपालको संविधान तथा नेपाल सरकारले विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन ऐन, राष्ट्रिय अनुकूलन योजना, स्थानीय सरकार संचालन ऐनमा स्थानीय तहले विपद तथा जलवायू परिवर्तन अनुकूलन सम्वन्धि गर्नुपर्ने प्रावधानहरुका साथै राष्ट्रिय रणनीतिक योजना २०१८ - २०३० तयार गरी कार्यान्वयनमा ल्याएको छ । स्थानिय सरकार संचालन ऐनमा स्थानीय तहले विपद र जलवायू जोखिम न्यूनीकरण सम्वन्धि योजना बनाउनु पर्ने स्पष्ट प्रावधान उल्लेख गरिएको छ । तसर्थ स्थानिय तहले विपद्को जोखिमलाई स्थानिय तहमै न्यूनीकरण गर्ने, विपद जोखिम न्युनीकरण का लागी पुर्व तयारी गर्ने, विपदका का घटना भएमा प्रतिकार्य गर्ने र क्षति भएका संरचनाहरुको पुर्नस्थापना र पुननिर्माण गर्ने कार्यहरु गर्नु पर्दछ । यी कार्यहरु गर्न यस योजनाको आवस्यकता र महत्व छ । यस योजनाले विपद्को जोखिम न्युनिकरण गरी उत्थानशील समुदाय निर्माण गर्न महत्वपुर्ण योगदान पुऱ्याउदछ । यसका अतिरिक्त यस योजनाको आवस्यकता र महत्व लाइ निम्न वमोजिम उल्लेख गर्न सकिन्छ ।

- प्रकोप पहिचान र विश्लेषण मा समुदायको सहभागीता रहने ।
- समुदाय द्वारा प्रकोपहरुको स्तर निर्धारण गर्ने ।
- गाउँपालिका तथा वडास्तरमा विपद जोखिम न्युनकिरण र वयवस्थापनमा संस्थागत संरचना तयार हुने ।
- गाउँपालिकामा स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा हुने ।
- गाउँपालिका स्तरिय विपद पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण हुने ।
- विपद जोखिम न्युनीकरण कोष स्थापना हुने ।
- विपद्को जोखिम कम गर्न समुदायलाई सकृय वनाउन  वातावरण तयार गर्ने ।
- उद्धार र राहतजस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्ने ।
- यस योजनाले विपद्को समयमा हुने  मानवीय सहयोगलाई र्को सुनिश्चितता गर्ने ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्ने ।
- स्रोत र साधनको  सही सदुपयोग गरी समुदायलाई प्रकोपको जोखिम वाट जोगाउने ।
- समन्वय र सहकार्यको माध्यम वाट श्रोत परिचालन र जोखिम न्युनिकरण र व्यवस्थापन हुने ।

### २.३ योजना तर्जुमा प्रक्रिया विधि :

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्दा “स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४” ले उल्लेख गरेका कुराहरुलाइ मध्यनजर गर्दै गाउँपालिका र वडाका प्रभावित तथा सङ्कटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित हुने गरी समावेशी,सहभागितामूलक प्रक्रियाहरू अवलम्बन गरिएका छन् जुन यस प्रकार छ ।

**स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रिया**



| क. स. | क्रियाकलाप |
|---|---|
| १ | ▪ गाउँपालिकामा स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना सम्वन्धि अभिमुखिकरण तथा योजना निर्माण  सर्न्दभमा छलफल र निर्णय |
| २ | ▪ वडा स्तरमा गएर सुचना संकलन<br>▪ वडा स्तरिय जोखिम नक्साङकन<br>▪ वडा स्तरिय प्रकोप पहिचान तथा स्तरीकरण<br>▪ विगतका वर्षहरुमा भएको विपद्का घटना र क्षतिको विपद्को ऐतिहासिक विश्लेषण गरिएको<br>▪ विपद वाट हुने क्षतिको कारण ,असर र समाधानको उपाय को विश्लेषण<br>▪ जोखिम न्युनिकरण का लागी गरिएका  स्थानिय प्रयास वारे छलफल<br>▪ विभिन्न स्थानीय स्तरमा कार्यरत संघ-सस्थाको विश्लेषण गरी स्थानीय आकलन तथा विपद् व्यवस्थापनका लागि योजना<br>तर्जुमा .<br>▪ जलवायु परिवर्तन तथा प्रभाव वारे ं लेखाजोखा गरिएको ,<br>▪ विभिन्न संघ-संस्थागत क्षमता विश्लेषण<br>▪ जोखिम पार्श्वचित्र निर्माण |
| ३ | ▪ जोखिम पार्श्वचित्रको प्रस्तुती र प्रमाणिकरण र विपद जोखिम न्यूनिकरण योजना तर्जुमा गोष्ठी संचालन |
| ४ | ▪ परामर्शदाताबाट मस्यौदा लेखन र मस्यौदा पेश<br>▪ मस्यौदा उपर छलफल तथा सुझाव संकलन<br>▪ अन्तिम र रुप तथा नगर सभामा पेश<br>▪ गाउँ सभा वाट पारीत |

**२.४ योजनाको सिमा :**

गाउँपालिकाको “स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना” तयार गर्दा सकेसम्म सहभागितामूलक, तथ्यपरक, सर्वस्वीकार्य र कार्यान्वयन योग्य बनाउनका लागि प्रयास गरिएको छ। तर पनि यो योजना तयार गर्ने क्रममा वडा स्तरमा गइ वडा तहको जोखिम नक्साङकन, संकटासन्नता तथा क्षमता विश्लेषण गरी सूचनाहरु संकलन गरिएको भएपनि समुदाय तथा वस्ती स्तरमा नै गएर सूचना संकलन गर्न सकिएको छैन । जसका कारण समुदाय स्तर बाटै समस्या पहिचान गर्न सकिएको छैन । त्यसैगरी यस योजनामा अनुमानित वजेट मात्र राखिएको छ जुन वास्तविक वजेट भन्दा भिन्न हुन सक्छ। यस योजनामा भएका क्रियाकलापहरु प्राविधिक विना गोष्ठीमा उपस्थित सहभागीहरुको आधारमा तयार गरिएको छ । यस योजनामा उल्लेख भएका क्रियाकलाप गाउँपालिकाले वार्षिक योजनामा समावेश गर्नु पर्दछ । यो योजनामा राखिएका क्रियाकलापहरु गाउँपालिकाको मात्रै श्रोत र साधन ले  सवै कार्यान्वयन गर्न सक्ने अवस्था नभएकोले यसका लागि प्रदेश सरकार, संघिय सरकार र विकास साझेदारहरु तथा निजी क्षेत्रको सहयोगको आवश्यकता रहन्छ। त्यसको लागि स्रोतको खोजी गर्नु पर्ने अवस्था रहन्छ, जुन पुर्ण रुपमा उपलब्ध हुन्छ नै भन्ने ग्यारेन्टि गर्न सकिँदैन ।  यस योजनाको कार्यान्वयनका लागि गाउँपालिकामा आवश्यक रूपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र यस योजनाको कार्यान्वयन र

अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक दक्ष जनशक्तिको स्थानीय स्तरमा उपलव्धता नरहन सक्छ ।

## २.५ योजना कार्यान्वयन रणनीति :

यो योजनालाई गाउँकार्यपालिकाको बैठक र गाउँसभा मा छलफल गरी स्वीकृत गरिएको छ । अतः यो योजनाको कार्यान्वयन को नेतृत्व गाउँपालिकाले गर्ने छ । योजनाको कार्यान्वयन का लागी प्रदेश सरकार, संघीय सरकार, विकास साझेदार निकायहरु,रेडक्रस, युनिसेफ लगायत विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु, वडा विपद् व्यवस्थापन समिति, समुदाय, नीजी क्षेत्र, जिल्ला स्थित सरकारी कार्यालयहरु र सुरक्षा निकायको समन्वय र सहयोगमा कार्यान्वयन गरिनेछ । यस योजनामा समावेश भएका क्रियाकलापहरु गाउँपालिकाले प्रत्येक वर्ष निर्माण गर्ने वार्षिक योजनामा समावेश र मुलप्रवाहीकरण गरी बजेट सहित कार्यान्वयन गरिनेछ । योजना कार्यान्वयन का लागी अन्य निम्न वमोजिम का रणनिति अपनाइने छ ।

- गाउँपालिकामा दक्ष तथा तालिम प्राप्त जनशक्ति परिचालन गर्दै जलवायु परिवतर्न तथा विपद् व्यस्थापनका लागि स्थानीय जनसमुदायको क्षमता विकास गरिने छ ।
- जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धी सूचना व्यवस्थापन कार्य गरीने छ ।
- स्थानीय स्तरका परम्परागत ज्ञान, सिप, अभ्यास र नवीनतम वैज्ञानिक ज्ञान तथा प्रविधि लाई आवश्यकता अनुसार समायोजन गरी जलवायु परिवर्तन तथा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनलाइ प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- स्वीकृत योजनाले निर्धारण गरेका प्राथमिकता प्राप्त क्रियाकलाप सञ्चालनको लागि गाउँपालिकाले आफ्नो क्षमता अनुसारको बजेट विनियोजन गर्नेछ ।
- आवश्यकता अनुसार सम्बन्धित निकायहरुसँग समन्वय गरी नमूना अभ्यास तथा स्थलगत अनुसन्धानका कार्यक्रमहरु समेत गरिनेछ ।
- विपद्को जोखिमबाट विपन्न, महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, बृद्धबृद्धा, बालबालिका आदि वर्गमा पर्ने बढी र फरक प्रभाव लाइ ँ मध्यनजर गरी यस योजनाको कार्यान्वयन प्रक्रियामा समेत सो वर्गलाई विशिष्ट कार्यक्रमका साथै हरेक उपयुक्त कार्यक्रमहरुमा विशेष प्राथमकिता दिइने छ ।
- गाउँपालिकाको क्षमता र वार्षिक योजनामा समावेश नभएका योजनाहरुलाई प्रदेश तथा संघीय सरकारमा पठाई कार्यान्वयनका लागि पहल गरिने छ ।
- योजना कार्यान्वयन का लागी जिल्ला स्थित सरकारी कार्यालयहरु, विकास साझेदार, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु,निजी क्षेत्र संग समन्वय र सहकार्य गरीने छ ।
- यस योजना कार्यान्वयनको प्रगति प्रतिवेदन अर्ध-वार्षिक रूपमा तयार गरी सम्वन्धित निकायमा पठाइने छ ।

## परिच्छेद - ३ : प्रकोप, संङ्कटासन्नता, सम्मुखता र क्षमता विश्लेषण (जोखिम विश्लेषण)

### ३.१ वडागत प्रकोप पहिचान तथा स्तरीकरण :

गाउँपालिकाको ७ वटै वडामा वडा अध्यक्ष, जनप्रतिनिधीहरु, स्थानीय बुद्धिजीविहरू, ज्येष्ठ नागरिक, वालक्लव,युवा,स्थानीय संघ संस्थाका प्रतिनीधि तथा सरोकारवालाहरूको सहभागितामा गरिएको वडा विपद जोखिम नक्साङ्कन र सुचना संकलन (VCA) का आधारमा के-कस्ता प्रकोपहरू छन् र विपद्बाट हुने गरेका क्षति र सम्भावित जोखिमको आधार मानी त्यसमध्ये कुन प्रकोप मुख्य समस्याको रूपमा रहेको छ, भनेर मतदान विधिबाट वडाको प्रकोपहरुको स्तरीकरण गरिएको थियो । जुन यस प्रकार रहेको छ ।

**तालिका ५ : प्रकोप स्तरिकरण**

| वडा नं. | पहिलो | दोश्रो | तेश्रो | चौथौ | पांचौ | छैठौ | सातौ | आठौ | नवौ | दशौ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भुकम्प | बाढी/ पहिरो | आगलागी | बन्यजन्तु | हावाहुरी | असिना | खडेरी | चट्याङ | रोगकिरा | महामारी |
| २ | भुकम्प | बाढी/ पहिरो | आगलागी | खडेरी | हावाहुरी | बन्यजन्तु | महामारी | चट्याङ | असिनापानी | |
| ३ | भुकम्प | बाढी/ पहिरो | चट्याङ | हावाहुरी | असिनापानी | खडेरी | बन्यजन्तु | महामारी | रोगकिरा | |
| ४ | भुकम्प | बाढी/ पहिरो | बन्यजन्तु | आगलागी | हावाहुरी | महामारी | रोगकिरा | खडेरी | | |
| ५ | भुकम्प | बाढी/ पहिरो | बन्यजन्तु | आगलागी | हावाहुरी | चट्याङ | खडेरी | रोगकिरा | महामारी | असिनापानी |
| ६ | भुकम्प | बाढी/ पहिरो | चट्याङ | आगलागी | हावाहुरी | असिनापानी | बन्यजन्तु | खडेरी | रोगकिरा | |
| ७ | भुकम्प | बाढी/ पहिरो | चट्याङ | आगलागी | हावाहुरी | बन्यजन्तु | खडेरी | चट्याङ | महामारी | |

यस गाउँपालिकाको ७ वटै वडामा समुदायसंग गरिएको छलफल वाट गाउँपालिकामा १० वटा प्रकोपहरु पहिचान गरिएको छ । वडाहरुमा मतदान विधि द्वारा गरिएको सवै वडाहरुका प्रकोपहरुको जम्मा अंक भार र प्राथमिकिकरण माथीको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ६ : वडाहररुमा गरिएको प्रकोप अनुसारको कुल अंक**

| प्रकोप | भुकम्प | बाढी पहिरो | आगलागी | हावाहुरी | बन्यजन्तु | रोगकिरा | चट्याङ | असिना पानी | खडेरी | महामारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अङ्क | १७३ | १११ | ९६ | ९० | ७३ | ५९ | ४६ | ४३ | ३९ | ३७ |
| स्तर | पहिलो | दोश्रो | तेश्रो | चौथौ | पांचौ | छैठौ | सातौ | आठौ | नवौ | दशौ |

नेपालको संदर्भमा भुकम्प पहिलो प्रकोप हो तसर्थ गाउँपालिकामा भूकम्पपछि दोश्रो ठुलो प्रकोपको रुपमा बाढी/पहिरो रहेको छ । त्यसैगरी आगलागी,हावाहुरी, बन्यजन्तु,रोगकिरा,चट्याङ,असिनापानी ,खडेरी र महामारी तेश्रो, चौथौ, पांचौ,छैठौ,सातौ,आठौ, नवौ दशौ रहेका छन ।

## ३.२ जोखिम नक्साङ्कन :

भैरवी गाउँपालिकाको वडाहरुमा गरिएको छलफलमा सहभागीहरुवाट प्रत्येक वडाहरुको निम्नानुसार प्रकोप संकटासन्नता नक्सा तयार गरिएको थियो । प्रकोपका घटना, भौतिक, आर्थिक तथा वातारणीय संकटासन्नता र सम्मुखताले विपद्को जोखिम गाउँपालिकामा बढाएको छ । यदि समयमा नै जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन का कार्यहरु नगरेमा र संकटासन्नता र सम्मुखताको न्यूनीकरण गरिएन भने कुनै पनि विपद्को घटनाले ठुलो क्षति निम्त्याउन सक्छ । वडा अनुसारका जोखिम नक्सा ***अनुसुची १*** मा राखिएको छ ।

### ३.३ विपदको ऐतिहासिक समय रेखा :

यस गाउँपालिकामा विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति तथा क्षति भएको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा मा छलफल गरिएको थियो । यस विधिको प्रयोग गर्दा विशेष गरी ज्येष्ठ नागरिकसँग छलफल गरिएको थियो । यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पुऱ्याउने भौतिक, सामाजिक, आर्थिक, मानवीय वा प्राकृतिक क्षति तथा प्रभावको बारेमा जानकारी लिइएको थियो । विगतको ३० वर्षको विपद्को क्षतिलाई विश्लेषण गर्ने हो भने यस गाउँपालिकामा विभिन्नप्रकारका ६७ वटा प्रकोपका घटना मध्ये भुकम्पबाट ६१५ घर चर्केको ,बाढी/पहिरोबाट ८७ वटा घर पूर्ण क्षति भएको र आगलागीबाट ४३ वटा घरहरु र १६ वटा गोठहरु जलेका छन भने हावाहुरीबाट ३०० घर र २४ वटा विद्यालयको को छानामा क्षति भएको थियो । त्यसैगरी प्रकोपको घटनाबाट १०६ जनामानिसहरुको मृत्यु भएको छ। यसैगरी हालसम्म झण्डै ३६२८ घर परिवारहरु कुनै कुनै प्रकोपबाट प्रभावित भएको पाइन्छ भने करौडौको मुल्य वरावरको आर्थिक क्षति भएको देखिन्छ जुन यस प्रकार छ ।

**तालिका ७ : विपदको ऐतिहासिक समय रेखा (Historical Time Line)**

| प्रकोप | वडा नं. | साल र महिना | स्थान | भौतिक क्षति | सामाजिक क्षति | आर्थिक क्षति | मनविय क्षति | प्राकृतिक क्षति | प्रभावित घरपरिवार | सूचना पुष्ट्याँई |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | १ | २०८० कार्तिक | वडाभरी | ६० घर चर्केको | - | ३ करोड | | ५० ठाउमा खानेपानि मुहान सुकेको, जमिन भासिएको । | ६०परिवार | वडाका जेष्ठ नागरीकहरुसंगको छलफल |
| | २ | २०८० कार्तिक | वडाभरी | ५० घर चर्केको | - | ७० लाख | | | ५०परिवार | |
| | | | | | | | | | | |
| | ३ | २०८० कार्तिक १७ | वडाभरी | २५ घर चर्केको, ज्वालाघरमा | | ९० लाख । | | | २५ परिवार | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क्षति । | | | | | | |
| | ४ | २०८० कार्तिक १७ | वडाभरी | ७० वटा घर चर्केको , | | ३ लाख ५० हजार । | | | ७० परिवार | |
| | ६ | २०८० कार्तिक १७ | वडाभरी | २ घर पूर्ण क्षति,३६० घर चर्केको । | टहरामा बस्नुपरेको । | ३२ लाख | | | ३६२ परिवार | |
| | ७ | २०८० कार्तिक १७ | वडाभरी | ५० घर चर्केको । | | २० लाख | | | ५० परिवार | |
| **बाढी/ पहिरो** | **१** | २०५१ | वडाभरी | १० घर बगाएको । | | | | ६०० रोपनी जमिन बगाएको | ३०० परिवार | |
| | | २०६८ | विनतारा,ठानीपुर्ना, काफलगैरा, देवलढुङ्गा | | - | ४० लाख | - | ८०० रोपनी जमिन बगाएको | ५२ परिवार | |
| | **२** | २०५२,२०६१,२०७६ | | ५० घर बगाएको । | | ८० लाख | ९ जनाको मृत्यु । | १००० रोपनी जमिन बगाएको | १०० परिवार | |
| | **३** | २०७१ देखि २०७८ सम्म | नाउला,पहाडीपाँखा , सियाला,पिथुबाडा, कोइरालागाउँ,रानाबाडा ,पोखरा,बाणगंगा,कोइरेलखेत,कालेथान, टिपुरीकोट,मौलाकालिका मन्दिर | १५ घर बगाएको | | २ करोड | | ३१० रोपनी खेतियोग्य जमिन र ४०० रोपनी पाखोबारी बगाएको । | ६०० परिवार | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ४ | २०७२ साउन | सिमलारुख,बाँसबोट, भसेडी,हाडासैनी,औलाटाकुरा,भिटाखेत, उत्तिसैनी खत्रीटोल,बुढाना, नलाखोला बडीगैरा, माथिगाउँ,रिङ्गाटे । | २ वटा आर.भि.टी. । | | जमीन (२ करोड ५० लाख) । | | ५०० रोपनी जमिन । | ५० परिवार | |
| | | प्रत्येक वर्ष | सिमलारुख,बाँसबोट, भसेडी,हाडासैनी,औलाटाकुरा,भिटाखेत, उत्तिसैनी खत्रीटोल,बुढाना, नलाखोला बडीगैरा, माथिगाउँ,रिङ्गाटे । | | | जमिन (१ करोड) । | | २०० रोपनी जमिन । | ५० परिवार | |
| | ५ | २०६७ साउन/भदौ | गौनी,ढाँण,पानी नाउला,भुमेथान,भरैना | ३ वटा घर पूर्ण क्षति | आफन्तको घरमा बस्नु परेको | घर(२ लाख ७० हजार),जमीन (९० हजार) | | २८ रोपनी जमिन | १९ परिवार | |
| | | २०७२ साउन | बाहाचौर,डोक्रा,भोटेनी खेत,कयालदाल्खा | १ घर चर्केको | | ३ लाख (जमिन) | | २५ रोपनी जमिन | १० परिवार | |
| | | प्रत्यक वर्ष | तालगौडा देखि गौनीपानी घट्ट सम्म,ऐरिकाभ्काल देखि धैरेनि सम्म,पौनी देखि धनपनेरा | | | जमिन (८ लाख ५० हजार) | | ७० रोपनी जमिन । | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सम्म,सडेनी गैरादेखि डावर सम्म | | | | | | | |
| | ६ | २०६९ भदौ | तोरिमुल, ढाडखेत, कुटी,खारपानी, लुतिगाडे | ३ वटा घर भत्किएको,४ वटा घट्ट बगाएको,१० वटा खानेपानी ट्याङ्कीमा क्षति । | | ५० लाख | - | २०० रोपनी जमिन । | २०० परिवार | |
| | ७ | २०६० देखि हालसम्म | पथ्थरखानी र वडाभरी | ६ वटा घर भत्केको | | पशुचौपायामा क्षति<br>८० लाख | | ८० रोपनि जमिन | १५० परिवार | |
| **हावाहुरी** | १ | प्रत्येक बर्ष | वडाभरी | प्रत्येक बर्ष ८,१० घरको छाना उडाएको, | - | २० लाख | - | - | १० परिवार | |
| | २ | प्रत्येक बर्ष | वडाभरी | प्रत्येक वर्ष २० घर छाना उडाएको, विद्यालय मन्दिरको छाना उडाउने, गाविस भवनको छाना उडाएको ,विद्युत आपुर्ति वन्द । | - | ८० लाख | - | - | २० परिवार | |
| | ३ | प्रत्येक बर्ष | वडाभरी | प्रत्येक वर्ष १०/१२ घर छाना उडाएको, विद्यालय | - | ३० लाख | - | - | १२ परिवार | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मन्दिरको छाना उडाउने, विद्युत आपुर्ति वन्द । | | | | | | |
| | **४** | २०५३ चैत र जेठ | वडाभरी | ५० घरको छाना,६ वटा विद्यालयको छाना उडाएको । | | १५ लाख । | | | ५० परिवार | |
| | | २०८१ जेठ | वडाभरी | १० वटा घर,१ वटा नागरिक सचेतना केन्द्र र वडा कार्यालयको छाना । | | ५ लाख । | | | १० परिवार | |
| | **५** | प्रत्येक वर्ष | वडाभरी | ५ वटा घर र ३ वटा विद्यालयको छाना | | १० लाख | | | ५ परिवार | |
| | **६** | प्रत्येक बर्ष | वडाभरी | ६ विद्यालयको छाना उडाएको, २५० घर पत्थर फालेकों, । | - | २ करोड | | १२० प्लाष्टिक घर उडाएको | २५० परिवार | |
| | **७** | प्रत्येक बर्ष | वडाभरी | १० विद्यालयको छाना उडाएको ५० घरगोठ उडाएको | - | अन्न फलफुल मा नोक्सानी<br>१ करोड | - | - | ३५० परिवार | |
| **आगलागी** | **१** | प्रत्येक बर्ष | वडाका जंगलमा | ११ घरमा आगलागी | | ४५ लाख) | २ जनाको मृत्यु,१ जना | | ११ परिवार | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भएको | | | घाइते | | | |
| | २ | प्रत्येक बर्ष | वडाका जंगलमा | १५ गोठमा आगलागी भएको | | १५ लाख) | घाइते | | १५ परिवार | |
| | ३ | प्रत्येक बर्ष | वडाभरी | प्रत्येक वर्ष १० घरमा क्षति हुने, मलखाद, पराल टौवा, संकलन गरेको खोटो क्षति, जंगलि जनावर मृत्यु । | - | ७० लाख | - | जंगलमा आगलागी | १०परिवार | |
| | ४ | २०८० बैशाख | दमाइटोल | १ वटा घर जलेको । | | १० लाख | १ जनाको मृत्यु । | रुख विरुवा जल्ने । | | |
| | | २०८१ बैशाख | भैरवी लामीनी वन | ५०० मी. खानेपानी पाइप । | | | | | | |
| | ५ | प्रत्येक वर्ष | वडाभरी | जंगलमा लाग्ने आगोले खानेपानी पाइप जलाउने | | ३० लाख | | रुख विरुवा जल्ने | | |
| | ६ | प्रत्येक वर्ष | वडाका जंगलमा | २० घर गोठ जलेको । | - | ४० लाख । | - | - | २० परिवार | |
| | ७ | प्रत्येक वर्ष | वडाका जंगलमा | १ घर १ गोठ जलेको । | - | १३ लाख पशुचौपाया समेत । | ७ जनाको मृत्यु | - | १० परिवार | |
| **महामारी** | १ | २०७८ कोभिड | | | | | १ जनाको मृत्यु | | १ परिवार | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **२** | २०७८ कोभिड | | | | | | | १ परिवार | |
| | **३** | २०७८ | वडाभरी | - | - | - | २ जनाको मृत्यु | - | २ परिवार | |
| | **४** | २०६६ साउन | | | | | २ जनाको मृत्यु | | २ परिवार | |
| | | २०७७ | | | | | २ जनाको मृत्यु | | २ परिवार | |
| | **५** | २०६६ साउन | डागरगाउँ,विष्ट टोल,थापा टोल | | | | ५ जनाको मृत्यु | | ५ परिवार | |
| | **६** | २०७६ | वडाभरी | | | | ६ जनाको मृत्यु । | | ६ परिवार | |
| **बन्यजन्तु** | **१** | २०७४ देखि प्रत्यक वर्ष ( बदेल,बाँदर , दुम्सी) | वडाभरी | - | - | -बर्षेनी अन्न,तरकारी, फलफुलमा नोक्सानी ५० लाख | - | - | ३२० परिवार | |
| | **२** | २०७४ देखि प्रत्यक वर्ष ( बदेल,बाँदर , दुम्सी) | वडाभरी | - | - | -बर्षेनी अन्न,तरकारी, फलफुलमा नोक्सानी ३० लाख | - | - | २३० परिवार | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ३ | २०७४ देखि प्रत्यक वर्ष (बदेल,बाँद | वडाभरी | - | - | -बर्षेनी अन्न,तरकारी, फलफुलमा नोक्सानी ५० लाख | ५ जनाको मृत्यु,८ जना घाइते । | - | २४० परिवार | |
| | ४ | २०७४ देखि प्रत्यक वर्ष ( बदेल,बाँदर , दुम्सी) | वडाभरी | | | धान,मकै ,कोदो, फलफुल, आलु र तरकारी (५० लाख) । | ४ जना घाइते । | | ३८० परिवार | |
| | ५ | २०७६ देखि प्रत्यक वर्ष ( बदेल,बाँदर , दुम्सी) | वडाभरी | | | धान(१५करोड) ,मकै(५२ लाख ५० हजार) ,कोदो,गहु( १०करोड), फलफुल आलु र तरकारी (१५ करोड) | | | ३०० परिवार | |
| | ६ | २०७६ देखि प्रत्यक वर्ष ( बदेल,बाँदर , दुम्सी) | वडाभरी | - | | ३० लाख वर्षेनी ( मकै,गहुँ,आल, पिडालु,तरकारी वालीमा नोक्सान | - | - | २०० परिवार | |
| | ७ | २०७६ देखि प्रत्यक वर्ष ( | वडाभरी | - | | ५० लाख वर्षेनी ( मकै,गहुँ,आल, पिडालु,तरकारी | - | - | ३०० परिवार | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बदेल,बाँदर , दुम्सी) | | | | वालीमा नोक्सान | | | | |
| **बालीनाली मा रोग किरा** | १ | प्रत्येक बर्ष | वडाभरी | | | मकै,गहु, तरकारी (६० लाख | | | ३५० परिवार | |
| | ४ | प्रत्येक बर्ष | वडाभरी | | | मकै,तरकारी,फलफुल (१५ लाख) | | | ३८० परिवार | |
| | ५ | २०७२ देखि हाल सम्म | वडाभरी | | | मकै,तरकारी,फलफुल(१० लाख) | | | ३०० परिवार | |
| **चट्याङ** | ३ | प्रत्येक वर्ष | वडाभरी | प्रत्यक बर्ष १,२ घर | | | २ जनाको मृत्यु | | २ परिवार | |
| | ४ | २०७८ जेठ | | २ घरमा क्षति | | ५ भैसी, १ हल गोरु मरेको (५ लाख) | | | २ परिवार | |
| | ५ | २०५७ मंसिर र समयसमयमा | खड्काबाडा,विष्टबाडा | | | ११ वटा बाख्रा( १ लाख १० हजार) | | | २ परिवार | |
| | ६ | प्रत्येक वर्ष | बनजंगलमा, आहालडाडा, तोरिमुल, खम्बागाडे, कुर्माकोट, बागखोर, काउले | ५ वटा घर र ७ वटा गोठमा क्षति । | | १ भैसी (दुई लाख) | -५ जनाको मृत्यु | - | ५ परिवार | |
| | ७ | २०७८ | वडामा | ७ घरमा क्षति | | ३ लाख । | ३ जनाको मृत्यु । | | ७ परिवार | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खडेरी** | **१** | प्रत्येक बर्ष | वडाभरी | - | अन्न संकट | अन्न,फलफुल तरकारी बालिमा नोक्सानी ४० लाख । | - | - | २५० परिवार | |
| | **२** | २०७०,२०७९ | वडाभरी | - | अन्न संकट | अन्न,फलफुल तरकारी बालिमा नोक्सानी ४० लाख । | - | - | ४०० परिवार | |
| | **३** | प्रत्येक बर्ष | वडाभरी | - | अन्न संकट | अन्न,फलफुल तरकारी बालिमा नोक्सानी ४० लाख । | - | - | २५० परिवार | |
| | **४** | २०६६ असार | वडाभरी | | | अन्न ५०० क्वि.(२५ लाख) | | | ३८० परिवार | |
| | **५** | २०६१ मंसिर देखि चैत सम्म | वडाभरी | | | मकै(१० लाख) | | | ३०० परिवार | |
| | **६** | २०६० देखि प्रत्येक बर्ष | वडाभरी । | - | अन्न संकट | २० लाख ( अन्नबाली ) प्रत्येक बर्ष । | - | - | ३०० परिवार | |
| | **७** | २०६० देखि प्रत्येक बर्ष | वडाभरी । | - | अन्न संकट | २० लाख ( अन्नबाली ) प्रत्येक बर्ष । | - | - | ३०० परिवार | |
| **असिना पानी** | **१** | प्रत्येक बर्ष | वडाभरी | - | - | अन्न,फलफुल तरकारी बालिमा | - | - | २०० परिवार | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | नोक्सानी १० लाख । | | | | |
| | ३ | ३०५६ | वडाभरी | | | अन्न,फलफुल तरकारी बालिमा नोक्सानी १० लाख । | - | - | २५० परिवार | |
| | | २०६२ | वडाभरी | | | अन्न,फलफुल तरकारी बालिमा नोक्सानी १० लाख । | - | - | २०० परिवार | |
| | ४ | २०६१ साल | वडाभरी | | | अन्न,फलफुल तरकारी बालिमा नोक्सानी ५ लाख । | | | ३० घर परिवार | |
| | ५ | २०७१ जेठ | विष्ट टोल लगायत वडाभरी | | | गोरु,भैसी,फलपफुल(५ लाख) | | | ४० परिवार | |
| | ६ | प्रत्येक बर्ष | वडाभरी | - | | अन्न,फलफुल तरकारी बालिमा नोक्सानी (५० लाख) | | - | २०० परिवार | |
| | ७ | प्रत्येक वर्ष | वडाको लेक क्षेत्रमा | | | अन्न,फलफुल तरकारी बालिमा नोक्सानी (५० लाख) | | | ३०० परिवार | |

### ३.४ वडाको संकटासन्न विश्लेषण :

स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना तर्जुमा निर्देशिकाले निर्दिष्ट गरेको संकटासन्नता स्तरिकरण विधिअनुसार तोकिएका सुचक हरुलाइ आधार मानी विपदको ऐतिहासीक समयरेखा को सुचना वाट आएका क्षतिको विश्लेषणगरी देहाय वमोजिम वडाहरुको संकटासन्नता विश्लेषण गरिएको छ । यसरी अंकभारको आधारमा उच्च,मध्यम र न्युन गरी तिन तहमा संकटासन्नता स्तरीकरण गरिएको छ । गाउँपालिकाको ७ वटै वडाहरु मध्यम जोखिममा रहेको पाइएको छ ।

**तालिका ८ : वडा अनुसार संकटासन्नता स्तरिकरण**

| वडा नं. | मानविय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेतीयोग्य भूमी र वन | सामाजिक क्षति | विगतमा भएकाविपद्का घट्नाक्रम | बालीलगाउने बाली/भित्र्याउने समयमाआएको परिवर्तन | तापक्रममाआएको परिवर्तन | जोखिमले भविष्यमापार्न सक्ने असर | श्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीयज्ञान, सीप, क्षमता र प्रविधी | जम्मा | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ३ | ३ | ३ | २ | १ | ३ | २ | २ | २ | ३ | १ | १ | २ | ३२ | मध्यम |
| २ | ६ | ३ | ३ | ३ | ३ | १ | ३ | २ | २ | २ | ३ | १ | १ | २ | ३५ | मध्यम |
| ३ | ६ | ३ | ३ | ३ | ३ | १ | ३ | २ | २ | २ | ३ | १ | १ | २ | ३५ | मध्यम |
| ४ | ४ | ३ | ३ | ३ | ३ | १ | ३ | २ | २ | २ | ३ | १ | १ | २ | ३३ | मध्यम |
| ५ | ४ | ३ | ३ | ३ | १ | १ | ३ | २ | २ | २ | ३ | १ | १ | २ | ३१ | मध्यम |
| ६ | ६ | ३ | ३ | ३ | १ | १ | ३ | २ | २ | २ | ३ | १ | १ | २ | ३३ | मध्यम |
| ७ | ६ | ३ | ३ | ३ | १ | १ | ३ | २ | २ | २ | ३ | १ | १ | २ | ३३ | मध्यम |

**स्पष्टिकरण :**

| क्र.स. | अङ्कभार | स्तर |
|---|---|---|
| १ | ३८ भन्दा माथी अङ्कभार | उच्च सङ्कटासन्न |
| २ | २४ देखि ३८ सम्म अङ्कभार | मध्यम सङ्कटासन्न |
| ३ | २३ भन्दा कम अङ्कभार | न्युन सङ्कटासन्न |

## ३.५ पात्रोहरु (प्रकोपपात्रो, मौसम पात्रो र वाली र पात्रो) :

वडाबाट संकलन गरिएको सूचना तथा गाउँपालिका स्तरमा गरिएको छलफलका आधारमा प्रकोप पात्रो,मौसमी पात्रो र वालि पात्रो तयार गरिएको छ। विभिन्न प्रकोपले कुन कुन महिनामा मानिसहरु बढी संकटासन्न हुन्छन भन्ने प्रकोप पात्रो ले देखाउँदछ। त्यसैगरी मौसमी पात्रोको विश्लेषण वाट करिव ३० वर्ष र अहिले मौसममा आएको परिवर्तन लाइ देखाउछ । वालि पात्रोले वालिहरु लगाउने र भित्राउने समयमा आएको परिवर्तन लाइ देखाउछ । पात्रो हरुको विश्लेषण वाट विपद् जोखिम न्यूनीकरणमा पूर्वतयारी, अल्पीकरण र रोकथाम र जलवायु अनुकुलनका के कस्ता कार्यक्रम कहिल गर्ने भनेर योजना बनाउन सहयोग पुग्दछ यसै कुन मौसममा कुन प्रकारको खेती लगाउने भन्नेमा समेत सहयोगी हुन्छ।

**तालिका ९ : प्रकोप पात्रो**

| महिना<br>प्रकोप | ३० वर्ष | बैसाख | जेष्ठ | असार | श्रावण | भाद्र | आश्वीन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वाढीपहिरो | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| चठ्याङ | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| वन्यजन्तु | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हावाहुरी | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| रोगकिरा | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

**तालिका १० : मौसम पात्रो**

| महिना<br>मौसम | ३० वर्ष | बौसाख | जेष्ठ | असार | श्रावण | भाद्र | आश्वीन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चौत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिउंदे वर्षा | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मी समय | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो समय | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

**तालिका ११ : वाली पात्रो**

| महिना<br>वाली | ३० वर्ष | बैसाख | जेष्ठ | असार | श्रावण | भाद्र | आश्वीन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **धान रोप्ने** | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **धान भित्रयाउने** | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **आलु रोप्ने** | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **आलु भित्रयाउने** | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **मकै रोप्ने** | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **मकै भित्राउने** | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **गहुं छर्ने** | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **गहुँ भित्राउने** | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **तोरी छर्ने** | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| **केराउ छर्ने** | पहीले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

पात्रो हरुमा छलफलका क्रममा विगत ३० वर्ष देखि हालसम्म ठुलो परिवर्तन नदेखिए पनि सहभागीहरुको अनुभव तथा विश्लेषण का आधारमा निम्न परिवर्तन अनुभव गर्न गर्न सकिन्छ ।

- गर्मीको समय पहिला भन्दा वृद्धि भइरहेको र एक्कासी गर्मी वढ्ने गरेको छ ।
- मनसुनी वर्षा र हिउदे वर्षा हुने समयमा पनि परिर्वतन आएको छलफलवाट निश्कर्ष निस्केको थियो ।
- वर्षा हुने समय पनि पहिलाको तुलनामा कहिले वढि र कहिले कम हुने गरेको ।
- मुख्य जलवायु उत्पन्न प्रकोपहरु खडेरी, पहिरो र असिना,हिमपात पर्ने समयमा परिवर्तन देखिएको छ ।
- साथैअन्य प्रकोपहरू पनि पहिलेभन्दा बढी र दोहरीएको देखिन्छ ।
- खडेरी पनि पहिलेको तुलनामा धेरै वढि समय हुने गरेको छ
- चट्याङ्ग अहिले जुनसुकै बेलामा पर्ने र नोक्सान वढी गरेको छ ।

- जाडो हुने समयावधिमा ठुलो परिवर्तन नरहे तापनि जाडोपनको मात्रा घटेको महसुस गरिएको छ ।
- त्यसै गरी हावाहुरी हुने समयमा पनि वृद्धि भएको पाईन्छ
- खडेरीले तथा हावहुरीले गर्दा आगलागी को प्रकोपलाई बढावा दिएको देखिन्छ ।
- वालि लगाउने समय पारम्पारिक रूपमै चलिआए पनि हाल यसको पाक्ने समय तथा लगाउने समयमा निरन्तरता रहेको पाइँदैन

**३.६ प्रकोपको कारण र असर विश्लेषण :**

गाउँपालिकाका वडाहरुमा विपद् वाट हुने क्षतिको काारण र असर विश्लेषण गर्न का लागि वृक्ष विश्लेषण विधिको माध्यमबाट कारण र असर का साथै संभावित समाधाानका उपायहरु छुट्याउन लगाइएको थियो । यस गाउँपालिकामा हुने गरेका बहुप्रकोपहरु विपद्मा परिणत हुनुमा समुदायमा भएको ज्ञानको कमी, श्रोतको अभाव, भूवनावट, जलवायुको कारण रहेको छलफलका क्रममा पाइएको थियो । जसले गर्दा जनधनको क्षति, प्राकृतिक श्रोत नोक्सान हुने गरेको र हुने सम्भावना रहेको छ । विपदवाट हुने क्षतिको कारणहरु,यसका असर र संभावित समाधानका उपायहरु वारेसमुदायसंग छलफलगर्दा निम्नअनुसार विश्लेषण रहेको छ ।

**तालिका १२ : प्रकोपको कारण र असर विश्लेषण**

| क्र. सं. | विपद्को संभावित अवस्था | विपद् वाट हुने क्षती को कारण | असर | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|
| १ | भूकम्प वाट हुने क्षति | • कमजोर घर संरचना ।<br>• जनचेतनाको कमी ।<br>• पूर्वतयारीको कमी ।<br>• भूकम्प प्रतिरोधि घर बनाउने निति कार्यान्वयन नहुनु ।<br>• ठूला र अग्ला घर बनाउने होडवाजि ,देखासिकी ।<br>• कमजोर र गुणस्तरहिन समाग्रिको प्रयोग हुनु ।<br>• दक्ष कामदारको कमी । | ▪ मनिसको मृत्यु अंगभंग ।<br>▪ घरवास बिहिन ।<br>▪ गरीवि,खान बस्नको अभाव ।<br>▪ पशु चौपायाको मृत्यु ।<br>▪ माहामारी । | • भुकम्प प्रतिरोधि संरचना निर्माण गर्ने ।<br>• जनचेतनामूलक कार्यक्रम गर्ने ।<br>• पूर्वतयारी गर्ने ।<br>• घर निर्माण निति तयार गरी कार्यान्वयन गर्ने ।<br>• भू बनावट हेरेर घर संरचना बनाउने ।<br>• गुणस्तरीय समाग्रिको प्रयोग गर्ने ।<br>• दक्ष कमदार लाइ काम गर्न लगाउने । तथा कामदारलाइ तालिम दिने । |
| २ | बाढी/पहिरो वाट हुने क्षति | • बनजंगल विनास ।<br>• अव्यवर्सथित सडक निर्माण ।<br>• नदि, खोला किनार नजीक घर र वस्ती निर्माण गर्नु ।<br>• जोखिम स्थानमा तटबन्धन नहुनु ।<br>• जथाभावि नदि, खोला जन्य पदार्थ को जथाभावि उत्खनन ।<br>• नदि खोला छेउमा अव्यवस्थित बसोबास ।<br>• बाढी सम्वन्धि जनचेतनाको कमी । | • मानविय क्षति ।<br>• आथिक क्षति र भौतिक संरचा भत्कनु ।<br>• बाटोघाटो र खानेपानीका मुहानहरु मसिनु ।<br>• खेतियोग्य जमिन पुरिनु ।<br>• खेतियोग्य जमिन कटान हुनु ।<br>• घर तथा अन्य भौतिक क्षति हुनु ।<br>• वालवालिकाको पढाईमा असर पर्नु ।<br>• खानेपानीको अभाव । | • बृक्षारोपण गर्ने ।<br>• जथाभावि सडक न खन्ने ।<br>• भौतिक संरचना निर्माण गर्दा जमिनको भु वनावट र भौगोलिक बनावट हेरेर निर्माण गर्ने ।<br>• तटवन्ध लगाउने ।<br>• नदि,खोला नियन्त्रण गर्ने<br>• नदिखोला जथाभावी उत्खनन् नगर्ने ।<br>• .नदिखोला नजिक घर निर्माण नगर्ने ।<br>• खोला किनारमा वृक्षा रोपण गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | • गरिवि वढ्नु ।<br>• वसाइ सराइ ।<br>• विस्थापित हुनु ।<br>• बालीलालीमा क्षति । | • . खोलामा ग्याविन लगाई तटबन्धन गर्ने ।<br>• . खोलाको छेउछाउबाट ढुङ्गा ननिकाल्ने ।<br>• . खोलाको वहाव नियन्त्रण गर्ने ।<br>• .बाढीको जोखिम क्षेत्रमा घर नबनाउने । |
| ३ | आगलागी वाट हुने क्षति | • जनचेतनाको कमी ।<br>• खुला चरी चरनको कारण ।<br>• बालबच्चाको लापरवाहीका कारण ।<br>• जथाभावी आगो प्रयोग ।<br>• हावाहुरी ।<br>• लापरवाही । | • घर गोठ जल्ने ।<br>• पशु चौपाया जल्ने ।<br>• सम्पति जल्ने ।<br>• मानिस मर्ने । | • . खरको छाना हटाउने ।<br>• सलाई,लाईटर टाढा राख्ने ।<br>• सुरक्षित चुलो निर्माण ।<br>• . जथाभावी वनमा आगो नलगाउने ।<br>• .वालवालीकाबाट सलाई लाइटर टाढा राख्ने ।<br>• . आगलागी बारे चेतना मूलक कार्यक्रम गर्ने ।<br>• जंगलमा अग्नी रेखा निर्माण गर्ने<br>• .अगेनो निभाउने(छाप्ने) ।<br>• .घना बस्ती भएको ठाउमा पोखरी बनाउने ।<br>• .चुरोट/विडीका ठूटा जथाभावी नफाल्ने ।<br>• विद्युतिय उपकरण ठिकठाक राख्ने । |
| ४ | हावाहुरी वाट हुने क्षति | • कमजोर घरका छाना ।<br>• जस्ताले छाएका विद्यालय ।<br>• भौगोलीक वनावट ।<br>• मौसम परिवर्तन । | • मानविय क्षती ।<br>• आगलागी हुन सक्ने ।<br>• घरको छाना उडाउने ।<br>• वालवालिकालाई चोटपटक लाग्ने ।<br>• फलफुल खेतीमा नोक्सान ।<br>• विद्यालयको छाना उडाउने ।<br>• रुखविरुवा ढाल्ने ।<br>• विद्युतलाइनमा बाधा । | • पुराना र बुढा रुख हटाउने ।<br>• घरको छाना बलियो बनाउने ।<br>• सुरक्षित घर बनाउने ।<br>• बृक्षारोपण गर्ने ।<br>• विद्यालयका छाना वलियो बनाउने । |
| ५ | वन्यजन्तु वाट हुने मानविय तथा वालिहरुको क्षति | • वनजंगल विनास ।<br>• ,बन्यजन्तुलाई जंगलमा आहारको कमी ।<br>• जथाभावी बसोबास ।<br>• अत्यधीक बनमाराको बृद्धि ।<br>• जंगलि जनावरका बासस्थान अतिक्रमण हुनु ।<br>• जंगलि जनावर भगाउने पुराना उपाय छोडनु । | • फलफूल नोक्सान ।<br>• वालवालिकालाई तर्साउने ।<br>• मानिसहरुलाई आक्रमण ।<br>• अन्नबाली नास ।<br>• आयआर्जन घट्ने ।<br>• चौपायमाथि आक्रमण ।<br>• डरत्रास । | • कुकुर पाल्ने ।<br>• ठूलो ध्वनी निकाल्ने संयँत्र बनाउने ।<br>• भयाउने(पुतला) राख्ने ।<br>• जंगल विनास रोक्ने ।<br>• चौकीदारको ब्यबस्था गर्ने ।<br>• .वन क्षेत्रको घेरवार गर्ने ।<br>• बनमारा हटाउने आभियान चलाउने । |
| ६ | रोग किरा वाट हुने क्षति | • कम गुणस्तरको विउविजन प्रयोग ।<br>• जलवायू परिवर्तन । | • अन्नवाली मा नोक्सान ।<br>• कृषि उत्पादन घट्नु । | • वेर्नाको पातको टुप्पामा रहेका फुलहरुलाइ पातको टुप्पो चुडेर नष्ट गर्ने ।<br>• जैविक विषादी प्रयोग गर्ने । |
| ७ | असिना वाट हुने | • जलवायु र मौसम परिवर्तनका कारण । | • अन्न वालि ,तरकारी वालि र फलफुल वालिमा हनि । | • प्रकृतिक तथा जैविक विविधताको संरक्षण गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | क्षति | • भौगोलिक अवस्था ।<br>• परम्परा गत खेति प्रणाली । | नोक्सानि गरी अन्न संकट हुने । | • जलवायु परिवर्तन थेग्ने वालि संरक्षण र लगाउने ।<br>• असिना सहने वालि लगाउने<br>• अन्न भण्डारण ।<br>• .वाली चक्रमा परिवर्तन ।<br>• .छिटो पाक्ने बाली रोपनीको खेती गर्ने ।<br>• तरकारी खेतीमा बलियो टनेल प्रयोग गर्ने ।<br>• पोलिहाउस बलियो बनाउने ।<br>• .बिउ जोगाउने । |
| ८ | चट्याङ वाट हुने क्षति | • बिद्युत लाइन र वाइरिङमा अर्थीङ नगरिनु ।<br>• प्राकृतिक कारण ।<br>• जलवायु परिवर्तन ।<br>• घरमा अर्थिङ नगर्नु ।<br>• जनचेतना अभाव । | • पशु चौपाया मर्ने ।<br>• घरको क्षतिहुनु ।<br>• विद्युतलाईनमा नोक्सान ।<br>• मानिसको मृत्यु । | • बिद्युत लाइन र वाइरिङमा अर्थीङ गरेर बिद्युत जडान गर्ने ।<br>• बिद्युत पोल नजिक घर संरचना निर्माण न गर्ने ।<br>• घरमा तथा सार्वजनिक स्थलमा अर्थिङ गर्ने ।<br>• चट्याङ पर्ने समयमा विद्युतिय सामग्रीको प्रयोग नगर्ने ।<br>• विद्यालयमा चट्याङ प्रतिरोधि प्रविधि जडान गर्ने । |
| ९ | खडेरी वाट हुने क्षति | • जलवायु परिवर्तन ।<br>• समयमा पानि नपर्नु ।<br>• जथाभावी जंगल फडानी । | • अनिकाल पर्न सक्ने ।<br>• अन्न किन्नु पर्ने ।<br>• स्वास्थ्यमा असर ।<br>• पानिका मुल सुक्ने ।<br>• सिचाई कुलो सुक्ने । | • खडेरी सहन सक्ने बिउ प्रयोग गर्ने ।<br>• सिचाई कुला निर्माण बिस्तार गर्ने ।<br>• जंगल फडानी नगर्ने ।<br>• कृतिम सिचाई प्रणाली/सिचाई पोखरी निर्माण गरी सिचाई गर्ने ।<br>• आकासेपानी संकलन गर्ने ।<br>• बृक्षारोपण गर्ने ।<br>• बन फडानी रोक्ने ।<br>• अन्न भण्डार गर्ने । |
| १० | महामारी वाट हुने क्षति | • दुषित तथा बासी सडे गलेको .खाना खानु ।<br>• पानी दुषितहुनु र दुषित पानी पिउनु ।<br>• सरुवा रोग फैलनु<br>• जन चेतनाको कमी । | • कोभिड,झाडा पखाला, हैजा जस्ता रोगको । सक्रमण फैलिनु<br>• मानिस तथा जनावरको मृत्यू हुने ।<br>• गरीवी को दर वढ्नु वालीरोपनीमा विभिन्न रोग लाग्नु । | • खानेपानीको मुहान को सरसफाइ गर्ने ।<br>• व्यक्तिगत सरसफाइ गर्ने ।<br>• पानी सुद्धिकरण गरेर मात्र पिउने ।<br>• सरसफाईको लागि जनचेतना फैलाउने ।<br>• रोग विरुद्धका खोप लगाउने ।<br>• सावुन पानीले वारम्वार हात धुने<br>• स्वास्थ्य संस्था जाने ।<br>• संक्रमितको नजिक नजाने । |

### ३.७ संस्थागत विश्लेषण रोटी चित्र (भेन डायग्राम) :

विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन कार्यक्रम तथा विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयन गर्नका लागी हाम्रो जस्तो मुलुकमा सवैको साथ र सहयोगको आवश्यकता हुन्छ । यसका लागि गाउँपालिकाले प्रदेश तथा संघिय सरकार, जिल्ला तथा स्थानीय स्तरमा रहेका तल उल्लेखित सम्पूर्ण सरकारी तथा गैरसरकारी संघ-संस्था, विकास साझेदार हरु संग समन्वय र सहयोग लिइ योजना कार्यान्वयन गर्नु पर्दछ ।




### ३.८ संस्थागत विश्लेषण :

यस गाउँपालिकामा विपद को पूर्वतयारी, रोकथाम र अल्पिकरण र विपद्को समयमा गरिने प्रतिकार्य तथा पुर्वतयारी , विपद् पश्चात्को पुनर्स्थापना, जिविकोपार्जन र पुनर्निर्माण तथा जलवायु परिवर्तन अनुकुलनका का लागी सहयोग पुऱ्याउन विभिन्न निकाय तथा संघ सस्थाहरुको भुमिका महत्वपुर्ण हुन्छ । जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापनका सवालमा आर्थिक, प्राविधिक तथा मानविय सहयोगका लागी मुख्य रुपमा सहयोग गर्ने निकाय, संघसंस्था र विकास साझेदारहरुको विवरण देहाय वमोजिम रहेको छ ।

**तालिका १३ : संस्थागत विवरण**

| क्र.स. | कार्यालय /संघसंस्था | भौगोलिक दुरी | विपद् जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | संपर्क नं. |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| **वडा तहमा** | | | | |
| १ | वडा कार्यालय | | भौतिक पूर्वाधार तथा विकास निर्माणमा विपद जोखिम न्युनिकरण लाइ मुलप्रवाहिकरण,सचेतना कार्यक्रम संचालन,राहत वितरया | |
| २ | विद्यालयहरु | | उद्धार कार्यमा सहभागिता, जनचेतना अभिवृद्धि कार्यमा सहयोग,आश्रयस्थल | |
| ३ | स्वास्थ्य संस्था | | स्वास्थ्य उपचार , औषधि भण्डारण ,प्रेषण | |
| ४ | महिला स्वास्थ्य स्वयंसेविका | | महिला मानव स्वास्थ्य समस्या समाधानमा सहयोग | |
| ५ | नेपाल रेडक्रस उपशाखा | | प्राथमिक उपचार, भूकम्प लगायतका प्रकोप सम्बन्धी सचेतना कार्यक्रम, राहत सामाग्रीका लागी समन्वय | |
| ६ | सामुदायीक वनहरु | | जोखिम न्यूनिकरणका कार्यक्रम जस्तै वृक्षरोपण लगायत, नगद,काठ तथा अन्य सहयोग | |
| ७ | प्रहरी चौकि | | सुरक्षा प्रदान,खोज उद्धार | |
| ८ | आमा समुह | | विपद् सम्बन्धी जनचेतना , सक्रिय सहभागिता, प्रचारप्रसार | |
| ९ | युवा क्लव | | विपद् सम्बन्धी जनचेतना, ,न्युनिकरण कृयाकलाप मा सहभागीता , खोज उद्धारमा सहयोग | |
| १० | वाल क्लव | | विपद् सम्बन्धी जनचेतना, ,न्युनिकरण कृयाकलाप मा सहभागीता , | |
| ११ | स्थानिय व्यावसायी | | राहत सामाग्री सहयोग | |
| **गाउँपालिका तथा जिल्ला तहमा** | | | | |
| १ | जिल्ला प्रशासन कार्यालय | | सहकार्य , खोज ,उद्धार तथा सुरक्षा टोलि परिचालन,सामाग्री, प्रदान तथा खोज,उद्धार व्यवस्थापन | |
| २ | जिल्ला समन्वय समिति | | समन्वय, अनुगमन | |
| ३ | जिल्ला प्रहरी कार्यालय | | खोज ,उद्धार तथा सुरक्षा | |
| ४ | नेपालि सेना | | खोज ,उद्धार तथा सुरक्षा | |
| ५ | सशस्त्र प्रहरी वल | | खोज ,उद्धार तथा सुरक्षा | |
| ६ | इलाका प्रहरी कार्यालय भैरवी | | खोज ,उद्धार तथा सुरक्षा | |
| ७ | नेपाल रेडक्रस सोसाइटी | | प्राथमिक उपचार, भूकम्प लगायतका प्रकोप सम्बन्धी सचेतना कार्यक्रम, | |

| | | | | |
|---|---|---|---|---|
| | | | राहत<br>सामाग्रीको व्यवस्था | |
| ८ | खानेपानी तथा सरसफाइडिभिजन कार्यलय | | खानेपानी आयोजना निर्माण,मर्मत सम्भार तथा प्राविधिक सहयोग | |
| ९ | कृषि ज्ञान केन्द्र | | कृषि सेवा तालिम, बालीरोपनी विकास, बिउ .बिजन वितरण, जिविकोपार्जन रअनुदान तथा अनुकुलनका कार्यक्रम | |
| १० | जिल्ला वन कार्यालय | | वृक्षरोपण, नर्सरी व्यवस्थापन तथा तालिम ,विरुवा वितरण ,राहतमा काठ वितरण र प्राविधिक सहयोग | |
| ११ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | | सिँचाइ नहर,कुलो ,पोखरी निर्माण तथा आयो जनाका लागि आर्थिक तथा प्राविधिक सहयोग | |
| १२ | भु जलाधार व्यवस्थापन कार्यालय कार्यालय | | बाढी, पहिरो तथा भूक्षय नियन्त्रणका लागि<br>एकीकृत जलाधार व्यवस्थापन | |
| १३ | जिल्ला अस्पताल | | घाइतेको स्वास्थ्य उपचार ,एम्वुलेन्स व्यवस्थापन ,औषधि भण्डारण,प्रेषण | |
| १४ | जिल्ला जनस्वास्थ्य कार्यालय | | स्वास्थ्यकर्मी परिचालन,समन्वय | |
| १५ | शिक्षा समन्वय इकाइ | | समन्वय, | |
| १६ | उद्योग वाणिज्य संघ | | राहत संकलन,वितरण | |
| १७ | युनिसेफ | | योजना निर्माणमा सहयोग,विपद व्यवस्थापन,वाल<br>संरक्षण,शिक्षा,स्वास्थ्य,खानेपानी, सरसफाई क्षेत्रमा<br>सहयोग,आपतकालिन मानविय सहयोग | |
| १९ | गै.स.स. | | सुचना प्रवाहमा सहयोग, आर्थिक तथा सामाग्री  सहयोग र जनशक्ति परिचालन, आयआर्जन का क्रियाकलाप र्सचालन | |
| २० | नेपाल पत्रकार महासंघ | | सुचना संकलन, समाचार निर्माण,प्रसारण, | |
| २१ | वैंक तथा वित्तिय संस्थाहरु | | बचत तथा ऋण प्रदान , राहत सहयोग | |

## ३.९ श्रोत सामाग्रीको विश्लेषण :

यस गाउँपालिकामा विभिन्न समुहहरु, विद्यालय, स्वास्थ्य चौकी, सहकारी संस्था, सुरक्षा निकाय, लगायतका संस्थाहरुलाई श्रोत को रुपमा लिइएको छ । यसका अतिरिक्त गाउँपालिका भित्रका खुल्ला क्षेत्रहरू, पानीको स्रोतहरु तथा मुहान, गाउँपालिका क्षेत्रका सिकर्मी तथा डकर्मीहरू ,तालिम प्राप्त पौडीबाज, तालिम प्राप्त स्वयंसेवक, महिला स्वास्थ्य स्वयसेविका, स्वास्थ्यकर्मी,तालिम प्राप्त कृषि प्राविधिक, शिक्षक, कर्मचारी, भौतिक संरचना ,विपद जोखिम न्युनिकरण र प्रतिकार्यका सामाग्री आदी हरु पनि विपद व्यवस्थापनका श्रोतहरु हुन ।

यस गाउँरपालिकामा गाउँपालिका तथा वडा स्तरिय स्तरीय विपद तथा जलवायु उत्थानशिल समिति गठन भएको छ । यसले समुदायलाई विपदसँग सामना गर्ने क्षमता विकासमा कार्य गर्नेछ । यसले विपद जोखिम न्युनिकरण र व्यवस्थापन का लागी समुदाय र मानव श्रोतलाइ क्षमता अभिवृद्धि गरी उनिहरुको ज्ञान, सिप र क्षमताको विकास गर्नु जरुरी छ । यसका साथै विपद व्यवस्थापन को कार्यलाइ प्रभावकारी वनाउन विपद कोषको स्थापना गर्नु जरुरी छ । गाउँपालिकामा भएको श्रोतहरु देहाय वमोजिम छन ।

**तालिका १४ : श्रोत सामाग्री**

| विवरण | नाम र रहेको स्थान (कहाँ) | वडा नं. | सङ्ख्या (कति) | अवस्था |
|---|---|---|---|---|
| **भौतिक स्रोत** | | | | |
| **पुल** | झोलुङ्गे पुल र पक्की पुल(शिरस्थान, छामघाट, खोलिबजार) | १ | ५ | ठिकै |
| | झोलुङ्गे पुल(सालतडा, दिपायल) | २ | २ | सुधार गर्नुपर्ने |
| | झोलुङ्गे पूल (गडाजिउला) | ३ | २ | सुधार गर्नुपर्ने |
| | झोलुङ्गे पुल(गडा ज्युला,टिमुरसैन । | ४ | २ | राम्रो |
| | बाँदर फड्का,जार्ज,साइति,जग्रे,डोक्रा | ५ | ४ | निर्माणधिन |
| | झोलुङ्गे पुल (कुटी र भ्यापुल्ले) | ६ | २ | राम्रो |
| | झोलुङ्गे पुल (ठुलोखोला, भित्रीखोला, आरुपाते, मुलपानी, मान्मखोला) | ७ | ५ | राम्रो |
| **भूकम्प प्रतिरोधी विद्यालय भवन** | ने.रा. आ.वि. महतारागाउँ | १ | ४ कोठा | सुरक्षित |
| | देउती आ.वि., ने.रा.आ.वि., जनसेवा प्रा.वि., मदरसा, पञ्चकोशी प्रा.वि. | ३ | ५ विद्यालय | सुरक्षित |
| | गौरी मावि,युवा प्रावि | ४ | २ | सुरक्षित |
| | मष्टा प्रा.वि., मष्टामाडु मा.वि., हिमालय मा.वि. | ५ | २ विद्यालय | सुरक्षित |
| | शहिद आ.वि. कुर्माकोट, सरस्वती आ.वि., | ६ | ८ विद्यालय | सुरक्षित |

| | | | | |
|---|---|---|---|---|
| | आदर्श मा.वि., भक्ती आ.वि. | | | |
| | पुष्पलाल आ.वि.भित्रीखोला, महादेव मा.वि. पानीपोखरा, ने.रा.आ.वि. मान्म, ने.रा.आ.वि. डाडासरु, भगवती आ.वि. कुसापानी, मनमोहन प्रा.वि. कुसापानी, मंगला प्रा.वि. कंडेनी | ७ | १४ वटा | सुरक्षित |
| **पक्कीबाँध** | भैरबीखोला,गडाज्युला,नाग खोला,भिटाखेत,औलाटाकुरा | ४ | ५ | राम्रो |
| | गिताचौर | ५ | १ | राम्रो |
| **खुलाचउर** | विद्यालयहरुका मैदान | १ | ३ | राम्रो |
| | विद्यालयहरुका मैदान | २ | ३ स्थान | राम्रो |
| | विद्यालयहरुका मैदान | ३ | ६ स्थान | ठिकै |
| | गौरी मावि,युवा प्रावि | ४ | २ स्थान | ठिकै |
| | नभएको | ५ | | |
| | विद्यालयहरुका मैदान | ६ | २ स्थान | |
| | विद्यालयहरुका मैदान | ७ | १ स्थान | |
| **हेलिप्याड** | पानीटंकी वडा नं ३ | ३ | १ | ठिकै |
| | भैरिकालिकाथुम स्वास्थ्यचौकी | ४ | १ | ठिकै |
| **पूर्वसूचनाप्रणाली** | नभएको | | | |
| **लाइफज्याकेट** | नभएको | | | |
| **डुङ्गा** | नभएको | | | |
| **डोरी** | | | | |
| **अग्नीनियन्त्रण सामाग्री सेट** | नभएको | | | |
| **फाएर वल** | नभएको | | | |
| **खोज तथा उध्दारका सामाग्री सेट (गैटी, सावेल, पिक, डोरी आदि)** | नभएको | ४ | | |
| **भत्केका संरचनाहरु हटाउने, काटने सामाग्रीहरु** | नभएको | | | |
| **त्रिपाल** | गाउँपालिकामा | | १२ | राम्रो |

| | | | | |
|---|---|---|---|---|
| | वडा कार्यालयमा | १ | १५ वटा | राम्रो |
| | वडा कार्यालयमा | २ | १५ वटा | राम्रो |
| | वडा कार्यालयमा | ३ | १५ वटा | राम्रो |
| | वडा कार्यालयमा | ४ | १५ वटा | राम्रो |
| | वडा कार्यालयमा | ५ | १५ वटा | राम्रो |
| | वडा कार्यालयमा | ६ | १५ वटा | राम्रो |
| | वडा कार्यालयमा | ७ | १५ वटा | राम्रो |
| **कम्वल** | वडामा | ४ | २ वटा | राम्रो |
| | वडामा | ७ | ३ वटा | राम्रो |
| **हाइजीनकिट** | नभएको | | | |
| **वेवीकिट** | नभएको | | | |
| **डिग्नीटीकिट** | नभएको | | | |
| **सेल्टर निर्माण किट** | नभएको | | | |
| **अपांगताभएका व्यक्तिकोलागि सामाग्रीहरु ( वैशाखी, ह्विल चेयर, चस्मा, सेतो छडी, इयर फोन आदि)** | गाउँपलिकामा (वैशाखी, सेतो छडी) | | ५ जोडा र ६ वटा | |
| **सेफटी हेल्मेट** | नभएको | | | |
| **स्टेचर** | स्वास्थ्य संस्था | १ | २ वटा | राम्रो |
| | स्वास्थ्य संस्था र आमा समुहमा | २ | ३ वटा | ठीकै |
| | स्वास्थ्य संस्थामा | ३ | १ वटा | राम्रो |
| | स्वास्थ्य संस्था,टोल र वडा कार्यालय | ४ | ५ वटा | राम्रो |
| | ४ वटा टोलमा,१ वटा स्वास्थ्य संस्थामा | ५ | ५ वटा | पुरानो भएको |
| | स्वास्थ्य संस्थामा | ६ | २ वटा | पुरानो भएको |
| | स्वास्थ्य संस्थामा | ७ | ३ वटा | ठिकै |
| **एम्वुलेन्स** | गाउँपालिकामा | | १ वटा | राम्रो |
| **दमकल** | नभएको | | | |
| **इमरजेन्सी टर्च लाइट** | नभएको | | | |

| | | | | |
|---|---|---|---|---|
| **गम्वुट** | गाउँपालिकामा | | ७ जोर | राम्रो |
| **मेडिकेटेड झुल** | नभएको | | | |
| **पकाउने भांडाकुंडाहरु सेट** | वडा कार्यालयमा | ४ | १ सेट | राम्रो |
| **अक्वागार्ड, पियुष** | नभएको | | | |
| **ह्याण्ड माइक** | पालिकामा | | ४ वटा | ठिकै |
| **पानीफिल्टर गर्ने मेशिन** | नभएको | | | |
| **स्काभेटर,जेसि.भी.** | गा.पा.मा | | १ | चालु |
| **पिपिइ सेट** | स्वास्थ्य संस्थाहरुमा | | १२ सेट | राम्रो |
| **मास्क** | स्वास्थ्य संस्थामा | १ | २०० पिस | |
| | स्वास्थ्य संस्थामा | २ | २०० पिस | |
| | स्वास्थ्य संस्थामा | ३ | २०० पिस | |
| | स्वास्थ्य संस्थामा | ४ | ५० पिस | |
| | स्वास्थ्य संस्थामा | ५ | १०० पिस | |
| | स्वास्थ्य संस्थामा | ६ | १०० पिस | |
| | स्वास्थ्य संस्थामा | ७ | १०० पिस | |
| **पानी परिक्षण किट** | नभएको | | | |
| **स्यानिटाइजर** | वडा,स्वास्थ्य संस्थामा | १ | १२ बोत्तल | राम्रो |
| | वडा,स्वास्थ्य संस्थामा | २ | ७ बोत्तल | राम्रो |
| | वडा,स्वास्थ्य संस्थामा | ३ | ४ बोत्तल | राम्रो |
| | स्वास्थ्य संस्थामा | ४ | ४ वोत्तल | राम्रो |
| | वडा,स्वास्थ्य संस्थामा | ५ | १ लिटर | राम्रो |
| | वडा,स्वास्थ्य संस्थामा | ६ | १५ बोत्तल | राम्रो |
| | वडा,स्वास्थ्य संस्थामा | ७ | ६ बोत्तल | राम्रो |
| **थर्मल गन** | स्वास्थ्य संस्थामा | १ | २ वटा | राम्रो |
| | स्वास्थ्य संस्थामा | २ | ३ वटा | राम्रो |
| | स्वास्थ्य संस्थामा | ३ | २ वटा | राम्रो |
| | ,स्वास्थ्य संस्थामा | ४ | ३ वटा | राम्रो |
| | स्वास्थ्य संस्थामा | ५ | २ वटा | राम्रो |
| | स्वास्थ्य संस्थामा | ६ | २ वटा | राम्रो |

| | | | | |
|---|---|---|---|---|
| | स्वास्थ्य संस्थामा | ७ | ३ वटा | राम्रो |
| | पालिकामा | | १ वटा | राम्रो |
| **सर्जिकल पञ्जा** | पालिकामा | | १० डब्बा | |
| | स्वास्थ्य संस्थामा | १ | ३ डब्बा | |
| | स्वास्थ्य संस्थामा | २ | ५ डब्बा | |
| | स्वास्थ्य संस्थामा | ३ | ६ डब्बा | |
| | स्वास्थ्य संस्थामा | ४ | ९ डब्बा | |
| | स्वास्थ्य संस्थामा | ५ | ३ डब्बा | |
| | स्वास्थ्य संस्थामा | ६ | ४ डब्बा | |
| | स्वास्थ्य संस्थामा | ७ | ११ डब्बा | |
| **साबुन** | स्वास्थ्य संस्थामा,वडामा | १ | १ दर्जन | |
| | स्वास्थ्य संस्थामा,वडामा | २ | ५ दर्जन | |
| | वडा ,स्वास्थ्य संस्थामा | ३ | २ दर्जन | |
| | वडा ,स्वास्थ्य संस्थामा | ४ | ४ दर्जन | |
| | स्वास्थ्य संस्थामा,वडामा | ५ | १ दर्जन | |
| | स्वास्थ्य संस्थामा | ६ | २ दर्जन | |
| | स्वास्थ्य संस्थामा,वडामा | ७ | ५ दर्जन | |
| **अस्थायी सौचालय सामाग्री** | नभएको | | | |
| **पाइप** | नभएको | | | |
| **पानी ट्याङ्की** | रावतकोट, चगत्रा,बाणंगंगा खानेपानी, सिलंगी, कुसापानी, डाँडासरु, गैरासरु, पानीपोखरा, | पलिका सबै | २१ वटा | ठीकै |
| **पानी आपुर्ति ट्याङ्कर** | नभएको | | | |
| **बन्यजन्तु धपाउने सामान** | पलिकामा (बादर धपाउने बन्दुक ) | | ४ थान | राम्रो |
| **तारजाली** | पालिकामा | | १८ थान | राम्रो |
| **जस्तापाता** | नभएको | | | |
| **लत्ता कपडा** | स्लिपिङ व्याग | पालिका | ८ थान | राम्रो |
| **एन्टिभेनम** | नभएको | | | |
| **डकर्मी** | वडामा | १ | २५ जना | दक्ष |

| | | | | |
|---|---|---|---|---|
| | वडामा (बसन्तडाडा,पुर्तिमकाडा,गिठाकोट, घर्तिगाउँ) | २ | ५० जना | दक्ष |
| | प्रत्येक टोलमा | ३ | १२ जना | दक्ष |
| | प्रत्येक टोलमा | ४ | ४० जना | |
| | प्रत्येक टोलमा | ५ | १० जना | तालिम प्राप्त नभएको |
| | वडामा | ६ | ५ जना | दक्ष |
| | वडामा | ७ | २० जना | दक्ष |
| **सिकर्मी** | वडामा | १ | ५ जना | तालिम प्राप्त |
| | वडामा | २ | १६ जना | तालिम प्राप्त |
| | वडामा | ३ | १८ जना | तालिम प्राप्त |
| | प्रत्येक टोलमा | ४ | २० जना | तालिम प्राप्त |
| | प्रत्येक टोलमा | ५ | १० जना | तालिम प्राप्त |
| | वडामा | ६ | २० जना | तालिम प्राप्त |
| | वडामा | ७ | २७ जना | तालिम प्राप्त |
| **मानवीय स्रोत** | | | | |
| **भूकम्प प्रतिरोधी घर वनाउन सक्ने दक्ष मिस्त्री** | वडामा | १ | ७ जना | तालिम प्राप्त |
| | वडा , | ३ | ८ जना | तालिम प्राप्त |
| | वडामा | ४ | ११ जना | |
| | वडामा | ५ | १३ जना | |
| | वडामा | ६ | ९ जना | |
| **आधारभूतखोज तथाउद्धार तालिमप्राप्त जनशक्ति** | नभएको | | | |
| **विपद् प्रतिकार्य सम्बन्धी तालिम प्राप्त जनशक्ति** | नभएको | | | |
| **पौडीबाज** | वडामा | २ | ३ जना | |
| | वडामा | ३ | ३ जना | |
| | वडामा | ४ | २ जना | |
| | वडामा | ५ | ४ जना | |
| | वडामा | ६ | ४ जना | |

| | | | | |
|---|---|---|---|---|
| | वडामा | ७ | २ जना | |
| **प्राथमिकउपचार तालिमप्राप्त** | स्वास्थ्य संस्था र वडामा | १ | १२ जना | |
| | स्वास्थ्य संस्था र वडामा | २ | ३ जना | |
| | स्वास्थ्य संस्था र वडामा | ३ | १५ जना | |
| | स्वास्थ्य संस्था र वडामा | ४ | ९ जना | |
| | स्वास्थ्य संस्था र वडामा | ५ | ५ जना | |
| | स्वास्थ्य संस्था र वडामा | ६ | ५ जना | |
| | स्वास्थ्य संस्था र वडामा | ७ | ८ जना | |
| **महिला स्वास्थ्य स्वयंसेविका** | वडामा | १ | ९ जना | |
| | वडामा | २ | ८ जना | |
| | वडामा | ३ | ११ जना | |
| | वडामा | ४ | ६ जना | |
| | वडामा | ५ | ७ जना | |
| | वडामा | ६ | ६ जना | |
| | वडामा | ७ | ८ जना | |
| **मनोसामाजिक परामर्शदाता** | वडामा | १ | १ जना | वडामा |
| | वडामा | २ | १ जना | वडामा |
| | वडामा | ३ | १ जना | वडामा |
| | वडामा | ४ | १ जना | वडामा |
| | वडामा | ५ | १ जना | वडामा |
| | वडामा | ६ | १ जना | वडामा |
| | वडामा | ७ | १ जना | वडामा |
| **स्वास्थ्य संस्थामा आरआरटी** | गाउँपालिका स्तरमा | | भएको | |
| **अग्नीनियन्त्रक** | नभएको | | | |
| **तारजालीवुन्न सक्ने** | वडामा | ३ | ८ जना | |
| **अस्थायी आवास निर्माण तालिमप्राप्त जनशक्ति** | वडामा | १ | १० जना | |
| | वडामा | २ | ११जना | |
| | वडामा | ३ | १५ जना | |
| | वडामा | ४ | ५० जना | |

| | | | | |
|---|---|---|---|---|
| | वडाका विभिन्न टोलमा | ५ | ५० जना | |
| | वडामा | ६ | २५जना | |
| | वडामा | ७ | ४० जना | |
| **शवव्यवस्थापन गर्न सक्ने जनशक्ति** | वडामा | १ | १० जना | |
| | वडामा | २ | २५ जना | |
| | वडामा | ३ | ३० जना | |
| | वडामा | ४ | ५० जना | |
| | वडामा | ५ | ७५ जना | |
| | वडामा | ६ | ५० जना | |
| | वडामा | ७ | ३० जना | |
| **विपदव्यवस्थापन सम्वन्धितालिमदिन सक्ने जनशक्ति** | नभएको | | | |
| **तालिम प्राप्त पशुपंक्षि प्राविधक** | वडामा | १ | १ जना | |
| | वडामा | २ | १ जना | |
| | वडामा | ३ | ५ जना | |
| | वडामा | ४ | १ जना | |
| | वडामा | ५ | १ जना | |
| | वडामा | ६ | १ जना | |
| | वडामा | ७ | १ जना | |
| **सामाजिक स्रोत** | | | | |
| **सुरक्षितआवास सामुदायिक घर** | नभएको | | | |
| **आश्रय लिन सक्ने मठ, मन्दिर** | नभिस्थान मन्दीर | १ | १ वटा | |
| | भैरवी मन्दिर | ४ | १ वटा | |
| | ब्याउली धर्मशाला | ७ | १ वटा | |
| **आश्रय लिन सक्ने सामुदायिक भवन** | वडाकार्यालय र विद्यालय | १ | ३ वटा | |
| | वडाकार्यालय र विद्यालय | २ | ४ वटा | |
| | वडाकार्यालय र विद्यालय | ३ | ५ वटा | |
| | वडाकार्यालय र विद्यालय | ४ | ४ वटा | |
| | वडाकार्यालय र विद्यालय | ५ | ५ वटा | |

| | | | | |
|---|---|---|---|---|
| | वडाकार्यालय र विद्यालय | ६ | ६ वटा | |
| | वडाकार्यालय र विद्यालय | ७ | ६ वटा | |
| **आर्थिक स्रोत** | | | | |
| **ठुलाव्यापार व्यवसाय खाद्दान्न** | चगत्रा | ३ | ३ वटा | |
| | डाडीमाडी | ५ | २ वटा | |
| | सीलंगी | ४ | २ वटा | |
| | खम्बागाडे | ६ | ३ वटा | |
| **ठुला व्यापार व्यावसाय गैर खाद्यान्न** | नभएको | | | |
| **वडाको विपदव्यवस्थापन कोष** | पालिकाको | | | |
| **बचत समूह** | प्रत्येक टोलमा | १ | ६ वटा | |
| | प्रत्येक टोलमा | २ | ५ वटा | |
| | प्रत्येक टोलमा | ३ | ५ वटा | |
| | प्रत्येक टोलमा | ४ | ७ वटा | |
| | प्रत्येक टोलमा | ५ | ४ वटा | |
| | प्रत्येक टोलमा | ६ | ६ वटा | |
| | प्रत्येक टोलमा | ७ | ५ वटा | |
| **समूहको विपद कोष रु** | नभएको | | | |
| **सहकारी** | वडामा | १ | २ वटा | |
| | वडामा | २ | १ वटा | |
| | वडामा | ३ | ३ वटा | |
| | वडामा | ४ | १ वटा | |
| | वडामा | ५ | १ वटा | |
| | वडामा | ७ | १ वटा | |
| | वडामा | १ | २ वटा | |
| **बैङ्क तथा वित्तीय संस्था** | बित्तिय संस्था (ग्लोबल आइ.एम.इ. बैंक) | ५ | १ वटा | |
| | हिमालयन बैंक | ४ | १ वटा | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| **खेतीयोग्यभूमि** | भएको | १ | | |
| | भएको | २ | | |
| | भएको | ३ | | |
| | भएको | ४ | | |
| | सैनचौर,बाँदर फड्का,कसेडी, डोक्रा, खम्वचौर,भैरी, विष्टबाडा, थापाबाडा । | ५ | ९ स्थान | |
| | भएको | ६ | | |
| | भएको | ७ | | |
| **बांस भएको वस्ती** | वडाका जंगल, गाउँ सबै | १ | ५ स्थान | |
| | वडाका जंगल, गाउँ सबै | २ | ७ स्थान | |
| | वडाका जंगल, गाउँ सबै | ३ | ५ स्थान | |
| | पारिगराटोल,धमला टोल,साउनेपानी टोल | ४ | ३ स्थान | |
| | विष्टबाडा, थापाबाडा, भैरी,डोक्रा, डागरगाड,चौर,बाहाचौर । | ५ | ७ स्थान | |
| | वडाका जंगल, गाउँ सबै | ६ | ७ स्थान | |
| | वडाका जंगल, गाउँ सबै | ७ | ६स्थान | |
| **कुवा** | पलिका भरी | सबै | १५ वटा | |
| **तारजालीको लागिआवश्यकपर्ने ढुंगाको श्रोत** | वडाभरी | १ | ३ ठाउँ | |
| | वडाभरी | ३ | १ ठाउँ | |
| | गडाज्युला र भैरबी खोला | ४ | २ ठाउँ | |
| | वडाका खोलामा | ५ | ३ ठाउँ | |
| | वडाभरी | ६ | १ ठाउँ | |
| | वडाभरी | ७ | २ ठाउँ | |
| **ताल तथा पोखरी ( निजी र सार्वजनिक)** | नभएको | | | |
| **वनजङ्गल (हेक्टर वा रोपनी)** | भएको | १ | | |
| | भएको | २ | | |
| | भएको | ३ | | |
| | भएको | ४ | | |
| | भएको | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| | भएको | ६ | | |
| | भएको | ७ | | |
| **नहर** | नभएको | | | |
| **खेर गैरहेको जमिन** | रहेको | १ | | |
| | रहेको | २ | | |
| | रहेको | ३ | | |
| | रहेको | ४ | | |
| | भएको | ५ | | |
| | भएको | ६ | | |
| | भएको | ७ | | |

### ३.१० परम्परागत ज्ञान र सीप विश्लेषण :

गाउँपालिकाको वडाहरुमा गरिएको छलफलका आधारमा समुदायमा विपद्को सामना गर्न परम्परागत रूपमा अपनाइएका विधिहरूको यहा उललेख गरिएको छ । यसले विपद्को समना गर्न भविष्यमा अपनाउनु पर्ने विधिको पहिचान गरी स्थानीय ज्ञान र सीपको प्रबर्द्धन गर्न सहयोग पुग्नेछ ।

**तालिका १५ : जोखिम न्यूनीकरणकालागि गरिएका स्थानिय प्रयासहरु**

| क्र.स | प्रकोप | जोखिम न्यूनीकरणकालागि गरिएका प्रयासहरु |
|---|---|---|
| १ | **भुकम्प** | घरबनाउदा काठको नस राख्ने,काठको भरइनाराखि काठकाका घर बनाउने,गारो (बान्नो)चौडा बनाउने, घरबाट वाहिर निस्कने जमिन र ढोका कम सतहमा राख्ने,घरको जगमा ठूलो र फराकिलो ढुङ्गा राख्ने, हाचो घर बनाउने , घर अगाडी आगन राख्ने । |
| २ | **बाढी/पहिरो** | भल काट्ने ,भल छेक्ने,बृक्षारोपण गर्ने, पर्खाल लगाउने ,गरा बनाएर खेति गर्ने,तटबन्धन,ढलनिकास,वाल लगाउने,भिरालो ठाउको ढुङ्गा ननिकाल्ने । तटवन्ध गर्ने ,सम्भावित क्षेत्रमा विरुवा रोप्ने , ढुङ्गा ,वालुवा जथाभावि निकासी पैठारी रोक्ने ,ढुङ्गा को वाल लगाउने ,बृक्षा रोपण । |
| ३ | **आगलागी** | जनचेतना मुलक कार्य गर्ने ,अग्निरेखा रेखा कोर्ने ,जंगल सरसफाई ,आगो निभाउने,टिनको छाना लगाउने, सलाई लाईटर वालवालिकाबाट टाढा राख्ने,काम सकिएपछि अगेनो निभाउने, जथाभावी घ्रुम्रपान नगर्ने,खर,घाँस,स्याउला घर भन्दा टाढा राख्ने । |
| ४ | **हावाहुरी** | घर, विद्यालयको छाना बलियो वनाउने, छानामा गह्रौङ्गो ढुङ्गा,काठ राख्ने । |
| ५ | **महामारी** | खानेपानीको मुहान को सरसफाइ गर्ने,व्यक्तिगत सरसफाइ गर्ने,पानी सुद्धिकरण गरेर मात्र पिउने,सरसफाईको लागि जनचेतना फैलाउने,रोग विरुद्धका खोप लगाउन,स्वास्थ्य संस्था जाने,संक्रमितको नजिक नजाने । |
| ६ | **वन्यजन्तु** | लखेट्ने, कुकुर पाल्ने,थाल बजाउने,आवाज लगाउने,ग्वाला लगाउने,पुतला राख्ने,गुलेली हान्ने । |

| | | |
|---|---|---|
| ७ | **रोगकिरा** | रैथाने विउविजनको प्रयोग ,स्थानिय जैविक विषादी को प्रयोग गर्ने । |
| ८ | **असिना** | स्थानिय रैथाने वाली लगाउने, टनेल खेति गर्ने, परम्परागत विधि अपनाउने , प्रकृतिक तथा जैविक विविधताको संरक्षण गर्ने, वालि संरक्षण गर्ने । |
| ९ | **चट्याङ** | बिद्युत लाइन र वाइरिङमा अर्थीङ गरेर बिद्युत जडान गर्ने ,बिद्युत पोल नजिक घर संरचना निर्माण नगर्ने,आकाश गड्याङगुडुङ गर्दा बत्ति बन्द गर्ने,घरबाहीर ननिस्कने । |
| १० | **खडेरी** | सिचाई कूलो निर्माण,अन्न भण्डार गर्ने, डेरीमा अन्न बचत गर्ने ,भकारी निर्माण रैथाने वाली लगाउने । |

## ३.११ जलवायू परिवर्तनको प्रभाव विश्लेषण :

गाउँपालिकमा जलवायु परिवर्तनका कारण वन, कृषि तथा जलश्रोत आदि क्षेत्रमा परेको प्रभाव र कारण हरुको विश्लेक्षण गरीएको छ । विगतका ३० वर्ष देखि हाल सम्मको अवस्था लाइ हेर्दा सामान्य रुपमा गर्मी बढ्दै गएको पानी पर्ने क्रम पनि कम हुदै गएको तथा मनसुन वर्षा र हिउँदे वर्षा को समयमा पनि परिर्वन हुदै गएको, अल्प तथा खण्ड वृष्टि,सुख्खा पर्नु तथा खडेरीको क्रम बढ्दै जान थालेको, बाली लगाउने समय पनि केही पछाडी धकेलिदै गएको जस्ता जानकारी समुदाय स्तरबाट को छलफलको क्रममा आएको थियो । समुदाय संग गरिएको छलफलका आधारमा जलवायु परिवर्तन को प्रभाव निम्न तालिकामा विश्लेषण गरिएको थियो ।

**तालिका १६ : जलवायू परिवर्तनेल गर्दा ल्याएका प्रभावहरु**

| क्षेत्र | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको प्रभाव | कारण | सम्भावित समाधानकाउपाय |
|---|---|---|---|---|
| **कृषि तथा खाद्य** | ▪ परम्परागत खेति प्रणाली ।<br>▪ आकासे पानीको भर ।<br>▪ खाद्यबस्तु स्वस्थकर ।<br>▪ माटोको उर्वरा शक्ति मलिलो थियो ।<br>▪ कम्पोष्ट मलको प्रयोग गरिन्थ्यो ।<br>▪ हावापानी अनुकुल थियो<br>▪ पशु रोग मा कमी । | ▪ उन्नत विउविजनको प्रयोग ।<br>▪ माटोको उर्वरा शक्ति घटेको ।<br>▪ समयमा पानि नपर्ने ।<br>▪ बाली छिटो पाक्ने ।<br>▪ रोगकिराको प्रकोप बढी भएको ।<br>▪ अर्गानिक खेतीमा कमी ।<br>▪ अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टिले उत्पादन घटेको ।<br>▪ युवा विदेश पलायनले कृषि तथा पशुपालन व्यावसायमा प्रभाव ।<br>▪ घाँसपातमा कमी ।<br>▪ उत्पादनमा कमी हुँदा महंगी बढेको । | ▪ रासाायनिक मलको प्रयोग ।<br>▪ जलवायू परिर्वतन । | ▪ माटो परिक्षण गर्ने ।<br>▪ विभिन्न जैविक मल तथा विषदिको प्रयोगमा जोड दिने ।<br>▪ कम्पोष्ट तथा प्राङ्गारिक मल प्रयोगमा जोड दिने ।<br>▪ आधुनिक खेति प्रणाली विस्तार गर्ने ।<br>▪ सिचाई कुलो तथा नहरको व्यवस्था गर्ने ।<br>▪ जलवायु अनुकुल विउविजनको प्रयोग ।<br>▪ रेथाने प्रजातिको विउविजनको संरक्षण गर्नु पर्ने र लगाउने । |

| | | | | |
|---|---|---|---|---|
| | | ▪ पशु रोगमा वृद्धि । | | |
| **बन, जैविक विविधता तथा जलाधार** | ▪ घना वनजंगल ।<br>▪ खोला नालाहरुमा पानिको मात्रा धेरै ।<br>▪ वन्यजन्तु धेरै भएको ।<br>▪ घास दाउराको प्रचुरता ।<br>▪ जैविक विविधता युक्त जंगल ।<br>▪ खोलानालाका पानीमा स्वच्छता । | ▪ वनजंगल मासिदै जानु ।<br>▪ कतिपय वनस्पति लोप हुदै गएको ।<br>▪ पानिका मुहान सुकेको ।<br>▪ खोला नालामा पानि घटेको ।<br>▪ खडेरी, अतिवृष्टि,अनावृष्टि ।<br>▪ वन्यजन्तु लोप हुँदै गएको ।<br>▪ प्राकृतिक श्रृंखला परिवर्तन भएको ।<br>▪ तापक्रम बृद्धि मनसुन ढिलोचाँडो हुने ।<br>▪ पानी दुषित हुदै गएको । | ▪ जथाभावी वन फडानी ।<br>▪ जथाभावी खोलाहरुमा उत्खनन ।<br>▪ वनयजन्तुको चोरी सिकारी । | ▪ वनजंगलको संरक्षण गर्ने ।<br>▪ वृक्षारोपण गर्ने ।<br>▪ पानिका मुहानहरुको संरक्षण गर्ने ।<br>▪ जलाधारहरुको संरक्षण गर्ने ।<br>▪ वन्यजन्तुको संरक्षण गर्ने ।<br>▪ जैविक विविधताको संरक्षण गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| **जलश्रोत तथा उर्जा** | ▪ पानीका मुहान र श्रोत प्रसस्तै रहेको ।<br>▪ समयमा मनसुन र हिंउदे वर्षा ।<br>▪ विद्युत लाईन कम ।<br>▪ नदि खोलामा पानीको सतह बढी ।<br>▪ खानेपानीको समस्या नभएको ।<br>▪ पोखरीहरु रहेको । | ▪ पानीका मुहान सुक्दै र घट्दै गएको ।<br>▪ नदी ,खोलामा पानी घट्दै गएको ।<br>▪ विजुलिको विस्तार ।<br>▪ सोलार प्रणाली जडान भएको<br>▪ पानीको सतह घटेको ।<br>▪ अहिले ऊर्जाका लागि विद्युत सौर्य प्यानल, सौर्य बत्ती र एलपीजी ग्यासको प्रयोग बढेको छ । | ▪ पानीका मुहान संरक्षण नहुनु ।<br>▪ नदी,खोला अतिक्रमण ।<br>▪ नदी,खोलानजिक वस्ति विस्तार ।<br>▪ जथाभावि नदी,खोलाजन्य पदार्थको उत्खनन । | ▪ पानीका मुहान संरक्षण ।<br>▪ जथाभावि नदी,खोलाजन्य पदार्थको उत्खनन नियन्त्रण ।<br>▪ नदी खोला किनारमा वृक्षारोपण ।<br>▪ पानीका मुहान क्षेत्रमा वृक्षारोपण ।<br>▪ वैकल्पिक उर्जा प्रवर्धन ।<br>▪ सिंचाइ पोखरी निर्माण । |
| **ग्रामिण र शहरी वसोवास** | ▪ जनसंख्या कम ।<br>▪ पातलो वस्ती ।<br>▪ ग्रामिण जनजिवन ।<br>▪ वसाइ सराइ कम ।<br>▪ वजार क्षेत्र थोरै ।<br>▪ घरहरू प्रायः माटो र काठले बनेका थिए । | ▪ शहरतिर वसाइ सराइ तिव्र ।<br>▪ सहरी क्षेत्र विस्तार ।<br>▪ वातावरण दुषित हुने ।<br>▪ विकृती, विसंगतीमा वृद्धि भएको ।<br>▪ पानीको आपूर्तीमा कमी ।<br>▪ खाद्यान्न उत्पादन कम ।<br>▪ उत्पादनशिल जमिनको कमी ।<br>▪ मोटरेबल सडक विस्तार भइरहेको छ । | ▪ वजार क्षेत्रमा वसोवासको आकर्षण ।<br>▪ जनसंख्या वृद्धि ।<br>▪ अव्यवस्थित वसोवासका कारण विपद जोखिम वढ्ने । | ▪ वजार क्षेत्रलाइ व्यवस्थित गर्ने ।<br>▪ भु–उपयोगको निति वनाइ लागु गर्ने ।<br>▪ ग्रामिण क्षेत्रहरुमा पुर्वाधार निर्माण ।<br>▪ स्थानीय स्तरमा रोजगारी को सृजना । |
| **पर्यटन, एवं प्राकृतिक र सांस्कृतिक सम्पदा** | ▪ पर्यटकिय स्थानको पहिचान हुन नसकेको ।<br>▪ स्थानिय कला संस्कृति रहेको ।<br>▪ आफ्नो कला संस्कृतिमा गौरव<br>▪ कला संस्कृति को संरक्षण ।<br>▪ आफ्नै सांस्कृतिक पक्षसँग बलियो सम्बन्ध थियो,<br>▪ परम्परागत चलनहरू प्रचलित थिए ।<br>▪ बाह्य संस्कृतिको प्रभाव कम थियो । | ▪ पर्यटकियस्थल व्यवस्थित हुन थालेको ।<br>▪ परम्परागत स्थानिय कला संस्किृति लोप हुदै गएको ।<br>▪ पर्यटकको संख्यामा सामान्य बृद्धि ।<br>▪ प्राकृतिक सम्पदाको ह्रासहुदै गएको ।<br>▪ ताल, तलैयाहरु सुक्दै गएको ।<br>▪ बाह्य संस्कृतिको प्रभाव बिस्तार ।<br>▪ आन्तरिक तथा बाह्य पर्यटनको विकाससँगै मानिसको जीवनशैलीमा पनि उल्लेख्य परिवर्तन आएको छ । मानिसहरु | ▪ बाह्यंस्कृतिको प्रभाव ।<br>▪ पर्याटकिय क्षेत्रमा पुर्वाधार को अभाव । | ▪ स्थानिय कला संस्कृतिको संरक्षण ।<br>▪ पर्यटकिय स्थलको स्तरोन्नती ।<br>▪ प्रकृतिक र सास्कृतिक सम्पदाको संरक्षण गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | घुम्न र मनोरञ्जनको लागि नयाँ गन्तव्यहरू खोज्ने् कम बढेको छ ।<br>■ आफ्नो संस्कृति संरक्षणमा चासो बढ्दै गएको छ । | | |
| **मानव स्वास्थ्य, खानेपानी, सरसफाइ तथा महामारी** | ■ स्वास्थ्य संस्था नहुदा बिरामी पर्दा बाटैमा अकाल मृत्युहुने ।<br>■ माहामारी बढी ।<br>■ स्वास्थ्य संस्थाहरुको कमी ।<br>■ स्वास्थ्य कर्मिहरुको कमी ।<br>■ सरसफाईमा कमी ।<br>■ पानि ल्याउन टाढा जानु पर्ने ।<br>■ नसर्ने रोगहरु कम ।<br>■ बालबच्चाहरु धेरै जन्मिने गर्थे जसको कारण राम्रो रेखादेख हुँदैंनथ्यो । यसले गर्दा मातृ तथा बाल मृत्युदर धेरै नै थियो ।<br>■ खुल्ला दिशापिसाव गर्ने चलन रहेको ।<br>■ साबुन पानीले हात धुने चलन नभएको कारण मानिसहरु बिरामी परिरहन्थे ।<br>■ स्वास्थ्य सेवा सहज नभएकोले मानिसहरु प्राकृतिक उपचार तथा धामिझाँक्री को मा जान बाध्य हुन्थे । | ■ स्वास्थ्य चेतनामा बृद्धि भएको ।<br>■ माहामारी घटेको ।<br>■ साबुन पानीले हात धुने परिपाटीको विकास भएको ।<br>■ एक घर एक शौचालय रहेको ।<br>■ खानेपानिको उपलब्धता ।<br>■ स्वास्थ्य संस्थाहरुको विस्तार ।<br>■ मानव आयु बढेको ।<br>■ भाइरल रोगहरु फैलने गरेको ।<br>■ बिभिन्न नयाँ रोगहरुको बृद्धि ।<br>■ पानी दुषित हुने ।<br>■ मुहान सुक्ने ।<br>■ स्थानिय सरकार गठन भएपछी ग्रामीण सडकहरु निर्माण भएका छन जसले गर्दा स्वास्थ सेवा लिनलाई एम्बुलेन्स र अन्य गाडिहरुको सहजता बढेको छ ।<br>■` हरेक वडामा स्वयंसेविकाहरु छन जसले गर्द मानिसहरुले स्वास्थ सहयोग लिन पाएका छन ।<br>■ उल्लेख्य मात्रामा गर्भवती महिलाहरुले नियमित स्वास्थ जाँच गर्न थालेका छन । | ■ जनसंख्या वृद्धि ।<br>■ आधारभुत स्वास्थ्य सेवामा पहुच ।<br>■ सरसफाईमा चेतना अभिवृद्धि नहुनु ।<br>■ फोहरमैला वृद्धि ।<br>■ कृषि जन्य उत्पादनमा विषदी को प्रयोग । | ■ स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्ने ।<br>■ सुद्ध खानेपानिको आपूर्ति गर्ने ।<br>■ फोहरमैला व्यवस्थापन ।<br>■ सरसफाइ चेतना अभिवृद्धि । |
| **उद्योग, यातायात तथा भौतिक पूर्वाधार** | ■ भौतिक पुर्वाधारको कमी ।<br>■ उद्योग धन्दाहरु नभएको ।<br>■ यातायातको | ■ अझै पनि पर्याप्त भौतिक पुर्वाधार को कमी ।<br>■ स्थानीयस्तरमा वडा तथा समुदायहरु सम्म कच्ची सडकहरुको ट्र्याक | ■ श्रोत र साधनको कमी ।<br>■ लगानीको वातावरण नभएको । | ■ पुर्वाधार निर्माणमा जोड ।<br>■ उद्योग स्थापनाका लागी प्रोत्साहन ।<br>■ घरेलु तथा लघु |

| | | | | |
|---|---|---|---|---|
| | असुविधा ।<br>▪ परम्परागत जिवन शैली थियो ।<br>▪ सडक तथा यातायातका साधनहरु नभएकाले हिडैंर नै आवतजावत गरिन्थ्यो । | खोलिएको ।<br>▪ सामान्यससाना उद्योगहरु स्थापना हुन थालेका छन् ।<br>▪ जथाभावी सडक निर्माणले भविष्यमा पहिरोको जोखिम अत्यन्त रहेको छ ।<br>▪ यातायातमा पहुच बृद्धि<br>▪ वातावरण प्रदुषण ।<br>▪ कच्चा पदार्थको अभाव । | ▪ उत्पादन लागत वढि ।<br>▪ वजारको समस्या । | उद्योगहरुको स्थापना ।<br>▪ स्थानिय सडकहरुको स्तरउन्नती । |
| **विपद् र विपद्का सवाल** | ▪ विपदका घटना कम तर धेरै क्षती ।<br>▪ महामारीको प्रकोप वढि ।<br>▪ जलवायु अनुकुलन<br>▪ वन्यजन्तुको प्रकोप कम ।<br>▪ समयमा पानी पर्नाले तापक्रम मध्यम र आर्द्रता पर्याप्त थियो<br>▪ पानीका स्रोतहरू प्रशस्त थिए। | ▪ धनजनको क्षति ।<br>▪ विपदका घटना वृद्धि ।<br>▪ अव्यवस्थित वसोवासका कारण वाढी पहिरो ले ल्याउने विपदका घटना वृद्धि ।<br>▪ गरिविमा वृद्धि ।<br>▪ बाढी पहिरा जन्य प्रकोपबाट हुने क्षति बढेको छ । | ▪ अव्यवस्थित वसोवास<br>▪ भवन मापदण्डको पालना नहुनु<br>▪ विपद व्यवस्थापनमा कम लगानी<br>▪ जथाभावि सडक निर्माण र मेसिनको प्रयोग । | ▪ भुकम्प प्रतिरोधि घर र संरचना निर्माण ।<br>▪ वृक्षारोपण ।<br>▪ विपद जोखिम न्युनिकरण का लागी योजना निर्माण र कार्यन्वयन ।<br>▪ सडक मापदण्डको पालना ।<br>▪ विपद व्यवस्थापनमा लगानी गर्ने ।<br>▪ वन जंगल संरक्षण गर्ने । |

### ३.१२ जिविकोपार्जन विश्लेषण :

वडाहरुमा गरिएको छलफल र विश्लेषण बमोजिम प्रकोपहरूले यस गाउँपालिकामा जीविकोपार्जनका श्रोतहरुमा असर पुऱ्याउने देखिन्छ । प्रकोपको असरहरु कृषि ,वनजङ्गल, पशुपालन, जमिन र खानेपानी,सिंचाइ आदी क्षेत्रमा पर्ने देखिन्छ । साथै जलवायु परिवर्तनको असर सवै स्थान र समुदायमा एकै किसिमले पर्दैन । असरसँग जुध्न नसक्ने निम्न वर्गमा यसको असर वढि पर्ने देखिन्छ । बाढी/पहिरो, आगलागी,हावाहुरी, बन्यजन्तु,रोगकिरा,चट्याङ,असिनापानी ,खडेरी र महामारी को

प्रकोपले विशेष गरी वृद्धवृद्धा,वालवालिका ,अपाङ्ग,एकल महिला, दलित, विपन्न वर्गलाई बढी मात्रामा असर पार्ने देखिन्छ । वडाहरुमा भएका जिविकोपार्जन का सिपहरुको विश्लेषण गर्दा असर संग जुध्ने श्रोत निकै कम देखिन्छ । त्यसैले गाउँपालिकाले प्राथमिकताका साथ जिविकोपार्जनका श्रोतहरु र क्षमता वढाउनुपर्ने देखिन्छ ।

**तालिका १७ : जिविकोपार्जन सिपहरु**

| श्रोतहरु | क्षेत्रहरु | वडा नं. | सूचना |
|---|---|---|---|
| **मानविय श्रोत** | **जिविकोपार्जनकालागि ज्ञान, सीप र दक्षता** | **१** | कृषि प्राविधिक १ जना, अगुवा कृषक १२ जना,आय आर्जनकालागी तालिम दिन सक्ने व्यक्ति २ जना । |

| | | | |
|---|---|---|---|
| | **भएका व्यक्तिहरु** | | |
| | | २ | कृषि प्राविधिक २ जना, अगुवा कृषक २० जना,आय आर्जनकालागी तालिम दिन सक्ने व्यक्ति २ जना । |
| | | ३ | अगुवा कृषक ५०,पशुविकास प्राविधिक १, अन्य पशुविकास प्राविधिक १२,आयआर्जनकालागी तालिम दिन सक्ने व्यक्ति ८ जना रहेको । |
| | | ४ | कृषि प्राविधिक १ जना, अगुवा कृषक १० जना,आय आर्जनकालागी तालिम दिन सक्ने व्यक्ति २ जना । |
| | | ५ | कृषि प्राविधिक ५ जना,पशुविकास प्राविधिक १, अगुवा कृषक ११ जना,आयआर्जनकालागी तालिम दिन सक्ने व्यक्ति २ जना । |
| | | ६ | कृषि प्राविधिक १,पशुविकास प्राविधिक १, अगुवा कृषक १२,जना,सिकर्मी डकर्मी ४ जना । |
| | | ७ | कृषि प्राविधिक ५,पशुविकास प्राविधिक ४, अगुवा कृषक ८,जना,सिकर्मी ४,डकर्मी २ र सिलाइकटाइ तालिम लिएका २ जना । |
| **भौतिक श्रोत** | **बाटोघाटो, विजुली, सिंचाई, खानेपानी, संचार आदिको अवस्था, यातायातको अवस्था** | १ | पुष्पलाल मध्यपहाडी र कच्ची सडक रहेको, सवै बस्तिमा बाटो विजुली पुगेको सिंचाइ र कुलो रहेको केही स्थानमा सिंचाइको अभाव,खानेपानीको पर्याप्तता,यातायातको सुगमता रहेको । |
| | | २ | पक्कि सडक र कच्ची सडक . रहेको, सवै बस्तिमा बाटो विजुली पुगेको सिंचाइ र कुलो रहेको केही स्थानमा सिंचाइको अभाव, खानेपानीको पर्याप्तता,यातायातको सुगमता रहेको । |
| | | ३ | पक्कि सडक र कच्ची सडक . रहेको, सवै बस्तिमा बाटो विजुली पुगेको सिंचाइ र कुलो रहेको केही स्थानमा सिंचाइको अभाव, खानेपानीको पर्याप्तता,यातायातको सुगमता रहेको । |
| | | ४ | सवै बस्तिमा मोटरबाटो रहेको तर कच्चि, २५० घर बाहेक सवै घरधुरीमा विद्युत पुगेको,सिंचाइ सुविधा भएको तर अपर्याप्त, सञ्चार सुविधा राम्रो । |
| | | ५ | २८ कि.मी कच्ची मोटरबाटो रहेको, सवै बस्तिमा विद्युत नपुगेको, सिंचाइ सुविधा कम पुगेको, सवै बस्तिमा खानेपानी पुगेको । |
| | | ६ | कच्ची सडक . रहेको, सवै बस्तिमा बाटो विजुली पुगेको सिंचाइ र कुलो रहेको केही स्थानमा सिंचाइको अभाव, |

| | | | |
|---|---|---|---|
| | | | खानेपानीको पर्याप्तता,यातायातको सुगमता रहेको । |
| | | ७ | पक्कि सडक र कच्ची सडक . रहेको, सवै बस्तिमा बाटो विजुली पुगेको सिंचाइ र कुलो रहेको केही स्थानमा सिंचाइको अभाव, खानेपानीको पर्याप्तता,यातायातको सुगमता रहेको । |
| **आर्थिक श्रोत** | **बचत समुहहरु, वैंक, सहकारीको अवस्था, बजारको अवस्था, उधोग, पर्यटनको अवस्था, रोजगारीको अवस्था, पेन्सन, रेमिटान्स** | १ | ३ वटा बचतसमुह,१ वटा सहकारी,१ वटा लघुउद्योग, रहेको,१ वटा साना बजार रहेको, १६ जना बैदेशिक रोजगारमा रहेको, १८ जना स्थायी र १५ जना अस्थायी सरकारी जागिरे रहेको । |
| | | २ | २ वटा बचतसमुह, १ वटा सहकारी, १ वटा लघु उद्योग व्यावसाय रहेको,१ वटा साना बजार रहेको, ७० जना बैदेशिक रोजगारमा रहेको,२० जना स्थायी र ३४जना अस्थायी सरकारी जागिरे रहेको र ८ जना पेन्सनवाला रहेको । |
| | | ३ | ७ वटा बचत समुह,४ वटा सहकारी,१ वटा बजार क्षेत्र,१ वटा काठ चिरानी मील,१ वटा जाली बुन्ने उद्योग रहेको । १ वटा हेलीप्याड, वाणनगंगा पर्यटकिय स्थल रहेको । १० जना पेन्सनवाला र ३०० जना बैदेशकि रोजगारमा रहेको । |
| | | ४ | १ वटा सहकारी,कालिका र सिलंगी गरी २ वटा बजार क्षेत्र रहेको । १ वटा चाउमिन उद्योग,५ वटा मिल रहेको । भैरबी,भैरबी झरना,माइ मन्दिर पर्यटकिय क्षेत्र रहेको । १० जना पेन्सनवाला,अमेरिकामा २,खाडीमा ५० जना बैदेशिक रोजगारीमा गएको । |
| | | ५ | १ वटा बैंक,९ वटा बचत समुह,१ वटा डाडामाडी बजार क्षेत्र रहेको । ७ जना पेन्सनवाला,खाडी,भारतमा रोजगारीमा गएको । |
| | | ६ | ४ वटा सक्रिय बचत समुह रहेको, उनको कपडा बुन्ने उद्योग रहेको । भैरवी छहरा पर्यटकिय स्थल रहेको । ३५ जना विदेश गएको, कृषि र पशुपालनको क्षेत्रमा रोजगारी रहेको, ७ वटा घट्ट र ४ वटा मिल रहेको । |
| | | ७ | ४ वटा बचत समुह, २ वटा कृषि पशु समुह, ३ वटा मील र १० वटा घट्ट रहेको । ब्याउली लेक पर्यटकिय स्थल रहेको । ५० जना बैदेशिक रोजगारमा रहेको,२६ जना स्थायी र २५ जना अस्थायी सरकारी जागिरे रहेको । |
| **सामाजिक श्रोत** | **सामाजिक एकता, समुह, संजालहरु** | १ | सामाजिक एकता ठिकै रहेको, बालक्लव,आमा समुह रहेको । |
| | | २ | सामाजिक एकता ठिकै रहेको, बालक्लव,आमा समुह रहेको । |
| | | ३ | ठिकै रहेको । |

| | | | |
|---|---|---|---|
| | | ४ | सामाजिक एकता ठिकै रहेको, बालक्लव,आमा समुह रहेको । |
| | | ५ | सामाजिक एकता ठिकै रहेको,आमा समुह,कृषक समुह रहेको । |
| | | ६ | सामाजिक एकता ठिकै रहेको, बालक्लव,आमा समुह रहेको । |
| | | ७ | सामाजिक एकता ठिकै रहेको, बालक्लव,आमा समुह रहेको । |
| **प्राकृतिक श्रोत** | **जल, जमिन, खनीज, र जंगलको अवस्था** | १ | जल,जमिन र जंगल रहेको,ढुङ्गा बालुवाको स्रोत रहेको । |
| | | २ | जल,जमिन र जंगल रहेको,ढुङ्गा बालुवाको स्रोत रहेको । |
| | | ३ | जल,जमिन र जंगल रहेको,ढुङ्गा बालुवाको स्रोत रहेको । |
| | | ४ | जल,जमिन र जंगल रहेको,ढुङ्गा बालुवाको स्रोत रहेको । |
| | | ५ | खनिज बाहेक राम्रो रहेको । |
| | | ६ | खनिज बाहेक राम्रो रहेको । |
| | | ७ | जल,जमिन र जंगल रहेको,ढुङ्गा बालुवाको स्रोत रहेको । |

## परिच्छेद ४ : प्रकोप जोखिमविश्लेषण :

गाउँपालिकाका वडाहरुमा गरिएको जोखिम नक्साङ्कन वाट यस गाउँपालिका बहुप्रकोप जोखिममा रहेको देखिन्छ । भूकम्प वाहेक बाढी/ पहिरो, हावाहुरी, आगलागी, महामारी, बन्यजन्तु, रोगकिरा, चट्याङ, खडेरी,असिनापानी लगायत १० वटा प्रकोप पहिचान गरीएको थियो । यि प्रकोपवाट सिर्जित विपदका घटनाले विगतमा जनधनको क्षति भएको र भविस्यमा पनि हुन सक्ने देखिन्छ । त्यसैगरी संकटासन्न स्थानहरुमा मानिसहरुको बस्ती र अन्य भौतिक संरचनाको कारण विपद्को जोखिम बढाएको छ ।

### ४.१ भूकम्पको जोखिमविश्लेषण :

नेपाल भुकम्पको अत्यधिक जोखिम भएको देश हो । यो गाउँपालिका पनि भुकम्पको उच्च जोखिममा रहेको छ। २०८० साल कार्तिकमा जाजरकोटको लामीडाडा केन्द्रविन्दु भएर आएको भुकम्पले यहा पनि नोक्सान पुऱ्याएको थियो । वडाहरुमा गरिएको छलफलका अधारमा त्यस भुकम्पमा मानविय क्षति नभएपनि २वटा घर पुर्णरुपमा क्षति र ६१५ वटा चर्किएका थिए भने ५० वटा पानीका मुहान सुक्नुका साथै जमिन भासिएको थियो । भविस्यको जोखिम अनुमान गर्दा २०७० घर र ३१ वटा विद्यालय जोखिममा छन । त्यसैगरी ६ वटा स्वास्थ्य संस्था, ८५वटा ओभरहेड ट्याङ्की, ३२ वटा मुहान र १ वटा बृहत



खानेपानी आयोजनामा क्षतिहुने आंकलन गरिएको छ । ११४ वटा सिंचाइकुलो, जोखिममा रहेका छन । नक्शापास गर्ने र भूकम्पप्रतिरोधी घरहरु वनाउने कार्य एकदमै न्युन रहेको र पहिले नै वनिसकेका भवनहरु भूकम्पले भत्काइ दिएको छ। अनिवार्य नक्सापास तथा भूकम्प प्रतिरोधी घर निर्माण गर्न सक्ने दक्ष जनशक्तिहरु तयार गरी यस गाउँपलिकाले भूकम्पप्रतिरोधी घर निर्माण कार्यमा कडाइ गर्न जरुरी छ ।

**४.२ बाढी /पहिरोको जोखिमविश्लेषण :**

यो गाउँपालिका बाढी/पहिरोको उच्च जोखिममा रहेको छ। वडाहरुमा गरिएको जोखिम नक्साङ्कका का आधारमा यो गाउँपालिकामा पहिरोको जोखिम रहेको छ । विगतमा पहिरोले सडक क्षेत्र र गाउँपालिकाका ४९ वटा बस्तिहरुमा नोक्सान पुऱ्याएको थियो । हालसम्म पहिरोले ७७ घर पुरेको/बगाइ सकेको छ भने १४३९ परिवारको ४०१३ रोपनी जग्गामा नोक्सानी गरेको छ । पहिरोले विगतमा यहा ९जनाको मृत्यु हुनुकासाथै १२ वटा आर.भि.टी. र ४ वटा घट्ट मा नोक्सान गरेको छ । पहिरोले सिंचाइकुलो, खानेपानी आयोजना र पशु चौपायामा नोक्सानी पुऱ्याउदा त्यसैगरी करोडौको क्षति भएको छ। वडामा गरिएको सुचना संकलनको आधारमा ४८ वटा बस्तिका ७३० घरधुरी का ३१६० जनसंख्या जोखिममा रहेका छन जसभित्र १४०० जना बालबालिका पर्दछन। यस गाउँपालिकामा पहिरोबाट ३००० रोपनी खेतीयोग्य जमिन क्षतिहुन सक्ने देखिन्छ। गाउँपालिका क्षेत्रका ११ वटा विद्यालय ,५ वटा स्वास्थ्य सस्था, ३५ वटा खानेपानी आयोजना, ३१ वटा सिंचाइ कुला जोखिममा रहेका छन।



**४.३ आगलागीको जोखिमविश्लेषण :**

यस गाउँपालिकाका आगलागीको जोखिमापनि रहेको छ । सबै वडा हरुमा गरीएको



छलफलको आधारमा विगतमा गाउँपालिकाका वडाका  वस्तीहरु र जंगलमा आगलागीहुदा ३३ घर र २६ वटा गोठ जलेको थियो । जसका कारण १० जनाको जलेर मृत्यु भएको थियो भने २जान आगोले पोलिएर घाइते भएका थिए । आगलागीमा सामान, अन्न,चौपाया,खानेपानी पाइप आदिको नोक्सान हुदा करोडौको क्षति भएको थियो । आगलागी बाट यस गाउँपालिकामा १७० घर ३ वटा व्यावसाय, खानेपानी पाइप सामान,अन्न,चौपायामा नोक्सानहुने अनुमान गरिएको छ । वनजंगल नजीक हुनु, काठका सामाग्रीहरु प्रयोग गरेर घरहरु निर्माण गर्नु र जंगल नजिक घना वस्तीहरु हुने ठाउंमाआगलागीको बढी जोखिम रहेको छ ।

## ४.४ हावाहुरी को जोखिम विश्लेषण :

भैरवीगाउँपालिकामा हावाहुरीले पनि क्षति पुऱ्याउदै आएको छ । विगतका ३० वर्षहरुमा हावाहुरीले ४०५ घरको छाना र पथ्थर फालेको , २८ वटा विद्यालय को छानामा क्षति गरेको थियो । त्यसैगरी गहुँ मकै,फलफुल बालीमा हावाहुरीले क्षति गरेको थियो जसवाट करौडौको क्षति भएको थियो । यसका अतिरिक्त हावाहुरीले तत्कालिन गा.वि.स. भवन लगायतका मन्दिर,नागरिक सचेतना केन्द्र,गोठ लगायतका भौतिक संरचनाहरुलाई क्षती पुऱ्याएको पाइन्छ । वडामा गरिएको सुचना संकलनका आधारमा हावाहुरीबाट यस गाउँपालिकाका सवै वडा  प्रभावित छन । हावाहुरि का कारण गाउँपालिकाका  ५४५ घर परिवार का २४५० जनसंख्या र तिमध्यै १०९० बालबालिका प्रभावित हुन सक्ने देखिन्छ । त्यसैगरी हावाहुरीवाट यस गाउँपालिकाका ३० वटा  विद्यालय जोखिममा रहेका छन  । हावाहुरीका कारण बालबालिकालाइ चोटपटक लाग्ने जोखिम छ । त्यसैगरी हावाहुरीबाट ३ वटा स्वास्थ्य संस्था, २५५ वटा प्लास्टिक टनेल, मकै,गहुँ र फलफुल खेति जोखिममा छन । यसका अतिरिक्त हावाहुरीले विद्युत प्रसारण लाइनमा पनि क्षति हुन सक्ने देखिन्छ ।



## ४.५ वन्यजन्तुको जोखिम विश्लेषण :

गाउँपालिकामा वन्यजन्तुबाट बालिनालीमा हुने क्षती पनि अर्को प्रकोप  हो ।  वन्यजन्तुको प्रकोपबाट यस गाउँपालिकाका ७ वटै वडा प्रभावित छन  । विगत २०७४ साल पछि यस गाउँपालिकामा बदैंल, ,वाँदर,दुम्सी,रतुवा,स्याल जस्ता जंगली जनावरहरुले खेतवारीका अन्न, तरकारी,फलफूल वालिमा क्षती पुऱ्याउने गरेका छन् । जसवाट करौडौको मकै,गहु, आलु, तरकारी,फलफुल खेतिमा नोक्सान भएको छ । समुदायसंग गरीएको छलफलका आधारमा  वडाका १९७० घरधुरी प्रभावित छन । गाउँपालिकाका वडा वाट लिइएको



सुचनाका आधारमा वन्यजन्तु ले वर्षेनी करोडौ बरावरको अन्न, तरकारी तथा फलफुल वालिमा नोक्सान पुऱ्याउदछन ।

**४.६ रोग किराको जोखिम विश्लेषण :**

यो गाउँपालिकामा फौजी,सलह,रातोकमीलो,फट्याङ्ग्रा जस्ता बालिनालीमा लाग्ने रोगकिराको पनि प्रकोप रहेको छ । बालीनालीमा लाग्ने रोग किराको प्रकोपबाट सवै वडा प्रभावित छन । बालिनालीमा लाग्ने रोगकिराले मकै,गहुँ, तरकारी, आलु र फलफुलमा नोक्सानी पुऱ्याउदा विगतमा रोगकिराको प्रकोपले लाखौ को अन्नबाली,तरकारी तथा फलफुलमा नोक्सान पु-याएको थियो । जसवाट १०३० परिवार प्रभावित भएका थिए । आगामी दिनमा पनि रोग किराको प्रकोपले अन्नबाली तरकारी र फलफुलमा नोक्सान पुऱ्याउने अनुमान गरिएको छ ।



**४.७ चट्याङ को जोखिमविश्लेषण :**

चट्याङ यस गाउँपालिकाको अर्को प्रकोप हो । विगतमा चट्याङ वाट गाउँ पालिकाका ७ वटा वडाका बस्तिहरु प्रभावित भएका थिए । विगतमा यहा चट्याङले १६ घर र ७ वटा गोठमा क्षति पुऱ्याएको थियो । विगत ३० वर्षमा चट्याङमा परेर १० जनाको मृत्यु भएको थियो । त्यसैगरी ६वटा भैसी, १ हल गोरु मरेका थिए । चट्याङबाट यस गाउँपालिकामा १९५ परिवार प्रभावित हुने अनुमान गरिएको छ । त्यसैगरी पशु चौपायामा नोक्सानी र विद्युत ट्रान्सफर्मरमा क्षति हुने अनुमान पनि गरिएको छ ।



### ४.८ असिनापानी को जोखिम विश्लेषण :

यस गाउँपालिकामा असिनाको प्रकोप पनि रहेको छ । असिनाले विगतमा ६ वटा वडामा बढी क्षति गरेको थियो । असिनाले विगतमा अन्न ,फलफुल,तरकारीमा नोक्सान पुऱ्याउदा १ करोड ४० लाख बराबरको नोक्सानी भएको थियो । जसबाट १२२० परिवार प्रभावित भएका थिए । गाउँपालिकाका वडाहरुमा गरिएको सुचना संकलनका आधारमा सवै वडाहरुमा धान, गहु, तरकारी तथा फलफुल जस्ता वालीहरुमा असिनाले नोक्सान पुऱ्याउने देखिन्छ । जसबाट झण्डै १३५० परिवार प्रभावितहुने अनुमान गरिएको छ ।



### ४.९ खडेरी को जोखिमविश्लेषण :

जलवायु परिवर्तन, पऱ्याप्त सिंचाइको अभावका कारण यो गाउँपालिका खडेरीको पनि जोखिममा रहेको छ । वर्षेनी खडेरीका कारण हिँउदे वालीहरुलाई ठूलो नोक्सान पुऱ्याउने गर्दछ । प्रयाप्त सिंचाईको अभावका कारण खडेरीको जोखिम वढेको छ । विगत ३० वर्षमा खडेरीको प्रकोपले यस गाउँपालिकामा १ करोड ९५ लाख बराबरको अन्न्न,फलफुल तथा तरकारी मा नोक्सान पुऱ्याएको थियो भने २१८० परिवार प्रभावित भएका थिए । आगामी दिनमा खडेरीका कारण अन्न,तरकारी,दलहन र फलफुल बालीमा क्षति पुग्ने देखिन्छ । साथै खानेपानी मुहान र सिंचाइ कुलो सुक्ने देखिन्छ भने र सिंचाइ सुविधा विस्तार नभए समयमा वालिनाली लगाउन नसकिने भएकाले खाद्य संकट पर्ने देखिन्छ ।



### ४.१० महामारीको जोखिम विश्लेषण :

महामारीको प्रकोपबाट पनि यो गाउँपालिका अछुतो रहन सकेको छैन । विगतमा झाडापखालाको महामारी बाट ८ जनाको मृत्यु भैसकेको छ । त्यसैगरि विगतको कोभिड महामारी वाट १० जनाको जनाको मृत्यु भएको थियो भनै संयौको संख्यामा संक्रमित भएका थिए । संक्रमितहरुलाइ गाउँपालिकाले क्वारेन्टाइनमा व्यवस्थापन गर्नु परेको थियो । वडाहरुमा गरिएको सुचना संकलनका आधारमा महामारी बाट यस गाउँपालिकाका ७०० परिवारका झण्डै



१३०० जनसंख्या प्रभावित हुने अनुमान छ । जसमध्ये ४१० जना बालबालिका कुनैपनि महामारीबाट संक्रमितहुने अनुमान गरिएको छ ।

**३.११ गाउँपालिकाको मूख्य प्रकोप र जोखिम वस्ति हरु :** यस गाउँपालिकाका ७ वटै वडाहरुमा गरिएको विपद जोखिम नक्साङ्कनका आधारमा भूकम्प वाहेक बाढी/ पहिरो, हावाहुरी, आगलागी, महामारी, बन्यजन्तु, रोगकिरा, चट्याङ, खडेरी,असिनापानी लगायत १० वटा प्रकोप पहिचान गरीएको थियो । प्रकोप र वडागत जोखिम वस्ती हरुलाइ तलको तालिकामा राखिएको छ ।

**तालिका १८ : गाउँपालिकाको मूख्य प्रकोप र जोखिम वस्ति हरु**

| वडा नं | भुकम्प | बाढी/पहिरो | हावाहुरी | आगलागी | महामारी | बन्यजन्तु | रोगकिरा | चट्याङ् | खडेरी | असिनापानी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरै वडा | विनतारा,ठानीपुर्ना, काफल गैरा, देवलढुङ्गा | वडाभरी | वडाभरी र जंगलमा | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी |
| २ | पुरै वडा | वडाभरी | वडाभरी | वडाभरी र जंगलमा | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी |
| ३ | पुरै वडा | नाउला,पहाडीपाँखा , सियाला,पिथुबाडा, कोइरालागाउँ,रानाबाडा ,पोखरा,बाणगंगा,कोइरेलखेत,कालेथान ,टिपुरीकोट,मौलाकालिका मन्दिर | वडाभरी | वडाभरी र जंगलमा | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी |
| ४ | पुरै वडा | सिमलारुख, बाँसबोट, भसेडी, हाडासैनी,औलाटाकुरा,भिटाखेत,उत्तिसैनी खत्रीटोल, बुढाना, नलाखोला | वडाभरी | वडाभरी र जंगलमा | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बडीगैरा, माथिगाउँ, रिङ्गाटे । | | | | | | | | |
| ५ | पुरै वडा | गौनी,ढाँण, पानी नाउला, भुमेथान,भरैना, बाहाचौर, डोक्रा,भोटेनी खेत,कयालदाल्खा, तालगौडा देखि गौनीपानी घट्ट सम्म,ऐरिकाभ्काल देखि धैरेनि सम्म,पौनी देखि धनपनेरा सम्म,सडेनी गैर दिखि डावर सम्म | वडाभरी | वडाभरी र जंगलमा | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी |
| ६ | पुरै वडा | तोरिमुल, ढाडखेत, कुटी,खारपानी, लुतिगाडे | वडाभरी | वडाभरी र जंगलमा | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी |
| ७ | पुरै वडा | पथ्थरखानी र वडाभरी | वडाभरी | वडाभरी र जंगलमा | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी | वडाभरी |

## परिच्छेद ५ : दिर्घकालिन सोंच, लक्ष्य, उद्देश्य, तथा रणनीति र योजना

### ५.१ दिर्घकालिन सोंच

गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई संस्थागत गरी विपद् उत्थानशील समुदायको निर्माण गर्नु यस योजनाको दीर्घकालिन सोच हुनेछ ।

### ५.२ परिकल्पना :

**विपद् तथा जलवायु उत्थानशील भैरवी गाउँपालिका ।**

### ५.३ ध्येय :

गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा जलवायुजन्य अनुकुलन र जोखिम व्यवस्थापनका कार्य गर्न सक्ने गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरी स्थानीय सरकार ,संघ,प्रदेश तथा विकास साझेदार को सहभागीतामा विपद् तथा जलवायु परिवर्तनको सवाललाई संस्थागत गर्दै विकासका नियमित योजनाहरुमा मूलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्ने यस योजनाको मूल ध्येय रहेको छ ।

### ५.४ लक्ष्य :

स्थानीय स्तरमा विपद तथा जलवायुजन्य जोखिमबाट उत्पन्न हुने मृत्युदर, प्रभावितहरुको संख्या, भौतिक सम्पति तथा जीविकोपार्जनमा पर्नसक्ने क्षतिलाई कमगर्दै स्थानीय विकास प्रक्रियामा विपद् जोखिमन्यूनीकरण तथा जलवायु अनुकुलनका कार्यक्रमहरुलाई मूलप्रवाहिकरण गरि उत्थानशील समुदायको निर्माण गर्नु यस योजनाको लक्ष्य हुनेछ ।

### ५.५ उद्देश्य :

**यस योजनाले निर्दिष्ट गरेका उद्देश्यहरु यस प्रकार रहेका छन् ।**

क) गाउँपालिकामा रहेका प्रमुख प्रकोपहरु, संकटासन्न वडाहरु, जोखिमको अवस्था तथा क्षमताहरु पहिचान र विश्लेषण गरी विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन को सवालहरुलाई विकास निर्माणका कार्यमा मूलप्रवाहीकरण गर्ने ।

ख) गाउँपालिकामा संचालनहुने विपद् तथा जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरुमा एक रुपताल्याउनु ।

ग) गाउँपालिकाको कानुन, नीति, योजना तथा विकासनिर्माणका कार्यक्रमहरुमा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरीक, एकल महिला,अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू तथा वर्ग को समानुपातिक र समतामुलक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई संस्थागत गर्ने

घ) उत्थानशिल तथा सुरक्षित समुदायको निर्माण गर्नका लागि गाउँपालिकाको आवधिक र वार्षिक योजना र कार्यान्वयनमा यस योजनाले समेटेका क्रियाकलापहरुलाइ समेत मूलप्रवाहीकरण गर्नु

ङ) उपलब्ध स्थानिय श्रोतसाधन को अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप श्रोत- साधन को खोजी गरी संघ ,प्रदेशसरकार र सरोकारवाला निकाय तथा विकास साझेदार हरु संग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु ।

च) गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी ज्ञान, सिप र क्षमताको अभिबृद्धि गर्ने ।

छ) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलावयु परिवर्तन अनुकूलनका कार्यहरुबाट जोखिममा रहेका समुदायको जिविकोपार्जनमा सहयोग गर्ने ।

**५.६ रणनीति :**

गाउँपालिकामा गठन गरिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति मार्फत समितिका पदाधिकारी एवं सदस्य तथा समुदायका व्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धी गतिविधिहरुमा उनिहरुको क्षमता विकास गरी योजना कार्यान्वयन गर्न देहाय वमोजिमका  रणनीतिहरु अवलम्वन गरीएको छ ।

१) स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकूलन का कार्यक्रमहरुलाई स्थानीय वार्षिक तथा आवधिक विकासका योजनाहरुमा मूलप्रवाहिकरण गर्दै लैजाने ।

२) स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन वाट पहिचान भएका  अति जोखिम बस्तीहरूलाई सुरक्षित    स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने ।

३) वाढी बाट हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नकालागि बाढीको पुर्व सूचना प्रणालीको स्थापनाकालागि समन्वयतथा सहकार्य गरि पहल गर्ने ।

४) कोभिड १९ लगायतका महामारी को सामना गर्न आवस्यक पुर्वतयारी र प्रतिकार्यका कार्यहरु योजनावद्ध ढंगले सञ्चालन गर्ने ।

५) योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरि योजनाको कार्यान्वयन गर्ने ।

६) समुदायमा आधारित विपद् जोखिमन्यूनीकरणका कार्यक्रमहरू कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको अधिकतम उपयोग गर्ने ।

७) गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलनका कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयन गर्नकालागि गाउँपालिका, प्रदेश, सँघ, मानवीय तथा विकास साँझेदार संस्था समेतको स्रोतको परिचालन गर्ने ।

८) योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन आदि सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गर्ने ।

**५.७ कार्यान्वयन कार्यनीति :**

यस योजना कार्यान्वयनकालागी देहायबमोजिम कार्यनिति अपनाइने छ ।

१)स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने ।

२) विपद्का कारणले हुने मानवीय क्षतीलाई रोक्नको लागि पूर्वसूचना प्रणालीको स्थापना गर्ने ।

३)समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनका साथै नविनतम प्रविधिहरुको उपयोग गर्ने ।

४)विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका क्रियाकलापहरुलाई प्रभावकारी कार्यान्वयनका लागि स्थानीय, प्रदेश, संघ, मानवीय तथा विकास साझेदार संघसंस्था समेतसँग आवश्यक समन्वय गरि को स्रोतको परिचालन गर्ने ।

५) योजनाले पहिचान गरेका क्षेत्रमा थप अध्ययन, अनुसन्धान तथा जानकारी संकलन गर्दै अद्यावधिक ज्ञान तथा विश्लेषणको आधारमा क्रियाकलापहरुको प्राथमिकीकरण र कार्यान्वयन गर्ने गराउने ।

**५.८ स्थानीयविपद् तथाजलवायु उत्थानशीलकार्यक्रमहरु (क्रियाकलापहरू) :**

गाउँपालिकामा पहिचान भएका प्रकोपहरुको कारणले सृजना गर्ने विपदका प्रभावित क्षेत्र मा पार्न सक्ने प्रभावहरुलाई मध्यनजर गरी जलवायु अनुकुलन तथा विपद जोखिम न्युनिकरण का लागी नीतिगत, जनचेतना तथा समुदायको क्षमताअभिवृद्धि सम्वन्धि क्रियाकलापहरु र  रोकथाम, अल्पीकरण र अनुकूलनकाकार्यहरु सम्वन्धि क्रियाकलापहरु तय गरिएको छ । यसरी क्रियाकलाप तय गर्दा मूलभूत रूपमा मानव संसाधन तथा संस्थागत विकास योजना, भौतिकपूर्वाधार विकास, प्राकितिक स्रोत संरक्षण, जीविकोपार्जनमा सुधार, नीतिगत क्षेत्रमा गर्नु पर्ने कार्यहरू तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणका विधिको मूलप्रवाहीकरण गर्ने जस्ता प्रमुखक्रियाकलापलाई आधार मानिएको छ ।

**५.८.१ नीतिगत, जनचेतनातथा समुदायको क्षमताअभिवृद्धि सम्वन्धि क्रियाकलापहरु :**

विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र विपद उत्थानशिल समुदाय निर्माण गर्नका लागी स्थानीय स्तरमा तर्जुमा गर्नु पर्ने नितिगत प्रावधानहरु यसमा समेटिएका छन । विपद्को घटना मानव समुदायका लागि सम्वेदनशील भएकोले यस्तो अवस्था आउन नदिन समुदायमा अज्ञानता हटाउन गरीने प्रचारप्रसार तथा क्षमता अभिवृद्धि क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| समग्र क्रियाकलाप | प्रमुख समस्या तथा जोखिम | जोखिमन्यूनिकरणकाक्रियाकलापहरु | मुख्यजिम्मेवारी | बजेट (रु.हजारमा) | श्रोतको व्यवस्था | | समयअवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| | विपद तथा जलवायु परिवर्तन बारे समुदायमा सचेतनाको कमी । | • विपद् र जलवायू परिवर्तन सम्बन्धि जनचेतना । | वडा कार्यालय | 300 | गाउँपालिका | संघसंस्था | प्रत्येक वर्ष |
| | | • वडा विपद व्यवस्थापन समितिको क्षमता विकास । | वडा कार्यालय | 100 | गाउँपालिका | संघसंस्था | प्रत्येक वर्ष |
| | | • प्रकोप प्रभावित क्षेत्र वर्गीकरण र सोहि अनुसार नीति तथा कार्यक्रम । | वडा कार्यालय | 50 | गाउँपालिका | | २०८१ भित्र |
| | | • विपद्का बेला खोज,उद्धार गर्ने व्यक्तिहरुलाइ तालिम । | वडा विपद तथा जलवायु उत्थानसिल समिति | 100 | गाउँपालिका | संघसंस्था | २०८१ भित्र |
| | | • वडा हरुमा कृतिम घटना अभ्यास । | वडा विपद तथा जलवायु उत्थानसिल समिति | 100 | गाउँपालिका | संघसंस्था | प्रत्येक वर्ष |
| | | • वडाहरुमा विपद् प्रतिकार्यका लागी सामाग्री व्यवस्था । | वडा विपद तथा जलवायु उत्थानसिल समिति | 800 | गाउँपालिका | संघसंस्था | २०८१ भित्र |
| **१.भूकम्प** | गाउँपालिकाको घर तथा भौतिक संरचना भूकम्प प्रतिरोधी नहुदा धनजनको क्षति हुन सक्ने जोखिम । | • गाउँपालिकाको नक्सापासको निति निर्माण तथा कार्यान्वयन तथा सचेतना । | गाउँपालिका | 100 | गाउँपालिका | विकास साझेदार | प्रत्येक वर्ष |
| | | • भुकम्प वाट हुने क्षति र वच्ने उपाय वारे समुदाय स्तरमा सचेतना अभिवृद्धि । | वडा कार्यालय गाउँपालिका | 200 | गाउँपालिका | रेडक्रस, संघसंस्था | प्रत्येक वर्ष |
| | | • घरहरुको अभिलेखिकरण र कमजोर तथा जोखिमयुक्त भवनहरुको तथ्यांक संकलन । | गाउँपालिका | 50 | गाउँपालिका | संघ र प्रदेश सरकार | २०८१ सम्म |
| | | • प्रत्येक वर्ष २० जना भूकम्प प्रतिरोधी भवन निर्माण र भवन प्रवलीकरण सम्वन्धि प्रविधिक तथा मिस्त्री हरुलाई तालिम । | गाउँपालिका | 50 | गउँपालिका | विकास साझेदार | प्रत्येक वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | • खुल्ला स्थान पहिचान र प्रचार प्रसार । | गाउँ विपद तथा जलवायु उत्थानशिल समिति | 50 | गाउँपालिका | संघ संस्थाहरु | २०८१ भित्र |
| | | • सुचना प्रणाली व्यवस्थापन । | गाउँ विपद शाखा | 50 | गाउँपालिका | संघ संस्थाहरु | २०८१ देखि |
| | | • घर तथा संरचना निर्माण को नियमित अनुगमन । | योजना तथा प्राविधिक शाखा | 100 | गाउँपालिका | वडा कार्यालय | नियमित |
| | | • प्रत्येक वडामा स्वयंसेवक कार्यदल गठन । | गउँ,वडा विपद तथा जलवायु उत्थानशिल समिति | 100 | गाउँपालिका | संघ संस्थाहरु | २०८१ भित्र |
| | | • विपद तथा जलवायु उत्थानशिल समिति,स्वयंसेवक तथा विषयथत कलस्टर लाइ तालिम तथा कृतिम अभ्यास । | गाउँपालिका | 200 | गउँपालिका | रेडक्रस,सुरक्षा निकाय | प्रत्येक वर्ष |
| **२. पहिरो** | पहिरोका कारण जन,धन र प्राकृतिक क्षति हुन सक्ने । | • पहिरो वाट उच्च जोखिम स्थानका वस्तीहरु स्थानान्तरण सम्वन्धि  निति निर्माण र कार्यान्वयन । | गाउँपालिका | 0 | गाउँपालिका | | २०८१ देखि |
| | | • सडक तथा भौतिक संरचना निर्माणमा मेसिन प्रयोग मापदण्ड निर्माण तथा कार्यान्वयन । | गाउँपालिका | 0 | गाउँपालिका | | २०८१ भित्र |
| | | • सडक तथा भौतिक संरचना निर्माण गर्दा अनिवार्य वायोइन्जिनियरीङ प्रविधिलाइ  लागत इस्टिमेटमा समावेस । | गाउँपालिका | 0 | गाउँपालिका | | आ.व.८१ /८२ देखि |
| | | • भिरालो जमिनमा खेती गर्ने,कृषीवन प्रणाली विकास र विस्तार गर्न निति निर्माण । | गाउँपालिका | 0 | गाउँपालिका | | आ.व.२०८१ /८२ देखि |
| | | • पहिरोको जोखिम न्युनिकरण का लागी समुदायमा जनचेतनामुलक कार्यक्रम । | गाउँपालिका, वडा कार्यालयहरु | 200 | गाउँपालिका | संघ संस्थाहरु | प्रत्येक वर्ष |
| **३. बाढी** | बाढीका कारण जन,धन र प्राकृतिक क्षति हुन सक्ने । | • नदि खोला किनारका जोखिमयुक्त वस्तीलाई स्थानान्तरण गर्ने नीति निर्माण र कार्यान्वयन । | गाउँपालिका, वडा कार्यालयहरु | 0 | गाउँपालिका | संघ संस्थाहरु | प्रत्येक वर्ष |
| | | • नदी खोलाजन्य पदार्थको जथाभावि उत्खननमा रोक लगाउन निति तथा मापदण्ड निर्माण र कार्यान्वयन । | गाउँपालिका, वडा कार्यालयहरु | 0 | गाउँपालिका | | २०८१ भित्र |
| | | • बाढी सुचना प्रणाली व्यवस्थापन । | गाउँपालिका, वडा | 200 | गाउँपालिका | संघ संस्थाहरु | २०८२ भित्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कार्यालयहरु | | | | |
| | | • वाढी  जोखिमपूर्ण स्थानहरुमा बाढीको व्यवस्थापन सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने । | गाउँ विपद तथा जलवायु उत्थानसिल समिति | 100 | गाउँपालिका | संघ संस्थाहरु | २०८१ देखि प्रत्येक वर्ष मनसुन पुर्व |
| **४.हावाहुरी** | हावाहुरी वाट घर विद्यालय तथा अन्य भौतिक संरचनाको क्षति हुने । | • हावाहुरीको समयमा सुरक्षित रहने वारे समुदाय तथा वालवालिका लाइ सचेतना अभिवृद्धि गर्ने । | गाउँपालिका,, वडा कार्यालयहरु | 200 | गाउँपालिका | संघसंस्था | निरन्तर |
| | | • घर तथा सार्वजनिक स्थलका पुराना र बुढा र जोखिम  युक्त रुख हटाउने । | गाउँपालिका,, वडा कार्यालयहरु | 100 | गाउँपालिका | वन कार्यालय | निरन्तर |
| **५.आगलागी** | आगलागी का कारण मानविय,धन तथा वनजंगलको क्षति । | • वडामा सुरक्षा निकाय, दमकलका सम्पर्क नम्बरहरु राख्ने  । | वडा कार्यालय | 0 | वडा कार्यालय | | २०८१ देखि |
| | | • घना तथा आगलागीको वढी जोखिम वस्तीहरुमाा आगलागी सम्वन्धि जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने  । | गाउँ विपद तथा जलवायु उत्थानसिल समिति | 100 | गउँपालिका | संघसंस्था | प्रत्येक वर्ष |
| | | • भएका पानी पोखरी तथा पानीका स्रोतहरुको संरक्षण वारे सचेतना । | कृषि शाखा, अगुवा कृषक | 200 | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, सिंचाइ विकास डिभिजन कार्यालय | प्रत्येक वर्ष |
| | | • आगलागीबाट हुने जनधनको क्षति तथा असर र अपनाउनुपर्ने सजगता बारेमा सञ्चारमाध्यमवाट प्रचार गर्ने । | गाउँ सुचना शाखा | 50 | गाउँपालिका | सञ्चार माध्यम | प्रत्येक वर्ष माघ देखि जेठ |
| | | • वनजंगलमा आगलागी हुन नदिन सचेतना कार्यक्रम सञ्चालन गर्ने । | वनसमुह | 200 | वनसमुह | डिभिजन वन कार्यालय | प्रत्येक वर्ष फागुन देखि जेठ सम्म |
| **६. वन्यजन्तु** | वन्यजन्तु ले अन्न बालीमा नोक्सान र मानिसलाई पनि आक्रमण गर्न सक्ने । | • वन्यजन्तु नियन्त्रण का लागी परमपरागत अभ्यास लाइ निरन्तरता सम्वन्धि क्षमता विकास । | समुदाय | 0 | वडा कार्यालय | गाउँपालिका | वन्यजन्तु को प्रकोप वढ्दा |
| | | • वन्यजन्तु वाट सुरक्षित हुने उपाय वारे सचेतना कार्यक्रम । | वडा कार्यालय | 100 | गाउँपालिका | वन डिभिजन कार्यलय | प्रत्येक वर्ष |
| | | • वन जंगल संरक्षण र घेरावार वारे चेतना । | सामुदायीक वन | 100 | गाउँपालिका | वन डिभिजन | प्रत्येक वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यलय | |
| **७. रोगकिरा** | वालिनालिमा लाग्ने रोगकिरा ले अन्नवालि मा नोक्सान । | ● जैविक विषदी को प्रयोग वारे अगुवा कृषक को क्षमता अर्भिवृद्धि । | कृषि शाखा | 100 | गाउँपालिका | कृषि ज्ञानकेन्द | प्रत्येक वर्ष |
| | | • जैविक विषदी निर्माण वारे अगुवा कृषक लाइ तालिम । | कृषि शाखा | 200 | गाउँपालिका | कृषि ज्ञानकेन्द | प्रत्येक वर्ष |
| | | • वालीनालिमा लाग्ने किरा र रोग वाट वचाउन वालीनाली को र जमिनको व्यवस्थापन र काटछाट वारे कृषकको क्षमता अभिवृद्धि । | कृषि शाखा | 200 | गाउँपालिका | कृषि ज्ञानकेन्द | प्रत्येक वर्ष |
| **८. चट्याङ** | चट्याङ्गबाट मानवीय तथा पशूचौपायामा क्षति हुने जोखिम । | ● सार्वजनिक संरचनामा विधुत जडान गर्दा अर्थिङ. गर्नुपर्ने वाध्यात्मक नीतिगत व्यवस्था गर्ने । | गाउँपालिका | 0 | | | २०८१ देखि |
| | | • गाउँपालिकामा भएका सम्पूर्ण घर तथा भवनमा अर्थिङ गर्न जनचेतना जगाउने । | गाउँपालिका, प्राविधिक शाखा | 100 | गाउँपालिका | | २०८१ देखि |
| | | • चट्याङ्ग बाट वच्ने उपायहरुको वारेमा समुदायमा जनचेतना अभिवृध्दि गर्ने । | गाउँपालिका विपद तथा जलवायु उत्थानसिल समिति | 100 | गाउँपालिका | संघसंस्था | प्रत्येक वर्ष |
| | | • चट्याङ्ग बाट वच्ने उपायहरुको वारेमा विद्यालयहरुमा जनचेतना अभिवृध्दि गर्ने । | गाउँपालिका विपद तथा जलवायु उत्थानसिल समिति,विद्यालय | 100 | गाउँपालिका | संघसंस्था | प्रत्येक वर्ष |
| **९. असिनापानी** | असिना ले अन्नवाली, तरकारी,फलफुल को क्षति हुने । | • जलवायू परितर्वन अनुकूलन सम्वन्धि समुदायको क्षमता अभिवृद्धि गर्ने । | कृषि शाखा | 200 | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, संघसंस्था | प्रत्येक वर्ष |
| | | • रैथाने र स्थानीय प्रजातीका विउ विजनहरुको संरक्षण र प्रचार प्रसार गर्ने । | कृषि शाखा | 200 | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, संघसंस्था | प्रत्येक वर्ष |
| | | • टनेल खेति विस्तार वारे अगुवा कृषकहरुलाइ तालिम । | कृषि शाखा | 200 | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, संघसंस्था | प्रत्येक वर्ष |
| | | • वालि चक्रमा परिर्वतन वारे अगुवा कृषकको क्षमता अभिवृद्धि । | कृषि शाखा, अगुवा कृषक | 200 | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, संघसंस्था | प्रत्येक वर्ष |
| **१०. खडेरी** | खडेरी वाट अन्न वालीमा नोक्सान | • अन्न भण्डारण र उपयोग वारे समुदायमा सचेतना अभिवृद्धि । | कृषि शाखा | 100 | गाउँपालिका | कृषि ज्ञानकेन्द्र | प्रत्येक वर्ष वर्षको २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भइ खाद्य संकट । | | | | | | पटक |
| | | • खडेरी सहन सक्ने विउ विजन प्रयोग सम्विन्धि सचेतना कार्यक्रम । | कृषि शाखा | 100 | गाउँपालिका | कृषि ज्ञानकेन्द्र | २०८१ देखि प्रत्येक वर्ष |
| | | • जलवायू परितर्वन  अनुकूलन सम्वन्धि समुदायको क्षमता अभिवृद्धि गर्ने । | कृषि शाखा | 100 | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, | प्रत्येक वर्ष |
| | | • रैथाने र स्थानीय प्रजातीका विउविजनहरुको संरक्षण र प्रयोगमा प्रचार प्रसार गर्ने । | कृषि शाखा | 200 | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, | प्रत्येक वर्ष |
| **११. महामारी** | महामारी फैलिएर मानिसको मृत्यु हुन सक्ने । | • स्वास्थ्य कर्मीहरुको क्षमता विकास । | स्वास्थ्य शाखा | 200 | गाउँपालिका | स्वास्थ्य विभाग | प्रत्येक वर्ष |
| | | • पूर्ण सरसफाइ सम्विन्धि सचेतना कार्यक्रम । | गाउँ तथा वडा स्तरिय खानेपानी तथा सरसफाइ स्वच्छता समिति | 500 | गउँपालिका | खनेपानी तथा सरसफाइ डिभिजन कार्यालय संघसंस्था | निरन्तर |
| | | • महामारी वाट वच्न स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन । | गाउँ स्वास्थ्य शाखा,स्वास्थ्य संस्था | 200 | गउँपालिका | स्वास्थ्य कार्यालय संघसंस्था | निरन्तर |
| | | • महामारी नियन्त्रण र रोकथामका लागी दक्ष जनशक्ति व्यवस्थापन । | गाउँ स्वास्थ्य शाखा,स्वास्थ्य संस्था | 300 | गउँपालिका | स्वास्थ्य कार्यालय संघसंस्था | निरन्तर |
| **जम्मा वजेट** | | | | **7200** | | | |

### ५.८.२ जोखिमन्यूनीकरण : रोकथाम, अल्पीकरण र अनुकूलनका कार्यहरु :

गाउँपालिका भित्र रहेका विपद्जन्य सङ्कटासन्नता तथा जोखिमकम गर्न रोकथाम, अल्पिकरण र अनुकुलनका कार्यहरु गर्न विद्यालय वा अन्य सार्वजनिक भवनको  प्रवलीकरण, प्राकृतिक स्रोतको संरक्षण, नदीखोला तटबन्ध,पहिरो नियन्त्रण, भौतिक पुर्वाधार निर्माण ,विउविजनको व्यवस्था ,प्रविधि जडान लगायतका कृयाकलापहरु यहा वजेट सहित समावेश गरिएका छन  ।

### ५.८.२.१  भुकम्पको जोखिम न्यूनिकरण सन्दर्भमा :

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनिकरणका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | बजेट रु हजारमा (000) | श्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| २ | भुकम्प प्रतिरोधि घर र संरचना एकदम कम हुदा भुकम्प वाट | भुकम्प पछिको सार्वजनिक संरचना पुर्ननिर्माण र प्रवलकरण । | गाउँपालिका | 10000 | गाउँपालिका | संघ,प्रदेश सरकार,शहरी विकास | २०८१ देखि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | हुने क्षति को जोखिम । | | | | | तथा भवन कार्यालय | |
| १ | स्वास्थ्य संस्थाका भवन जिर्ण हुदा भुकम्प वाट हुने क्षति को जोखिम । | उच्च जोखिममा रहेका स्वास्थ्य संस्थाहरुको पहिचान प्रवलिकरण । | गाउँपालिका | 5000 | गाउँपालिका | संघ,प्रदेश सरकार,शहरी विकास तथा भवन कार्यालय | २०८२ सम्म |
| १ | विद्यालयका भवन जिर्ण हुदा भुकम्प वाट हुने क्षति को जोखिम । | उच जोखिममा रहेका विद्यालय हरुको पहिचान र प्रवलिकरण । | गाउँपालिका | 10000 | गाउँपालिका | संघ,प्रदेश सरकार,शिक्षा विभाग | २०८३ सम्म |
| १ | खुल्ला स्थानको पहिचान र संरक्षण नहुदा विपद पश्चात सुरक्षित स्थल नहुनु । | खुल्ला स्थान पहिचान संरक्षण । | गाउँपालिका,वडा विपद तथा जलवायु उत्थानसिल समिति, | 200 | गाउँपालिका | संघ,प्रदेश सरकार | २०८१ भित्र |
| २ | सार्वजनिक संरचनाहरु बालमैत्री, आपाङ्ग मैत्री, जेष्ठनागरिक मैत्री नहुनु । | नगरपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनाहरु बालमैत्री, आपाङ्ग मैत्री, जेष्ठनागरिक मैत्री बनाउने । | गाउँपालिका,, प्राविधिक शाखा | 5000 | गाउँपालिका | संघ,प्रदेश सरकार,शहरी विकास तथा भवन कार्यालय | प्रत्येक वर्ष |
| | **जम्मा** | | | **30200** | | | |

### ५.८.२.२ बाढी /पहिरोको जोखिम न्यूनिकरण सर्न्दभमा :

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनिकरणका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | बजेट रु हजारमा ( ०००) | श्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| २ | बाढी/पहिरो वाट नडा नं १ का ९० घर,६०० रोपनी खेतियोग्य जमीन, १ वटा विद्यालय, १ वटा स्वास्थ्य संस्था, ६ वटा खानेपानी आयोजना र ७ वटा सिंचाइकुलो तथा अन्य संरचनामा क्षति हुन सक्ने । | वडा नं १ खोलाहरुमा तटबन्ध | गाउँपालिका | 1000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | २०८१ देखि प्रत्येक वर्ष |
| | | वडामा पहिरो नियन्त्रणका लागी ग्याविन लगाउने । | गाउँपालिका | 2000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, | २०८१ देखि प्रत्येक वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भुजलाधार व्यवस्थापन कार्यालय । | |
| १ | बाढी/पहिरो वाट नडा नं २ का १५० घर,२६० रोपनी खेतियोग्य जमिन, ३ वटा विद्यालय,१ वटा स्वास्थ्य संस्था ४ वटा खानेपानी आयोजना र १८ वटा सिंचाइकुलो तथा अन्य संरचनामा क्षति हुन सक्ने । | वडा नं २ खोलाहरुमा तटबन्ध | गाउँपालिका | 1000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | २०८१ देखि प्रत्येक वर्ष |
| | | वडामा पहिरो नियन्त्रणका लागी ग्याविन लगाउने । | गाउँपालिका | 2000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | २०८१ देखि प्रत्येक वर्ष |
| १ | बाढी/पहिरो वाट नडा नं ३ का नाउला,पहाडीपाँखा, सियाला , पिथुबाडा, कोइरालागाउँ,रानाबाडा ,पोखरा,बाणगंगा,कोइरेलखेत,कालेथान,टिपुरीकोट,मौलाकालिका मन्दिर क्षेत्रका १४० घर र ८०० रोपनी खेतियोग्य जमिन, २ वटा विद्यालय, १ वटा स्वास्थ्य संस्था, ५ वटा खानेपानी आयोजना १३ वटा सिंचाइकुलो र अन्य संरचनामा क्षति पुग्ने । | वडा नं ३ खोलाहरुमा तटबन्ध | गाउँपालिका | 500 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | २०८१ देखि प्रत्येक वर्ष |
| | | वडामा पहिरो नियन्त्रणका लागी ग्याविन लगाउने । | गाउँपालिका | 3000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | २०८१ देखि प्रत्येक वर्ष |
| १ | बाढी/पहिरो वाट नडा नं ४ सिमलारुख, बाँसबोट, भसेडी, हाडासैनी,औलाटाकुरा,भिटाखेत,उत्तिसैनी खत्रीटोल, बुढाना, नलाखोला बडीगैरा, माथिगाउँ, रिङ्गाटेका ७० | वडा नं ४ का गडाज्युला,हाडासैन,भैरवी, खारा र मटेला खोलाहरुमा तटबन्ध | गाउँपालिका | 1000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | २०८१ देखि प्रत्येक वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घर,५० रोपनी खेतियोग्य जमिन, २ वटा विद्यालय, १ वटा स्वास्थ्य इकाइ,२ वटा आर.भि.टी., ४१ वटा सिंचाइ कुलो र अन्य संरचनामा क्षति पुग्ने । | वडाका पहिरो जाने क्षेत्रमा ग्याविन लगाउने । | गाउँपालिका | 1000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | २०८१ देखि प्रत्येक वर्ष |
| १ | बाढी/पहिरो वाट नडा नं ५ का गौनी,ढाँण,पानी नाउला, भुमेथान, भरैना,बाहाचौर,डोक्रा,भोटेनी खेत, कयालदाल्खा, तालगौडा देखि गौनीपानी घट्ट सम्म,ऐरिकाभ्काल देखि धैरेनि सम्म,पौनी देखि धनपनेरा सम्म,सडेनी गैर दिेखि डावर सम्म ५० घर,१४० रोपनी खेतियोग्य जमिन, १ वटा विद्यालय, १ वटा स्वास्थ्य इकाइ, २ वटा खानेपानी च्याम्वर, ४ वटा सिंचाइ कुलो र अन्य संरचनामा क्षति पुग्ने । | वडा नं ५को सान्टखोला,मिच्म खोला, गाजेखोला,कपुरखोला लगायतका खोलाहरुमा तटबन्ध । | गाउँपालिका | 2000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | २०८१ देखि प्रत्येक वर्ष |
| | | पहिरो जाने क्षेत्रमा ग्याविन लगाउने । | गाउँपालिका | 1000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | २०८१ देखि प्रत्येक वर्ष |
| १ | बाढी/पहिरो वाट नडा नं ६ को तोरिमुल, ढाडखेत, कुटी,खारपानी, लुतिगाडेका १०० घर,४०० रोपनी खेतियोग्य जमिन, २ वटा विद्यालय,१० वटा खानेपानी आयोजना र पाइप, १८ वटा सिंचाइ कुलो र अन्य संरचनामा क्षति पुग्ने । | वडा नं ६ खोलाहरुमा तटबन्ध | गाउँपालिका | 1000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | २०८१ देखि प्रत्येक वर्ष |
| | | पहिरो जाने क्षेत्रमा ग्याविन लगाउने । | गाउँपालिका | 2000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | २०८१ देखि प्रत्येक वर्ष |
| १ | बाढी/पहिरो वाट नडा नं ७ का पथ्थरखानी र वडाभरी १३० | वडा नं ७ खोलाहरुमा तटबन्ध | गाउँपालिका | 1000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, | २०८१ देखि प्रत्येक वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घर,७५० रापनी खेतियोग्य जमिन, ६ वटा खानेपानी आयोजना र पाइप, १८ वटा सिंचाइ कुलो र अन्य संरचनामा क्षति पुग्ने । | | | | | भुजलाधार व्यवस्थापन कार्यालय । | |
| | | पहिरो जाने क्षेत्रमा ग्याविन लगाउने । | गाउँपालिका | 2500 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | २०८१ देखि प्रत्येक वर्ष |
| २ | वन विनास हुदा पहिरोको जोखिम । | वडाका पहिरो जाने क्षेत्रमा वृक्षारोपण गर्न विरुवा वितरण र वृक्षारोपण | गाउँपालिका, वडा कार्यालय | 500 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | प्रत्येक वर्ष |
| २ | सडक निर्माणले पहिरोको जोखिम । | सडक क्षेत्रमा बायो इन्जिनियरिङ । | गाउँपालिका, वडा कार्यालय | 1000 | गाउँपालिका | संघरप्रदेश,भुजलाधार संरक्षण विभाग, भुजलाधार व्यवस्थापन कार्यालय । | प्रत्येक वर्ष |
| **जम्मा** | | | | **22500** | | | |

### ५.८.२.३ आगलागीको जोखिम न्यूनिकरण सर्न्दभमा :

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनिकरणका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | बजेट रु हजारमा (०००) | श्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| ३ | गाउँपालिकाका घरहरुमा आगलागीको जोखिम । | सुधारिएको चुल्होमा सहयोग तथा विस्तार । | गाउँपालिका | 1000 | गाउँपालिका | वैकल्पिक उर्जा प्रवर्धन केन्द्र | निरन्तर |
| २ | गाउँपालिकाका घरहरुमा आगलागीको जोखिम । | खरका छाना विस्थापन कार्यक्रम । | गाउँपालिका | 2000 | गाउँपालिका | संघ र प्रदेश सरकार | प्रत्येक वर्ष |
| ३ | गाउँपालिकाका घर,पसल तथा सार्वजनिक | पानी संरक्षण पोखरीको निर्माण । | गाउँपालिका,वडा कार्यालय | 1000 | गाउँपालिका | संघ र प्रदेश,जलश्रोत तथा सिंचाइ विकास डिभिजन | ३वर्ष भित्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संरचनाहरुमा आगलागी वाट क्षति हुन सक्ने । | | | | | कार्यालय | |
| १ | वन जंगलमा आगलागीको जोखिम । | सामुदयिक वन तथा अन्य आगलागीको जोखिमपूर्ण वनहरुमा अग्निरेखा निर्माण गर्ने । | गाउँपालिका,वडा कार्यालय,वन समुह | 1000 | गाउँपालिका,वडा कार्यालय,वन समुह | संघ र प्रदेश अन्तरगत,वन विभाग,वन डिभिजन कार्यालय | २ वर्ष भित्र |
| २ | वन जंगलमा आगलागीको जोखिम । | वन डढेलो नियन्त्रण । | गाउँपालिका,वडा कार्यालय,वन समुह | 300 | गाउँपालिका,वडा कार्यालय,वन समुह | संघ र प्रदेश अन्तरगत,वन विभाग,वन डिभिजन कार्यालय | प्रत्येक वर्ष |
| २ | गाउँपालिकाका सार्वजनिक कार्यालय तथा,संरचनाहरुमा आगलागीको जोखिम । | गाउँपालिकाको कार्यालय, वडाकार्यालय, विद्यालय,स्वास्थ्य संस्था जस्ता सार्वजनिक ठाउँहरुमा फायर एक्सटीङ ग्विसर राख्ने । | गाउँपालिका | 500 | गाउँपालिका | | २०८२ भित्र |
| | | | **जम्मा** | **5800** | | | |

## ५.८.२.४ हावहुरीको जोखिम न्यूनिकरण सर्न्दभमा :

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनिकरणका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | बजेट रु हजारमा (000) | श्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| १ | जस्ताले छाएका विद्यालयहरु का छाना हावाले उडाउन सक्ने जोखिम । | सवै वडाका जस्ताले वनेका विद्यालयहरुका छाना मर्मत । | गाउँपालिका शिक्षा शाखा, विद्यालय | 2000 | गाउँपालिका | संघ र प्रदेश अन्तरगत शिक्षा विभाग,शिक्षा समन्वय इकाइ,संघ संस्था | २०८२ भित्र |
| २ | घर तथा सार्वजनिक संरचनाका छानाहरु कमजोर हुदा | घर तथा सार्वजनिक भवनहरुका छाना हावाहुरी प्रतिरोधी निर्माण गर्ने । | समुदाय,वडा कार्यालय,गाउँपालिका | 0 | समुदाय, गाउँपालिका | | निरन्तर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | हावाहुरीले उडाउन सक्ने । | | | | | | |
| १ | विद्यालयका झ्याल,ढोकाहरु कमजोर हुदा हावाहुरीको जोखिम । | विद्यालयका झ्याल, ढोका नियमित मर्मत सम्भार गर्ने । | विद्यालय , गाउँपालिका शिक्षा शाखा | 500 | गाउँपालिका | शिक्षा समन्वय इकाइ,संघ संस्था | प्रत्येक वर्ष |
| २ | प्लास्टिक टनेल हावाले उडाउन सक्ने जोखिम | अगुवा कृषकहरुलाइ टनेल मर्मत तालिम । | कृषि शाखा | 100 | गाउँपालिका | | प्रत्येक बर्ष |
| २ | हावहुरी बाट विद्युत सेवा अवरुद्ध हुन सक्ने । | घर नजिक रहेका विजुलीको पोललाई मर्मत गर्ने नजिक रहेको कमजोर तथा पुरानो र ढल्न सक्ने रूखहरूको काँटछाट गर्ने । | विद्युत प्राधिकरण,स्थानिय विद्युत आयोजना | 0 | विद्युत प्राधिकरण, स्थानिय विद्युत आयोजना | नेपाल विद्युत प्राधिकरण | प्रत्येक बर्ष |
| | हावहुरी बाट मकैबालीमा नोक्सानी हुन सक्ने । | होचो जातको मकै को विउ वितरण । | कृषि शाखा | 100 | गाउँपालिका | | प्रत्येक बर्ष |
| **जम्मा** | | | | **2700** | | | |

### ५.८.२.५ वन्यजन्तुको जोखिम न्यूनिकरण सन्दर्भमा :

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनिकरणका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | बजेट रु हजारमा ( ०००) | श्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| २ | बन्यजन्तुले गाउँपालिकाका वडाहरुमा बन्यजन्तुले अन्न,फलफुल, तरकारीमा नोक्सानी पुऱ्याउन। | सवै वडाका बन्यजन्तु प्रभावित वन क्षेत्रमा घेरावार गर्ने । | वन समुह ,वडा कार्यालय | 500 | गाउँपालिका | संघ र प्रदेश,वन विभाग, वन डिभिजन कार्यालय | २०८१ देखि |
| १ | | जनावरहरुलाई तर्साउनका लागि आवश्यक सामाग्रीहरु वाजा,लाइट,माइक को व्यवस्था र वितरण । | वन समुह,वडा कार्यालय | 400 | वनसमुह गाउँपालिका | संघ संस्था | २०८१ देखि |
| २ | | वन क्षेत्रमा वन्यजन्तुले मन पराउने फलफुल र विरुवा रोप्ने । | वन समुह,वडा कार्यालय | 200 | वनसमुह गाउँपालिका | संघ र प्रदेश,वन विभाग, वनडिभिजन कार्यालय | प्रत्येक वर्ष |
| २ | | वालि विमा गर्ने । | अगुवा कृषक,गाउँ कषि शाखा | 100 | गाउँपालिका | संघ र प्रदेश अन्तरगत कृषि विभाग,कृषि ज्ञान | प्रत्येक वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | केन्द्र | |
| **जम्मा** | | | | **1200** | | | |

### ५.८.२.६ वालिनालीमा किराको जोखिम न्यूनिकरण सर्न्दभमा :

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनिकरणका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | बजेट रु हजारमा ( ০০০) | श्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| १ | वालिनालिमा लाग्ने किरा ले अन्नवालि मा नोक्सान । | वालिनालिमा लाग्ने किरा नियन्त्रणका लागी समयमै वडा कार्यालयमा औषधि भण्डारण । | वडा कार्यालय,गाउँ कृषि शाखा | 500 | गाउँपालिका | संघ र प्रदेश अन्तरगत कृषि विभाग,कृषि ज्ञान केन्द्र,संघ संस्था | प्रत्येक वर्ष |
| २ | वालिनालिमा लाग्ने किरा ले अन्नवालि मा नोक्सान । | वालिनालिमा लाग्ने किरा नियन्त्रणका लागी जैविक विषादी तयारी र भण्डारण । | गाउँ कृषि शाखा | 1000 | गाउँपालिका | संघ र प्रदेश अन्तरगत कृषि विभाग,कृषि ज्ञान केन्द्र,संघ संस्था | प्रत्येक वर्ष |
| १ | रोगले मासिएको बालीको सुरक्षित व्यवस्थापन नगरिदा थप जोखिम बढ्ने । | रोग किराले नोक्सान गर्दा बर्षेनी दोहोरिने र अन्यन्त्र फैलिने भएकोले बालीलाई सुरक्षित रुपमा विर्सजन गर्न किसानलाइ प्राविधिक सहयोग । | गाउँ कृषि शाखा | 500 | गाउँपालिका | संघ र प्रदेश अन्तरगत कृषि विभाग,कृषि ज्ञान केन्द्र,संघ संस्था | प्रकोपको समयमा |
| १ | वालिनालिमा लाग्ने किरा ले अन्नवालि मा नोक्सान । | कृषिबालीको लागि माटोमा हुनु पर्ने प्राङ्गारिक तत्वको बार्षिकरुपमा जाच गर्ने । | गाउँ कृषि शाखा | 100 | गाउँपालिका | संघ र प्रदेश अन्तरगत कृषि विभाग,कृषि ज्ञान केन्द्र,संघ संस्था | प्रत्येक वर्ष |
| **जम्मा** | | | | **2100** | | | |

### ५.८.२.७ चट्याङको जोखिम न्यूनिकरण सन्दर्भमा :

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनिकरणका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | बजेट | श्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| १ | विद्यालयहरुमा चट्याङ प्रतिरोधि प्रणाली जडान नहुदा मानविय तथा भौतिक क्षति हुन सक्ने । | गाउँपालिकाका सवै विद्यालय हरुमा चट्याङ प्रतिरोधि प्रणाली जडान गर्ने । | गाउँपालिका शिक्षा शाखा, विद्यालय | 1000 | गाउँपालिका | संघसस्था | २०८२ भित्र |
| २ | घरहरुमा अथिर्ङ नगर्दा मानविय तथा भौतिक क्षति हुन सक्ने । | घर निर्माण गर्दा अनिवार्य अर्थिङ गर्न प्रोत्साहन गर्ने । | गाउँपालिका ,वडा कार्यालय | 0 | गाउँपालिका | संघसस्था | निरन्तर |
| १ | स्वास्थ्यसंस्था तथा सार्वजनिक संरचना हरुमा चट्याङ प्रतिरोधि प्रणाली जडान नहुदा मानविय तथा भौतिक क्षति हुन सक्ने । | गाउँपालिकाका स्वास्थ्यचौकी लगायतका सार्वजनिक भवनहरुमा चट्याङ प्रतिरोधि प्रणाली जडान गर्ने । | गाउँपालिका ,गाउँ स्वास्थ्य शाखा,वडा कार्यालय | 1000 | गाउँपालिका | सहरी विकास तथा भवन कार्यालय संघसस्था | निरन्तर |
| १ | बस्ती नजिक बिजुलीका पोल, तार तथा ठूला रूखहरूको हुदा चट्याङ ले क्षति गर्न सक्ने जोखिम । | बस्ती नजिक रहेका बिजुलीका पोल, तारको मर्मत तथा ठूला रूखहरूको काट छाट गर्ने । | गाउँपालिका ,वडा कार्यालय | 300 | गाउँपालिका | विद्युत कार्यालय,वन डिभिजन कार्यालय | प्रत्येक वर्ष |
| २ | विद्युतिय पोल, तार व्यवस्थित नहुदा चट्याङ ले क्षति गर्न सक्ने जोखिम | विद्युतीय लाइन तथा तारहरुलाई व्यवस्थित गर्ने | गाउँपालिका ,वडा कार्यालय | 300 | गाउँपालिका | विद्युत कार्यालय, | आवस्यकता अनुसार |
| २ | घर भित्रका विजुलिका तार व्यवस्थित नहुदा चट्याङ ले क्षति गर्न सक्ने जोखिम | घर भित्रका विजुलिका तार व्यवस्थित गर्ने । | समुदाय | 0 | वडा कार्यालय | | निरन्तर |
| | | | **जम्मा** | **2600** | | | |

### ५.८.२.८ असीनाको जोखिम न्यूनिकरण सन्दर्भमा :

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनिकरणका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | बजेट रु हजारमा ( ०००) | श्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| १ | असिनाका कारण अन्न तथा | रैथाने र छिटो पाक्ने | गाउँपालिका कृषि | 1000 | गाउँपालिका | संघ रप्रदेशअन्तरगत कृषि | प्रत्येक वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तरकारी वालिमा क्षति | वालिहरुको खेति विस्तार | शाखा | | | विभाग,कृषि ज्ञान केन्द्र,संघ संस्था | |
| १ | असिनाका कारण अन्न तथा तरकारी वालिमा क्षति | प्लाष्टिक टनेल खेती विस्तार तथा,अन्य सामाग्री वितरण | गाउँपालिका कृषि शाखा | 3000 | गाउँपालिका | संघ रप्रदेशअन्तरगत कृषि विभाग,कृषि ज्ञान केन्द्र,संघ संस्था | प्रत्येक वर्ष |
| ३ | कृषि उत्पादन असिनावाट क्षति | असिना प्रभावित किसान हरु लाइ राहत र क्षतिपुर्तिको व्यवस्था | गाउँपालिका कृषि शाखा | 2000 | गाउँपालिका | संघ रप्रदेशअन्तरगत कृषि विभाग,कृषि ज्ञान केन्द्र,संघ संस्था | प्रत्येक वर्ष |
| १ | कृषि उत्पादन असिनावाट क्षति | वालि विमा गर्ने | गाउँपालिका कृषि शाखा | 0 | गाउँपालिका | संघ रप्रदेशअन्तरगत कृषि विभाग,कृषि ज्ञान केन्द्र,संघ संस्था | २ वर्ष भित्र |
| | | | **जम्मा** | **6000** | | | |

### ५.८.२.९ खडेरीको जोखिम न्यूनिकरण सर्न्दभमा :

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनिकरणका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | बजेट रु हजारमा ( ०००) | श्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| १ | पर्याप्त सिंचाइ सुविधा नहुदा खडेरी पर्दा अन्नवाली सुक्नु । | सवै वडाहरुमा सिंचाइ सुविधा विस्तार । | गाउँपालिका, वडा कार्यालय | 10000 | गाउँपालिका | संघ र प्रदेश,सिंचाइ विभाग,जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | ५ वर्ष भित्र |
| २ | पिदबाट सिंचाइ कुला भत्कदा सिंचाइ नहुदा जमिन र अन्नवाली सुक्नु । | गाउँपालिका क्षेत्रका सवै कुला नहरहरुको नियमित मर्मत सम्भार । | गाउँपालिका, गाउँपालिका कृषि शाखा | 2000 | गाउँपालिका | संघ र प्रदेश,सिंचाइ विभाग,जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | प्रत्येक वर्ष मनसुन पछि |
| ४ | वैकल्पिक सिचाइ प्रणाली नहुदा जमिन र अन्नवाली सुक्नु । | सवै वडाहरुमा सिंचाइ पोखरी निर्माण । | गाउँपालिका कृषि शाखा | 2000 | गाउँपालिका | संघ र प्रदेश,सिंचाइ विभाग,जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | ४ वर्ष भित्र |
| २ | कृषक को उत्पादन | बेमौसमी तरकारी खेती विस्तार । | गाउँपालिका | 500 | गाउँपालिका | संघ र प्रदेश,सिंचाइ विभाग,जलश्रोत | प्रत्येक वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घट्नु । | | कृषि शाखा | | | तथा सिंचाइ विकास डिभिजन कार्यालय | |
| १ | खडेरी का कारण पानीका मुहानहरु सुक्नु । | गाउँपालिका भित्रका सवै पानीका श्रोत तथा मुहान संरक्षण,मर्मत । | गाउँपालिका | 500 | गाउँपालिका | संघ र प्रदेश,सिंचाइ विभाग,जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | प्रत्येक वर्ष |
| २ | परम्परागत पोखरी नास हुदै जानु । | परम्परागत पोखरी हरुको संरक्षण । | गाउँपालिका | 500 | गाउँपालिका | संघ र प्रदेश,सिंचाइ विभाग,जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | प्रत्येक वर्ष |
| **जम्मा** | | | | **15500** | | | |

### ५.८.२.१० महामारीको जोखिम न्यूनिकरण सर्न्दभमा :

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनिकरणका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | बजेट रु हजारमा (000) | श्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाहृय | |
| १ | सरसफाइ को कमीले महामारी फैलने जेखिम | सवै वडाहरुमा पूर्ण सरसफाई कार्यक्रम संचालन गर्ने | गाउँपालिका तथा वडा स्तरिय खानेपानी तथा सरसफाइ स्वच्छता समिति | 1000 | गाउँपालिका | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, संघसंस्था | निरन्तर |
| २ | सरसफाइ को कमी तथा विपदपश्चात महामारी फैलने जोखिम | स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्ति व्यवस्थापन | गाउँपालिका स्वास्थ्य शाखा,स्वास्थ्य संस्था | 1000 | गाउँपालिका | गाउँपालिका | २०८१देखि निरन्तर |
| १ | सरसफाइ को कमी तथा विपदपश्चात महामारी फैलने जोखिम | स्वास्थ्य संस्थाहरुमा झाडापखाला, रुघाखोकी लगायत किटजन्य रोगका औषधीको बफर स्टक राख्ने | गाउँपालिका स्वास्थ्य शाखा,स्वास्थ्य संस्था | 2000 | गाउँपालिका | जनस्वास्थ्य कार्यालय, स्वास्थ्य विभाग | निरन्तर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सरसफाइ को कमी तथा महामारी फैलने जोखिम | विद्यालय सरसफाइ कार्यक्रम सञ्चालन | गाउँपालिका तथा वडा स्तरिय खानेपानी तथा सरसफाइ स्वच्छता समिति गाउँपालिका शिक्षा शाखा,विद्यालय | 500 | गाउँपालिका | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय,युनिसेफ,रेडक्रस | प्रत्येक वर्ष |
| १ | पशुहरुमा संक्रामक रोग फैलने जोखिम | पशुहरुलाइ नियमित भ्याक्सिीन दिने | गाउँपालिका पशु विकास शाखा | 500 | गाउँपालिका | भेटनरि अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र संघसस्था | निरन्तर |
| १ | दुषित पानी पिउदा पानी जन्य रोग वढ्ने जोखिम | पानी सुद्धिकरण का विधि वारै समुदायमा सामाग्री वितरण | गाउँपालिका तथा वडा स्तरिय खानेपानी तथा सरसफाइ स्वच्छता समिति, गाउँपालिका | 500 | गाउँपालिका | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय,युनिसेफ,रेडक्रस | निरन्तर |
| १ | पानीका मूल दुषित हुदा फोहर पानी पिउदा पानी जन्य रोग वढ्ने जोखिम | खानेपानी मुहानहरुको सरसफाइ | गाउँपालिका तथा वडा स्तरिय खानेपानी तथा सरसफाइ स्वच्छता समिति, गाउँपालिका | 300 | गाउँपालिका | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय,युनिसेफ,रेडक्रस | निरन्तर |
| | | | **जम्मा** | **5800** | | | |

### ५.८.२.११ जलवायु परिवर्तन तथा अनुकुलनका कार्यहरु :

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | जोखिम न्यूनिकरणका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | बजेट रु. हजारमा (000) | श्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| १ | जलवायु परिवर्तनबाट गाउँपालिकामा कृषि तथा खाद्य सुरक्षा, जलश्रोत तथा उर्जा, वन तथा जैविक विविधता,मानव स्वास्थ्य, जल उत्पन्न प्रकोप र शहरीकरण | बृक्षा रोपण कार्यक्रम | वडा तथा गाउँपालिका | 200 | गाउँपालिका | संघसंस्थाहरु | प्रत्येक वर्ष |
| २ | | हरितगृह ग्यास वा कार्वन डाइअक्साइड उत्पादन हुने सामग्रीको प्रयोग कम गर्ने बारे सचेतना | वडा तथा गाउँपालिका | 300 | गाउँपालिका | संघसंस्थाहरु | प्रत्येक वर्ष |
| २ | | नविकरणिय उर्जा प्रयोगमा जोड दिन सचेतना | वडा तथा गाउँपालिका | 100 | गाउँपालिका | संघसंस्थाहरु | प्रत्येक वर्ष |
| १ | | खडेरी सहन सक्ने विउविजन वितरण | कृषि शाखा, | 500 | गाउँपालिका | संघसंस्थाहरु | प्रत्येक वर्ष |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा वासस्थानमा असर | | वडा कार्यालय | | | | |
| १ | | फोहर वर्गिकरण बारे समुदायमा सचेतना | वडा तथा गाउँपालिका | 200 | गाउँपालिका | संघसंस्थाहरु | प्रत्येक वर्ष |
| १ | | जैविक मल उत्पादन बारे किसानलाइ तालिम | कृषिशाखा | 300 | गाउँपालिका | संघसंस्थाहरु | २०८१ देखि |
| १ | | किसानहरुलाइ जैविक विषादी बनाउने र प्रयोग गर्ने तालिम | कृषिशाखा | 200 | गाउँपालिका | संघसंस्थाहरु | २०८१ देखि |
| १ | | किसानहरुलाइ बालि विविधकरण बारे तालिम | कृषि शाखा | 300 | गाउँपालिका | संघसंस्थाहरु | प्रत्येक वर्ष |
| २ | | प्राङ्गारिक खेती विस्तार | कृषि शाखा | 500 | गाउँपालिका | संघसंस्थाहरु | प्रत्येक वर्ष |
| २ | | फोहोर व्यवस्थापनका लागी विसर्जन केन्द्र स्थापना | गाउँपालिका | 500 | गाउँपालिका | संघसंस्थाहरु | प्रत्येक वर्ष |
| | | | **जम्मा** | **3100** | | | |
| **कुल जम्मा वजेट** | | | | **104700** | | | |

### ५.८.४ पुर्नलाभ अन्तरगतका अर्न्तगत पुर्नस्थापना र पुनर्निर्माणकाकार्यहरु :

गाउँपालिकामा भूकम्प,पहिरो,बाढी को विपद् पछि प्रतिकार्यको चरण पार गर्दा नगर्दै समुदायको पर्नलाभका लागि क्षतिग्रस्त भौतिक संरचनाको मर्मत-सम्भार तथा पुनर्निर्माण गर्न र भविष्यमा पर्नसक्ने त्यस्तै विपद्को सामना गर्न आवश्यक क्रियाकलाप मार्फत परेको प्रभाव र भएको क्षतिको विश्लेषण गरी जनजीवनलाई सामान्य बनाउन, पूर्ण विस्थापित परिवारको पुनःस्थापना गर्न, आवश्यक व्यवस्थापनका क्रियाकलाप निम्नबमोजिमको ढाँचामा उल्लेख गरिएको छ।

### ५.८.४.१ भुकम्पको संदर्भमा पुर्नलाभ अन्तरगतका कार्यहरु :

| प्राथमिकता क्रम | मुख्य समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्वेवारी | स्रोत व्यवस्थापन | | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| १ | भौतिक संरचना जस्तै घर तथा सरकारी भवन | सामान्य बिग्रिएका भत्किएका तथा चर्किएका संरचनालाई तालिम प्राप्त प्राविधिकको सल्लाह अनुसार मर्मत संभारलाई पहल गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | गाउँपालिका | संघ,प्रदेश सरकार र विकास साझेदार | २ वर्ष भित्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भत्कने तथा चर्कने | | | | | |
